# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक १८३ शुक्रबार, ५ भदौ २०८३ | SOURYA NATIONAL DAILY | Friday, 21 August 2026 पृष्ठ : ८ मूल्य रु. ५



बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा त भयो, संरक्षणमा चुनौती



पृष्ठ २

उपत्यकाका सार्वजनिक सवारीसाधन अब मोबाइलबाटै ट्र्याक



पृष्ठ ३

धान-गहुँको चक्र तोडौँ : दलहन लगाऔँ, माटो जोगाऔँ



पृष्ठ ५

वैदेशिक सहायतालाई कोषमार्फत परिचालन गर्न निर्देशन



पृष्ठ ७


# मनसुनी विपद्को कहर : २ महिनामै ७१ जनाको लियो ज्यान

■ कृष्ण उप्रेती

काठमाडौँ । गत साउन २८ गते रोल्पाको थबाङस्थित कोटलबाराको पहिरोमा एकै बस्तीका १३ जनाको मृत्यु भयो । त्यस्तै, साउन २९ गते रोल्पाको सुनछहरी गाउँपालिका-२ भित्रीगाम, फल्बाङमा पहिरोले २ वटा घर पुरिँदा ४ जनाको मृत्यु भयो भने ३० गते रोल्पाकै लुंग्री गाउँपालिका-५ धैरेनीमा पहिरोले घर पुरिँदा ७२ वर्षीया वृद्धाको ज्यान गयो । साउन २९ गते जाजरकोटको नलगाड नगरपालिका-१० मा तासुघाट खोलामा आएको बाढीले ४ वटा घर, एउटा खाजा पसल र एउटा झोलुंगे पुल बगायो । सोही दिन कास्कीको अन्नपूर्ण गाउँपालिका-५ हाईजुङस्थित मोदी खोलामा आएको बाढीले पनि ठुलो क्षति पुऱ्यायो । भदौ २ गते मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१९ स्थित वासुदेव खोलामा आएको बाढीले ४ बालबालिकालाई बगाएकामा १ जनाको ज्यान जोगियो भने ३ जना जोगिन सकेनन् ।

यी यस वर्षको मनसुन सुरु भएयताका पछिल्ला केही मनसुनजन्य विपद्का घटना हुन् । नेपालमा मनसुन भित्रिएको २ महिना नबित्दै देशभर बाढी र पहिरोजस्ता प्राकृतिक विपद्ले भयावह रूप लिएको छ । असार ५ गते नेपाल भित्रिएको मनसुन १६ गते हुँदा देशभर फैलिएको थियो । मनसुन सुरु भएयताको २ महिनामा अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण ५६ जनाको ज्यान गइसकेको छ । चट्याङ र भारी वर्षासहित मनसुनजन्य अन्य विपद्समेत जोड्दा मृत्यु हुनेको संख्या ७१ पुगेको छ । यस पटकको मनसुन मानवीय तथा भौतिक दुवै हिसाबले घातक बनिरहेको छ । देशका विभिन्न भागमा गएका ठुला पहिरो र नदीमा आएको भिषण बाढीका कारण कैयौँ परिवार विस्थापित भएका छन् भने करोडौँको भौतिक क्षति पुगेको छ ।

### विपद्का घटना र जनधनको क्षति

मनसुन सुरु भएयता असार ५ देखि भदौ ३ सम्मको तथ्यांकअनुसार २ महिनाको अवधिमा बाढी, पहिरो, चट्याङ र भारी वर्षाका १ हजार ४२४ वटा घटना रेकर्ड भएका छन् । जसमा ७१ जनाको मृत्यु, ९ जना बेपत्ता र १२३ जना घाइते भएका छन् । यी विपद्बाट १ हजार ६७६ परिवार प्रभावित भएका छन् । भौतिकतर्फ १११ घरमा आंशिक, ७८ घरमा पूर्ण र १७ वटा पुलमा क्षति पुगेको छ । ६५ गोठ र २६५ पशुचौपायाको क्षति भएको छ । यस अवधिमा कुल अनुमानित ४ करोड ४६ लाख ३ हजार ३०० रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ । मनसुनजन्य विपद्का घटनामध्ये ८६९ वटा पहिरोमा ३९ जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता भएका छन् । ३१ पुरुष र १७ महिलासहित ४८ जना घाइते भएका छन् । पहिरोबाट ८१७ परिवार प्रभावित भएका छन् भने ४५ घरमा आंशिक, ४२ घरमा पूर्ण र १० वटा पुलमा क्षति पुगेको छ । साथै, ३१ गोठ र ५७ पशुचौपायाको क्षतिसहित अनुमानित १ करोड १७ लाख ४० हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

**पहिरो**
घटना : ८६९ वटा
मृत्यु : ३९ जना
बेपत्ता : २ जना
घाइते : ४८ जना
प्रभावित परिवार : ८१७

**बाढी**
घटना : २०५ वटा
मृत्यु : १७ जना
बेपत्ता : ७ जना
घाइते : १० जना
प्रभावित परिवार : ४५८

**चट्याङ**
घटना : ८३ वटा
मृत्यु : १४ जना
घाइते : ५३ जना
प्रभावित परिवार : ११२

**भारी वर्षा**
घटना : २६७ वटा
मृत्यु : १ जना
घाइते : १२ जना
प्रभावित परिवार : २८९





## पहिरोको संख्यामा भयावह वृद्धि

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पछिल्ला वर्षको तथ्यांक केलाउँदा पहिरोका घटना हरेक वर्ष भयावह रूपमा बढ्दै गएको देखिन्छ । प्राधिकरणकी प्रवक्ता शान्ति महत पनि अघिल्ला वर्षको तुलनामा यस पटक पहिरोका घटना निकै बढेको बताउँछिन् । आर्थिक वर्ष २०८०/८१ मा ६५० वटा पहिरोका घटना रेकर्ड भएकामा २०८१/८२ मा यो संख्या बढेर ७५६ पुगेको थियो । उक्त वर्ष पहिरोमा मात्रै ७७ जनाले ज्यान गुमाएका थिए । आर्थिक वर्ष २०८२/८३ मा ८९५ वटा पहिरोका घटनामा ८० जनाको मृत्यु भएको थियो । तर, आर्थिक वर्ष २०८३/८४ को पहिलो १ महिनामै ८६९ वटा पहिरोका घटना रेकर्ड भइसकेका छन् ।

यस वर्षको मनसुन बाँकी नै रहेको र मनसुनपछि हुने सुक्खा पहिरो तथा हिउँदे वर्षा पनि बाँकी रहेकाले यो वर्ष पहिरोको अवस्था अझ भयावह बन्न सक्ने देखिन्छ । विशेष गरी पहिरोको उच्च जोखिममा रहेका बस्ती स्थानान्तरणमा स्थानीय तहले बेवास्ता गर्दा यस्तो अवस्था आएको देखिन्छ । जोखिमयुक्त बस्तीको पहिचानदेखि स्थानान्तरणका लागि ठाउँ छनोटसम्मको काम स्थानीय तहले नै गर्नुपर्ने हुन्छ । तर, मनसुनको समयमा बाहेक विपद्का घटनाप्रति कतिपय स्थानीय तह बेखबरजस्तै बन्दा ठुलो दुर्घटना निम्तिने गरेको छ ।

स्थानीय तहले सम्भावित जोखिम क्षेत्र पहिचान गरी पत्राचार नगर्दा त्यस्ता ठाउँको भौगर्भिक अध्ययन गर्नसमेत समस्या भइरहेको प्राधिकरणकी प्रवक्ता महत बताउँछिन् । 'यसका लागि स्थानीय नै बढी सक्रिय हुने हो । सम्बन्धित पालिकाले आफ्नो क्षेत्रमा पर्ने जोखिमयुक्त बस्तीबारे हामीलाई जानकारी गराउनुभयो भने हामी भौगर्भिक अध्ययन गरेर स्थानान्तरण गर्नुपर्ने/नपर्नेबारे जानकारी दिन सक्छौँ,' महत भन्छिन्, 'अध्ययनका क्रममा स्थानान्तरण आवश्यक देखिएका बस्ती समयमै सार्न सके मानवीय क्षति निकै कम हुन्थ्यो ।'

# राप्रपालाई दुईचिरा पारेर मुख्यमन्त्रीको कुर्सीमा किरण थापा

■ सौर्य समाचार

काठमाडौँ । पार्टीभित्रको लामो विवाद र संघर्षपछि एमालेका किरण थापामगरले बिहीबार बाग्मती प्रदेशको मुख्यमन्त्रीको कार्यभार टेकओभर गरे । तर, एमालेको आन्तरिक विवाद तत्कालका लागि साम्य भए पनि यसको साइडइफेक्ट भने राष्ट्रिय प्रजातन्त्र पार्टीमा परेको छ । बाग्मतीमा एमालेलाई मुख्यमन्त्री बनाउन अंकगणितमा राप्रपा नै निर्णायक थियो । तर, राप्रपा केन्द्रले सुरुदेखि नै मुख्यमन्त्रीका लागि कसैलाई नसघाउने भन्दै परिपत्र नै गरेको थियो । तर, अन्तिम समयमा राप्रपासहितको समर्थनमा थापाले मुख्यमन्त्रीको दाबी पेस गरे । एमाले, नेकपा र राप्रपाको समर्थनमा मुख्यमन्त्री बनेका थापालाई एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ सांसदको समर्थन छ । ६३ सांसदको समर्थनमा थापा मुख्यमन्त्री बने पनि यसले राप्रपालाई भने दुईचिरा बनाएको छ ।



राप्रपाको केन्द्रीय तहले गत साउन २० मै प्रदेश दलका नेता उद्धव थापालाई 'केन्द्रको निर्देशनबिना कुनै निर्णय नलिनू' भन्दै पत्राचार गरेको थियो । तर, अन्तिम समयमा थापाले एमालेका थापामगरलाई मुख्यमन्त्री बन्न सहज बनाउँदै केन्द्रको निर्देशनविपरीत ३ मन्त्रीसहित समर्थन गरिदिए । तर, उनको उक्त कदम अहिले उनकै लागि भारी भएको छ । केन्द्रको निर्णयविपरीत मुख्यमन्त्रीमा समर्थन गरेको भन्दै बिहीबार बसेको राप्रपाको केन्द्रीय कार्यसम्पादन समिति बैठकले प्रदेश सांसदको पदसँगै थापालाई पार्टी सदस्यताबाटै निष्कासन गऱ्यो । संसदीय दलका नेता थापालाई कारबाही गरेको राप्रपाले सरकारमा सहभागी हुनेलाई पनि कारबाही गर्ने बताइसकेको छ । योसँगै मन्त्री बनेका थप ३ जना सांसद पनि कारबाहीमा पर्ने देखिएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

■ प्रधानमन्त्रीले दबाब दिएको प्रश्नमा अख्तियार प्रमुख राईले भने–

# 'पासपोर्टको मुद्दा लानुअघि छलफल गरेकै हो'

■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले पासपोर्ट ठेक्का प्रकरणमा मुद्दा अघि बढाउनुअघि प्रधानमन्त्रीसँग छलफल भएको स्वीकार गरेका छन् । बिहीबार बसेको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरूको प्रश्नको जबाफ दिँदै राईले प्रधानमन्त्रीको बोलावटमा आफूहरू प्रधानमन्त्री कार्यालय पुगेको र छलफलपछि मुद्दालाई तीव्रता दिइएको बताएका हुन् ।

राईका अनुसार प्रधानमन्त्रीले पासपोर्ट प्रकरणमा के भइरहेको छ र आयोगले के गरिरहेको छ भन्नेबारे छलफल तथा सुझाव लिन बोलाएका थिए । 'हामी गयौँ, छलफल गऱ्यौँ । हेरेर यसलाई लगिदिए हुन्थ्यो, तीव्रता दिइदिए हुन्थ्यो भन्नुभयो । हामीले गऱ्यौँ । त्यसैले मुद्दा पनि लग्यौँ,' उनले भने । मुद्दा दर्ता भइसकेकाले अभियोजन ठीक थियो कि थिएन र कुनै कैफियत छ कि छैन भन्ने विषय त्यसको अध्ययनबाट मूल्यांकन गर्न सकिने उनले बताए । प्रधानमन्त्री कार्यालयमा अख्तियारका अधिकारीलाई करिब ७ घन्टा राखिएको र विभिन्न व्यक्तिलाई मुद्दा चलाउन दबाब दिइएको विषयमा भने राईले थप बोल्न चाहेनन् ।

बैठकमा सांसद अमरेशकुमार सिंहले संवैधानिक अंग अख्तियारमाथि प्रधानमन्त्री कार्यालयबाट दबाब दिन नमिल्ने भन्दै कडा प्रश्न उठाए । 'अख्तियार संवैधानिक अंग हो कि प्रधानमन्त्री कार्यालयको शाखा हो ?' भन्दै उनले प्रधानमन्त्रीले बोलाउँदैमा अख्तियारका पदाधिकारी जान नहुने र आवश्यक परे औपचारिक पत्र माग गर्नुपर्ने बताए । 'प्रधानमन्त्री हुँदैमा कोही राजा हुँदैन, सांसद रैती हुँदैन,' सिंहले भने ।

यस्तै, रास्वपा सभापति रवि लामिछानेले अख्तियार प्रमुखलाई ज्यान मार्ने धम्की आउनु र प्रधानमन्त्री कार्यालयमै थुनिएको विषय बाहिर आउनु गम्भीर भएको बताए । यस्तो वातावरणमा आयोगका अधिकारीले कसरी निष्पक्ष काम गर्न सक्छन् भन्ने प्रश्न गर्दै उनले अख्तियार सरकारको छाया नभएको स्पष्ट पारे । 'अख्तियार न सरकारको छाया हो, न सरकारले यसलाई माया गरेर राख्नुपर्छ,' लामिछानेले भने, 'बिनापूर्वाग्रह काम गर्नुहोस्, इतिहास रच्नुहोस् ।' उनले अख्तियारको कामकारबाहीमा राजनीतिक हस्तक्षेप नहुने प्रतिबद्धता पनि जनाए ।

लामिछानेले अनुसन्धान र अभियोजनलाई वस्तुनिष्ठ र व्यवस्थित बनाउनुपर्नेमा जोड दिँदै त्यसका कारण व्यक्ति, परिवार र सामाजिक प्रतिष्ठामा पर्ने असरबारे पनि संवेदनशील हुनुपर्ने बताए । अदालतमा मुद्दा दर्ता हुनेबित्तिकै सार्वजनिक पद निलम्बन हुने अवस्थाले सफाइ पाएपछि समेत व्यक्तिको व्यक्तिगत, पारिवारिक र व्यावसायिक जीवनमा क्षति पुग्ने भन्दै उनले प्रमाणका आधारमा मात्रै अभियोजन गर्न आग्रह गरे । ▸▸▸ बाँकी पृष्ठ ६



स्वदेशी उत्पादनको प्रवर्द्धन

# १२ वर्षदेखि घोषणाको होड, अग्निपरीक्षामा बालेन सरकार



■ केशव भट्ट

काठमाडौँ । प्रधानमन्त्री कार्यालयले सबै सरकारी निकायलाई स्वदेशी उत्पादन र सेवाको उपयोगलाई प्राथमिकता दिन निर्देशन दिएको छ । यो निर्देशनसँगै विगत १२ वर्षदेखि हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकताका साथ समेटिँदै आए पनि कार्यान्वयनमा कमजोर देखिएको स्वदेशी वस्तुको प्रयोगको विषय फेरि चर्चामा आएको छ । राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक उत्पादनको योगदान बढाउने, बढ्दो आयात प्रतिस्थापन गर्ने, स्थानीय सीप तथा उद्यमको संरक्षण र स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री वालेन्द्र शाहले मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ पालना गर्न निर्देशन दिएका हुन् । सार्वजनिक खरिद ऐन, २०६३ लगायत प्रचलित कानुनअनुसार वस्तुको उपलब्धता, गुणस्तर, मूल्य र सुरक्षाको मापदण्ड सुनिश्चित गर्दै स्वदेशी मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ ।

### १२ वर्षदेखि घोषणाकै पुलिन्दा !

२०७१ सालमा सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोगसम्बन्धी निर्देशिका जारी भएयता यो विषय कागजमा भने निरन्तर प्राथमिकतामा छ । तर, १२ वर्षको उपलब्धि भने न्यून देखिन्छ । सरकारी निकायमा आपूर्ति हुने वस्तुमध्ये करिब १५ प्रतिशत मात्र स्वदेशी उत्पादन रहेको बताइन्छ । निर्देशन र नीतिको चर्चा भइरहे पनि कार्यान्वयन कमजोर हुँदा अभियानले अपेक्षित गति लिन सकेको छैन । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ 'निर्देशन होइन, खरिद नै बढाउनुपर्छ'

पटक-पटक निर्देशन जारी हुने र बजेटसमेत छुट्याइए पनि कार्यान्वयनमा उपलब्धि नदेखिएको उद्योगीहरूको गुनासो छ । स्वदेशी उत्पादनलाई प्राथमिकता दिन सके अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अर्थविद्हरू बताउँछन् । उनीहरूका अनुसार स्वदेशी उत्पादन बढ्दा रोजगारी सिर्जना, आयात प्रतिस्थापन र आन्तरिक अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्छ । हाल नेपालमा ९ लाख ८४ हजार साना तथा घरेलु उद्योग रहेको र ती उद्योगमा ३० लाखभन्दा बढी जनशक्ति कार्यरत रहेको अनुमान छ । विशेष गरी यस्ता उद्योगबाट उत्पादित वस्तु सरकारले खरिद गर्ने हो भने उद्योग विस्तारसँगै रोजगारी र उत्पादन बढ्ने व्यवसायीहरूको भनाइ छ ।

उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कृष्णप्रसाद शर्माले नेपाली उत्पादनको प्रयोग बढाउँदा स्थानीय उद्यमीलाई प्रोत्साहन मिल्ने भएकाले सरकारी खरिदमा स्वदेशी उत्पादनलाई पहिलो प्राथमिकता दिनु स्वागतयोग्य भएको बताए । 'राज्यले नै नेतृत्व लिएर स्वदेशी वस्तुको खपत बढाएमा बजारमा निजी क्षेत्र प्रोत्साहित हुने र समग्र बजारीकरणमा सुधार आउने देखिन्छ,' उनले भने । नेपाली उत्पादन र विदेशी सामग्रीको लागतमा अन्तर भए राज्यले नीतिगत व्यवस्थापन र सहजीकरण गर्नुपर्ने उनले बताए । स्वदेशी स्रोत-साधनको उपयोग बढाउँदा मुलुकभित्रै रोजगारी र श्रमिकको माग बढ्ने उनको भनाइ छ । निर्माण, विद्युत् र कृषि क्षेत्रमा स्वदेशी उत्पादनको प्रयोग बढाएर वार्षिक अर्बौं रुपैयाँ बाहिरिनबाट रोक्न सकिने उनले बताए । घरेलु तथा साना उद्योग महासंघका निवर्तमान अध्यक्ष उमेशप्रसाद सिंह कम्तीमा १० जना प्रधानमन्त्रीको कार्यकालमा यस्ता निर्देशन आए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको बताउँछन् । ▸▸▸ बाँकी पृष्ठ ६

# बडीमालिका–रामारोशन वन संरक्षण क्षेत्र घोषणा त भयो, संरक्षणमा चुनौती

इन्द्राकुमारी केसी



कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले बाजुराको बडीमालिका र अछामको रामारोशन क्षेत्रलाई समेटेर बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरेको छ । जैविक विविधता, वन्यजन्तु तथा प्राकृतिक स्रोत संरक्षणसँगै पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको घोषणासँगै प्रदेशमा संरक्षण क्षेत्रको दायरा थप विस्तार भएको छ । प्रदेशका निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहले साउन २७ गते धनगढीमा आयोजित कार्यक्रममा संरक्षण क्षेत्र घोषणा गरेका हुन् । यसअघि साउन १९ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले उक्त क्षेत्रलाई वन संरक्षण क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो ।

प्रदेश वन ऐनअनुसार घोषणा गरिएको यो पहिलो वन संरक्षण क्षेत्र हो । संरक्षण क्षेत्रमा बाजुराको बडीमालिका नगरपालिका-५, ६, ७ र ८ तथा त्रिवेणी नगरपालिका-५, ६, ७ र ९ का क्षेत्र समेटिएका छन् । त्यस्तै अछामको मेल्लेख गाउँपालिका-१ र २ तथा रामारोशन गाउँपालिका-४, ५ र ६ समेत गरी कुल ४९८.४ वर्ग किलोमिटर क्षेत्रफल यसमा समेटिएको छ । बडीमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका लागि महत्त्वपूर्ण मानिन्छ भने रामारोशन तालतलैया, प्राकृतिक सौन्दर्य र जैविक विविधताका कारण परिचित छ । यी २ क्षेत्रलाई एउटै संरक्षण भूगोलमा समेटिएपछि वन, वन्यजन्तु र प्राकृतिक स्रोत संरक्षणसँगै पर्यटन विकासको सम्भावना बढ्ने अपेक्षा गरिएको छ । तर प्रदेशमा यसअघि घोषणा गरिएका संरक्षण क्षेत्रको व्यवस्थापन अनुभवले नयाँ घोषणापछि पनि चुनौती कम नभएको देखाउँछ ।

### विगतको अनुभवले उठाएको प्रश्न

कैलालीको वसन्ता र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र २०६८ फागुन १५ गते घोषणा भएका थिए । करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफलमा फैलिएका यी वन नेपाल-भारत सीमावर्ती महत्त्वपूर्ण जैविक मार्गका रूपमा रहेका छन् । तर घोषणा भएको करिब १५ वर्ष पुग्दा पनि व्यवस्थापनको आधारभूत दस्तावेजका रूपमा रहेको कार्ययोजना समयमै अद्यावधिक हुन सकेको छैन । नियमअनुसार प्रत्येक ५ वर्षमा नवीकरण हुनुपर्ने कार्ययोजना २०७३ मै नवीकरण हुनुपर्ने भए पनि प्रक्रिया लामो समयसम्म अघि बढ्न सकेन । कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, जनशक्ति परिचालन, समुदायको सहभागिता र दीर्घकालीन रणनीति कार्यान्वयनमा असर परेको छ । अछामका वरिष्ठ डिभिजनल वन अधिकृत केशव पराजुली नयाँ संरक्षण क्षेत्रमा विगतका समस्या दोहोरिन नदिन सुरुदेखि नै अवस्थाको अध्ययन गरी स्पष्ट व्यवस्थापन योजना बनाउनुपर्ने बताउँछन् । संरक्षणलाई स्थानीय समुदायको जीविकोपार्जनसँग जोड्न सके उनीहरूको अपनत्व बढ्ने उनको भनाइ छ ।

### कानुनी अन्योल र बजेट अभाव

वसन्ता तथा लालझाडी-मोहना वन संरक्षण क्षेत्र व्यवस्थापनमा संघ र प्रदेशबीचको अधिकार क्षेत्रसम्बन्धी अन्योल पनि देखिएको छ । संघीय वन नियमावली, २०७९ ले वन तथा भू-संरक्षण विभागमार्फत कार्ययोजना तयार गरी संघीय मन्त्रालयबाट स्वीकृत गराउने व्यवस्था गरेको छ भने प्रदेश वन ऐन, २०७७ ले डिभिजन वन कार्यालयले कार्ययोजना तयार गरी प्रदेश मन्त्रालयबाट स्वीकृत गर्ने व्यवस्था गरेको छ । एउटै विषयमा २ तहका कानुनमा फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा समस्या देखिएको डिभिजनल वन अधिकृत जनक पाध्यालले बताए । बजेट अभाव अर्को प्रमुख चुनौती बनेको छ । डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशीका अनुसार गत आर्थिक वर्षमा लालझाडी-मोहना क्षेत्रका लागि छुट्टै बजेट नहुँदा संरक्षणका गतिविधि सञ्चालन गर्न कठिन भएको थियो ।

बजेट अभावकै कारण सहजकर्ता हटाउनुपरेको र अन्य व्यवस्थापनका कार्यक्रम पनि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको उनले बताए । कार्ययोजना र बजेटको अभावले संरक्षण क्षेत्र घोषणा गरे पनि त्यसअनुसार काम अघि बढ्न नसक्ने अर्को उदाहरण घोडाघोडी हो । प्रदेश सरकारले २०७८ फागुन २७ गते घोडाघोडीलाई नेपालको पहिलो 'चरा अभय आरण्य' घोषणा गरेको थियो । तर ५ वर्षको अवधिमा उक्त क्षेत्रका लागि जम्मा ५ लाख रुपैयाँ मात्र बजेट विनियोजन भएको छ । त्यसबाट मुख्यतः झाडी सफाइको काम भएको र कार्ययोजनासमेत बन्न नसकेको जनाइएको छ ।

### कार्ययोजना र बजेटलाई प्राथमिकता

विगतका समस्याबाट पाठ सिक्दै बडीमालिका-रामारोशन संरक्षण क्षेत्रका लागि घोषणा लगत्तै व्यवस्थापन योजना, आवश्यक बजेट र कार्यान्वयनको स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्ने देखिएको छ । प्रदेश वन निर्देशक हेमराज विष्ट संघ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायले एउटै योजनाअन्तर्गत स्रोत परिचालन गर्नुपर्ने बताउँछन् । 'घोषणा गर्दैमा संरक्षण हुने होइन, त्यसका लागि बजेट, जनशक्ति र कार्ययोजना चाहिन्छ,' उनी भन्छन् । उनका अनुसार राष्ट्रिय प्रकृति संरक्षण कोष, रेनफरेस्ट ट्रस्ट तथा स्थानीय तहबाट प्राप्त स्रोतसमेत गरी हाल करिब ५ करोड रुपैयाँको बजेट व्यवस्था छ ।

आर्थिक वर्ष २०८३/०८४ भित्र विस्तृत कार्ययोजना तयार गरी त्यसकै आधारमा संरक्षण, पर्यटन, जीविकोपार्जन र पूर्वाधार विकासका कार्यक्रम अघि बढाउने तयारी छ । रामारोशनदेखि त्रिवेणीसम्म पदमार्ग, शौचालय र क्याम्पिङजस्ता पूर्वाधार निर्माण गर्न सके पर्यटक बढ्नुका साथै स्थानीय गाइड, होटल तथा यातायात व्यवसायीले लाभ लिन सक्ने अपेक्षा गरिएको छ । संरक्षणका लागि 'एन्टी-पोचिङ युनिट'का जनशक्तिलाई आवश्यक तालिमसमेत दिइएको छ ।

### समुदायको सहभागिता अनिवार्य

बडीमालिका-रामारोशन संरक्षण क्षेत्र २ जिल्ला र ४ स्थानीय तहका विभिन्न वडालाई समेटेर घोषणा गरिएको हुँदा यहाँ संरक्षणसँगै स्थानीय समुदायको जीविकोपार्जन प्रत्यक्ष जोडिएको छ । त्यसैले संरक्षण योजनामा वन तथा वन्यजन्तुको सुरक्षासँगै स्थानीय आवश्यकता र समुदायको भूमिकालाई प्राथमिकता दिनुपर्ने देखिन्छ । प्रदेश सरकारका प्रमुख सचिव बैकुण्ठ अर्याल धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्त्व बोकेको यस क्षेत्रलाई संरक्षणसँगै विकासको प्राथमिकतामा राख्नुपर्ने बताउँछन् । व्यवस्थित विकास गर्न सके पर्यटन प्रवर्द्धनसँगै स्थानीय रोजगारी र आयआर्जनका अवसर सिर्जना हुने उनको भनाइ छ ।

बडीमालिका नगरपालिकाका नगरप्रमुख अमरबहादुर खड्काले संरक्षण क्षेत्रलाई स्थानीयवासीको रोजगारी र आयआर्जनसँग प्रत्यक्ष जोड्नुपर्नेमा जोड दिएका छन् । पर्यटकलाई स्थानीय उत्पादन, संस्कृति, रहनसहन र परम्परासँग जोड्न सके समुदायले प्रत्यक्ष आर्थिक लाभ लिन सक्ने उनको भनाइ छ । संरक्षणका नाममा स्थानीय समुदायलाई अलग गर्नेभन्दा उनीहरूको सहभागितामै संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्ने उनले बताए ।

बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा आफैँमा उपलब्धि भए पनि यसको वास्तविक सफलता घोषणा कार्यान्वयनमा निर्भर हुनेछ । विगतका संरक्षण क्षेत्रको अनुभवले स्पष्ट कार्ययोजना, पर्याप्त बजेट, कानुनी स्पष्टता, नियमित अनुगमन र स्थानीय समुदायको सहभागिताबिना संरक्षण प्रभावकारी हुन नसक्ने देखाइसकेको छ । त्यसैले यो घोषणा संरक्षणको अन्तिम उपलब्धि नभई प्रभावकारी व्यवस्थापनको सुरुआत बन्नुपर्ने देखिएको सरोकारवालाहरूको भनाइ छ ।

# जापानिज इन्सेफ्लाइटिसबाट २ जिल्लामा ४ जनाको मृत्यु

सौर्य समाचार

काठमाडौँ । जापानिज इन्सेफ्लाइटिसबाट २ जिल्लामा ४ जनाको मृत्यु भएको छ । सप्तरी र कैलालीमा गरी ४ जनाको मृत्यु भएको हो । सप्तरीमा २ जनाको मृत्यु भएको छ । तिलाठी कोइलाडी गाउँपालिका-१ का ७४ वर्षीय सत्यनारायण यादव र राजगढ गाउँपालिका-३ का १४ वर्षीय शिवकुमार रामको जापानिज इन्सेफ्लाइटिसका कारण मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत सतिश यादवले जानकारी दिए । दुवै जनाको गत साउन २१ गते उपचारका क्रममा मृत्यु भएको थियो । यादवको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र रामको गोल्डेन हस्पिटल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको बताउँदै स्वास्थ्य अधिकृत यादवले जापानिज इन्सेफ्लाइटिसबाट जिल्लामा अन्य ३ जना बिरामी भएका जानकारी दिए । बिरामीहरू उपचारपछि घर फर्किसकेका जनाउँदै उनले तीमध्ये २ जनाको मृत्यु भएको जानकारी दिए ।

स्वास्थ्य अधिकृत यादवले अहिलेको समयमा यो रोग लाग्न नदिन लामखुट्टेको टोकाइबाट बच्न आवश्यक रहेकामा जोड दिए । उनले साँझपख घर बाहिर ननिस्कने, खेतबारीमा काम गर्दा लामो बाउला भएका लुगा लगाउने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत गरेमा लामखुट्टेको टोकाइबाट बच्न सकिने धारणा राखे । यसैबीच, कैलालीको घोडाघोडी नगरपालिकामा पनि जापनिज इन्सेफ्लाइटिसको संक्रमणबाट २ जनाको मृत्यु भएको छ । उपचारका क्रममा घोडाघोडी-४ र ९ का २ जनाको मृत्यु भएको नगरपालिकाका सिनियर अहेब मानबहादुर बोहराले जानकारी दिए । उनका अनुसार मृत्यु हुनेमा ३४ र ७० वर्षीया महिला छन् ।

सिनियर अहेब बोहराका अनुसार घोडाघोडीमा पछिल्लो ३ वर्षयता जापनिज इन्सेफलाइटिसका बिरामी देखिन थालेका हुन् । अघिल्लो आर्थिक वर्षमा वडा नं ४ का एक जनामा संक्रमण देखिए पनि उपचारपछि उनी निको भएका थिए । आव २०८१/८२ मा वडा नं ५ र ६ का २ जनामा संक्रमण देखिएको थियो भने यस वर्ष संक्रमणबाट २ जनाको मृत्यु भएको हो । 'जापानिज इन्सेफ्लाइटिस क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने रोग हो । संक्रमित सुँगुर वा बंगुरलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा भाइरस सर्न सक्ने भएकाले लामखुट्टेको टोकाइबाट बच्ने र घर वरिपरि सरसफाइमा विशेष ध्यान दिनुपर्दछ,' सिनियर अहेब बोहराले भने ।

संक्रमण देखिएपछि घोडाघोडी नगरपालिकाको स्वास्थ्य शाखाले बिहीबार आकस्मिक बैठक बोलाएर रोगको अवस्था र रोकथामका उपायबारे छलफल गरेको छ । नगरपालिकाका १३ वटै स्वास्थ्य संस्थामार्फत जापानिज इन्सेफ्लाइटिसको जोखिम, लक्षण र बच्ने उपायबारे समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बोहराले बताए । उनका अनुसार नगरपालिकाका ८४ वटा आमा समूहलाई पनि परिचालन गरी रोगका लक्षण, रोकथामका उपाय र समयमा उपचारका लागि स्वास्थ्य संस्था पुग्नुपर्ने विषयमा जानकारी गराइनेछ ।अत्यधिक ज्वरो आउने, बेहोस हुनेलगायत लक्षण देखिएमा बिरामीलाई तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउन बोहराले आग्रह गरेकान छन् । उनले लामखुट्टेको टोकाइबाट जोगिन झुल प्रयोग गर्ने, घर वरिपरि पानी जम्न नदिने तथा सरसफाइमा ध्यान दिनसमेत आग्रह गरेका छन् ।

### नेपालमा १६८ प्रजातिका लामखुट्टे

यसैबीच, विश्व लामखुट्टे दिवस नेपालमा 'सानो टोकाइ, ठुलो चुनौती' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरेर बिहीबार मनाइएको छ । लामखुट्टेको टोकाइबाट उत्पन्न हुने रोगबाट बच्न तथा यसबारे जनचेतना फैलाउन यो दिवस मनाइन्छ । लामखुट्टेको टोकाइबाट औँलो, डेंगु, चिकन गुनिया, कालाजार, स्क्रब टाइफस, हात्तीपाइले, जापानिज इन्सेफलाइटिसजस्ता रोगहरू लाग्दछ । नेपालमा हालसम्म १६८ प्रजातिका लामखुट्टे भेटिएको पुष्टि भएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागका अनुसार नेपालमा गत आवमा ती रोगबाट करिब १८ हजार ७१० जना प्रभावित भएका थिए । पछिल्लो समय जलवायु परिवर्तनका असरका कारण उच्च हिमाली भेगमासमेत लामखुट्टेको टोकाइबाट हुने रोगको जोखम उच्च हुँदै गएका छन् । विभागले ७ वटै प्रदेशमा कीटजन्य रोग नियन्त्रणका लागि प्रयोगशाला स्थापना गरेर विभिन्न काम गरिरहेको जनाएको छ । कीट रोग नियन्त्रण शाखाका प्रमुख डा.गोकर्ण दाहालका अनुसार पछिल्लो समय कीटजन्य रोग ५६ जिल्लामा देखा परिसकेको छ ।

# २०० वर्ष पुरानो चौतारा गायब, अतिक्रमणको आरोपमा उजुरी



केदार मगर

खोटाङ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित हस्पिटल चोकमा रहेको ऐतिहासिक सार्वजनिक चौतारा गायब भएको ५ वर्ष बितिसकेको छ । स्थानीय समुदायको धर्म, संस्कार र सामाजिक परम्परासँग जोडिएको करिब २०० वर्ष पुरानो चौतारा रहेको ठाउँ सम्याएर निजी घरको आँगन बनाइएको स्थानीयको आरोप छ । चौतारा गायब भए पनि त्यससँगै रहेको 'मूलधारा' नामले परिचित सोही समयको पुरानो ढुंगे धारा भने अहिले पनि कायम छ । परापूर्वकालदेखि स्थानीयले खानेपानी, नुहाउने तथा विभिन्न संस्कारका काममा प्रयोग गर्दै आएको उक्त धारालाई दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा संरक्षण गरिएको छ ।

ढुंगे धारासँगै रहेको सार्वजनिक चौतारा भएको ठाउँमा २ कित्ता सार्वजनिक जग्गा रहेको देखिन्छ । एक कित्ता सार्वजनिक चौतारा र अर्को कित्ता सार्वजनिक धाराका नाममा भूमि प्रशासन कार्यालय (तत्कालीन जिल्ला मालपोत कार्यालय) खोटाङमा दर्ता रहेको छ । कित्ता नम्बर २९६ मा ७ आना ३ दाम २ पैसा क्षेत्रफलको जग्गा सार्वजनिक चौतारा तथा कित्ता नम्बर १११२ मा ९ आना २ पैसा क्षेत्रफलको जग्गा सार्वजनिक धाराका नाममा दर्ता रहेको देखिन्छ । सार्वजनिक धारा तथा चौतारा साविक दिक्तेल गाउँ विकास समिति-२ र ३ को सीमाना तथा हाल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१, दिक्तेलमा पर्छ ।


सार्वजनिक चौतारा नजिकै रहेको आफ्नो निजी जग्गामा स्थानीय नारायणकाजी श्रेष्ठले २०७८ सालमा पक्की घर निर्माण गरी चौताराको नाममा रहेको जग्गालाई आँगन बनाएको दिक्तेल बजार सामाजिक गुठीका अध्यक्ष विष्णुकुमार श्रेष्ठ 'स्यान्डे'ले जानकारी दिए । 'हाम्रो संस्कारसँग जोडिएको सार्वजनिक चौतारा अतिक्रमण भएको छ । यसमा अघिल्लो स्थानीय सरकारका जनप्रतिनिधि तथा प्राविधिक कर्मचारीको मिलेमतो देखिएको छ,' उनले भने, 'वर्षौंदेखि प्रयोग गर्दै आएको जग्गामा संस्कार गर्न जाँदा घरधनीले दुर्व्यवहार गर्दै आएका छन् । यो समस्या स्थानीयस्तरबाट समाधान नहुने देखिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोग गुहार्ने तयारीमा छौँ ।'

दिक्तेल बजारस्थित हस्पिटल चोकमा सार्वजनिक चौताराको जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा ल्याइएको भन्दै स्थानीयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा २०८३ असार २९ मा गुनासो तथा साउन ७ मा उजुरी दर्ता गराएको बुझिएको छ । नेपाल सरकारमा उजुरी पुगेपछि अतिक्रमण भएको भनिएको जग्गाको विषयमा अध्ययन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जिल्ला प्रशासन कार्यालय खोटाङलाई निर्देशनसमेत आएको छ । यता, सार्वजनिक जग्गा अतिक्रमणको आरोप लागेका नारायणकाजी श्रेष्ठले आफूले चौताराका नाममा रहेको सार्वजनिक जग्गा नमिचेको दाबी गरेका छन् । 'मैले आफ्नो ५ आना ३ पैसा १ दाम जग्गाभित्र घर निर्माण गरेको हुँ । सार्वजनिक चौतारा रहेको जग्गामा अहिले दिक्तेल-लफ्याङ सडक छ,' उनले भने, 'आफ्नो जग्गामा घर बनाएर बस्दा पनि साथीहरूले दुःख दिइरहेका छन् । म पनि सामाजिक गुठीको सदस्य हुँ । यही संस्थाको नामबाट मलाई पटक-पटक दुःख दिएपछि गत साउन २१ गते विपक्षीका नाममा जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गराएको छु ।'

दिक्तेल बजारका नेवार, बस्नेत, खड्का र दमाई समुदायको धर्म तथा संस्कारसँग जोडिएको सार्वजनिक चौतारा रातारात गायब भएको विषय आफूहरूले त्यतिबेलैदेखि उठाउँदै आएको स्थानीयले बताएका छन् । नारायणकाजीको घर निर्माण गर्ने क्रममा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका तत्कालीन जनप्रतिनिधिको मिलेमतोमा चौतारा र वरपीपलको रुख हटाइएको स्थानीयको आरोप छ । सार्वजनिक चौतारामा स्थानीयले आफ्नो संस्कारअनुसार कसैको मृत्यु हुँदा काजकिरिया, पितृकार्य तथा धार्मिक एवं सामाजिक संस्कार गर्दै आएका थिए । नेवार समुदायले हरेक वर्ष मनाउने जात्रा पनि सोही स्थानमा सेलाउने (विसर्जन गर्ने) परम्परा रहेको स्थानीय बताउँछन् ।

सार्वजनिक चौतारा भत्काएपछि सोही ठाउँमा कटेरो बनाएर नेवार समुदायले परम्परागत रूपमा गर्दै आएको मृत्यु संस्कार गर्दासमेत घरधनीले अपशब्द बोलेर गाली गर्ने गरेको दिक्तेल बजार सामाजिक गुठीका सचिव सरोज सैँजूले जानकारी दिए । त्यसबेला आफूहरूलाई गाली गर्दै भिडियोसमेत सामाजिक सञ्जालमा राखिएको र अहिले उक्त भिडियो हटाइएको उनले बताए । आफ्नो संस्कारसँग जोडिएको सार्वजनिक चौतारा प्रयोग गर्न नपाइएको भन्दै २ वर्षअघि दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको न्यायिक समितिमा निवेदन परेको थियो । त्यसपछि दुवै पक्षबीच छलफल गराई २०८१ भदौ ७ गते निर्णय गरिएको पाइएको छ । स्थानीयले हरेक दिन उक्त स्थानमा आफ्नो संस्कारअनुसार खाना पकाएर खाने तथा नेवार समुदायले जात्रा सेलाउने गरेको पाइएपछि उक्त सार्वजनिक जग्गा दिक्तेल बजार सामाजिक गुठीले संरक्षण गर्ने र परम्परागत रूपमा गर्दै आएको संस्कार गर्न पाउने गरी न्यायिक समितिले निर्णय गरेको थियो ।

दिक्तेल बजार सामाजिक गुठीको संरक्षणमा रहने गरी पाटी तथा चौतारा निर्माण गर्ने र स्थानीय समुदायले भोगाधिकार गर्न पाउने अधिकार नगरपालिकाको न्यायिक समितिमार्फत लिखित रूपमा दिइएको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक विशन राईले बताए । न्यायिक समितिको निर्णयपछि दिक्तेल बजारस्थित नेवार समुदायले दुवै कित्ताको जग्गामा काजकिरियाको १०औँ, ११औँ र १२औँ दिनका संस्कार गर्दै आएको बताइएको छ ।




काठमाडौँमा बिहीबार सुकुमवासीले खबरदारी ऱ्याली निकाले । सुकुमवासीको व्यवस्थापन, मानवअधिकारको सम्मान, भूमिअधिकार र मृतक सुकुमवासीलाई सहिद घोषणालगायत माग राख्दै माइतीघरदेखि नयाँ बानेश्वरसम्म ऱ्याली निकालिएको हो । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# मौरिस हर्जोग पदमार्गमा स्मार्ट सूचना प्रणाली

सौर्य समाचार

म्याग्दी । जिल्लाको अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको स्मार्ट सूचना प्रणाली तयार भएको छ । जिल्ला प्रहरी कार्यालयले क्युआर कोडको सहायतामा नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको मौरिस हर्जोग पदमार्गको सम्पूर्ण जानकारी प्राप्त गर्न सकिने सूचना प्रणाली तयार पारेको हो । बेनीदेखि आधार शिविरसम्मका होटल तथा रेस्टुरेस्ट, आश्रयस्थल, सवारी चालकको सम्पर्क नम्बर, एकदेखि अर्को गन्तव्यसम्म पुग्न लाग्ने समय, उचाइ, समस्या परेमा सम्पर्क गर्ने निकायको फोन नम्बरसहितका विवरण मोबाइलबाटै हेर्न सकिने व्यवस्था मिलाएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिए ।

'आधार शिविर भ्रमणमा जानुअघि पूर्वसूचना प्राप्त गर्न व्यक्तिलाई फोन गरिरहन नपरोस् र यात्राका क्रममा अप्ठ्यारो परेमा सहयोग लिनका लागि पर्यटकलाई सहज होस् भन्ने उद्देश्यले कार्यालयकै जनशक्तिको सीप, अनुभव र दक्षताको प्रयोग गरी स्मार्ट सूचना प्रणालीको विकास गरेका हौँ,' उनले भने, 'स्मार्ट सूचना प्रणालीलाई अपटेड, परिमार्जन गर्दै निरन्तरता दिनेछौँ ।' प्रहरी निरीक्षक सागर तिमिल्सिनाले फोनमार्फत अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गका बारेमा जानकारी माग्नेहरू धेरै भएकाले कसैलाई फोन नगरी सहजै सूचना पाउने प्रणाली तयार पारिएको बताए । बसपार्क, होटल, प्रहरी चौकी, सार्वजनिकस्थलमा आमनागरिकको सहज पहुँच हुने गरि क्युआर कोड टाँस्ने र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरिने उनको भनाइ छ ।

समुन्द्री सतहदेखि ४ हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दुरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको छ । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किमी पदमार्ग २०७७ देखि सञ्चालनमा आएको थियो । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ ।

२ दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ । नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ । आधार शिविरमुनि समुन्द्री सतहदेखि ४ हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ । आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ । १ लाख ७ हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी संकलन भएर बनेको प्राकृतिक हिमताल हो । अन्नपूर्ण हिमाल र पञ्चकुण्ड ताललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता हो ।

# १६ जिल्लाका ७ हजार कुखुराको पोस्टमार्टम, १० रोग पहिचान

■ सौर्य समाचार

चितवन । जिल्लामा रहेको राष्ट्रिय पक्षी रोग अन्वेषण प्रयोगशालाले १ वर्षमा ७ हजार कुखुराको शरीरभित्रको रोग पत्ता लगाउन पोस्टमार्टम गरेको छ । चितवनसहित १६ जिल्लाका कुखुरापालक किसानका ती कुखुराको पोस्टमार्टम गरी रोग पहिचान गरिएको हो । प्रयोगशालाका प्रमुख डा.ि( वजयकुमार श्रेष्ठका अनुसार पोस्टमार्टम गरिएका कुखुरामा विभिन्न प्रकारका रोग देखिएको थियो । प्रयोगशाालाले पोस्टमार्टमबाहेक रोग पहिचानको काम गरेको छ । १ हजार ५०० कुखुराको नमुना परीक्षणका क्रममा कुखुरामा १० रोग देखिएको उनले जानकारी दिए । परीक्षणका क्रममा २२ प्रतिशत कुखुरामा इकोलाई, १३ प्रतिशतमा गम्बारो, ९ प्रतिशतमा कुखुरामा घ्यारघ्यारको रोग (सिआरडी) देखिएको उनले बताए ।

ढुसीजन्य रोगका ९ प्रतिशत, सिसिआरडी ४ प्रतिशत, साल्मोनेलोसिस ३.५ प्रतिशतमा देखिएको छ । यस्तै, एभिएन 'इन्फ्लुएन्जा', कुखुराको हैजा, आइबी र रानीखेतको संक्रमण देखिएको हो । द्रुत परीक्षणका क्रममा २७८ वटा नमुना परीक्षणका क्रममा ४७ वटामा एभिएन इन्फ्लुएन्जा संक्रमण देखिएको छ । १७६ वटा गम्बारो परीक्षणका क्रममा १०९ मा संक्रमण देखिएको छ । ९९ वटाको रानीखेत परीक्षण गर्दा ७ वटामा रोग देखिएको छ भने ४६ वटा आइवी परीक्षणका क्रममा २ वटामा संक्रमण देखिएको उनले बताए ।

यसैगरी, ३६९ वटाको पिएटी विधिबाट नमुना परीक्षणका क्रममा १२ वटामा साल्मोनेला, ३६० वटा नमुना परीक्षणका क्रममा १६ वटामा माइकोप्लाजमा, १८४ वटाको इलाइजा परीक्षणका क्रममा ३८ वटामा माइकोप्लाजमा र १८४ वटाको परीक्षणका क्रममा ९२ वटामा चिकेन इन्फेक्सस एनेमिया भाइरस (सिआइएभी) संक्रमण देखिएको उनले जानकारी दिए । ९०० वटा कुखुराको नमुना कल्चर गर्दा ७८९ नमुनामा संक्रमण देखिएको छ । संक्रमण देखिएकालाई कुन एन्टिबायोटिक प्रयोग गर्ने भन्ने विषयमा जानकारी सेवाग्राहीलाई दिइएको उनले बताए । कुखुराजन्य रोगको संक्रमण रोक्नका लागि जैविक सुरक्षा अपनाउनुपर्ने उनको भनाइ छ । जैविक सुरक्षा अपनाउन नसक्दा रोगको जोखिम थपिने उनले बताए ।

# अस्पताल त बन्यो, तर डाक्टर आउन नमान्दा समस्या

बाजुरा । जिल्लाको गौमुल गाउँपालिकामा १० शय्याको आधारभूत अस्पताल सञ्चालनमा आएको छ । गौमुल-२ मालिवनमा निर्माण गरिएको नवनिर्मित अस्पताल भवनको गाउँपालिकाका अध्यक्ष हरिबहादुर रोकायाले शुभारम्भ गरे । २०७७ चैतमा १३ करोड ८४ लाख ९१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरी भवन निर्माण सुरुआत गरिएको थियो । निर्माण कम्पनीले २०८१ माघमा गाउँपालिकालाई भवन हस्तान्तरण गरेको थियो । अस्पताल निर्माण सम्पन्न भए पनि विद्युत् सेवा, औषधि तथा उपकरण र जनशक्ति व्यवस्थापनमा केही ढिलाइ हुँदा सञ्चालनमा आउन सकेको थिएन । अस्पताल सञ्चालन भए पनि उपचार गर्ने चिकित्सक भने नभेटिएका गाउँपालिका अध्यक्ष रोकायाले बताए ।

'मेडिकल अधिकृतका लागि धेरै खोज्यौं, तर तत्काल पाउन सकिएन । केही सम्पर्कमा आएका चिकित्सकले पनि आउन मानेनन्,' उनले भने, ' आवश्यक अन्य जनशक्ति, औषधि र उपकरणको व्यवस्था गरिएको छ । अब तत्काले चिकित्सकको व्यवस्था गरेर नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा दिने तयारीमा छौं ।' अस्पतालमा २ जना एमबिबिएस चिकित्सकसहित २२ जना कर्मचारी रहने व्यवस्था छ । गाउँपालिकामै अस्पताल सञ्चालनमा आएपछि नागरिकले स्थानीय तहमै स्वास्थ्य सेवा पाउने वातावरण बनेको गाउँपालिका उपाध्यक्ष सीता थापाले बताइन् । 'यसअघि सामान्य उपचारका लागि बाहिर जानुपर्ने अवस्था थियो । भौगोलिक रूपमा विकट गाउँका नागरिकले उपचारका लागि ठुलो रकम खर्च गर्नुपर्थ्यो', उपाध्यक्ष थापाले भनिन्, 'विशेषज्ञ चिकित्सकसहित आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरेर पालिकामै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य छ ।' *(सौस)*

# उपत्यकाका सार्वजनिक सवारीसाधन अब मोबाइलबाटै ट्र्याक




■ सौर्य समाचार

काठमाडौं । काठमाडौं उपत्यकामा सञ्चालन हुने सार्वजनिक सवारी साधनको अवस्थाबारे यात्रुलाई वास्तविक समयमै जानकारी दिने 'केटिएम पब्लिक ट्रान्सपोर्ट' मोबाइल एप सार्वजनिक गरिएको छ । आफूले यात्रा गर्न खोजेको रुटमा कुन सवारी साधन कहाँ पुगेको छ र आफूले पर्खिरहेको स्थानमा उक्त सवारी पुग्न कति समय लाग्छ भन्ने जानकारी एपमार्फत लिन सकिनेछ । 'संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद्'को तेस्रो बैठकका क्रममा परिषद्का अध्यक्ष एवं काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले बिहीबार उक्त एप सार्वजनिक गरेकी हुन् । सार्वजनिक यातायातलाई प्रविधिमैत्री, सहज र यात्रुमैत्री बनाउने उद्देश्यले एप सञ्चालनमा ल्याइएको परिषद्ले जनाएको छ । हाल जिपिएस जडान गरिएका करिब १ हजार २०० सार्वजनिक सवारी साधनको विवरण एपमा हेर्न सकिने व्यवस्था गरिएको छ । आगामी दिनमा थप सार्वजनिक सवारी साधनलाई जिपिएस प्रणालीमा आबद्ध गर्दै एपको पहुँच र उपयोगिता विस्तार गर्ने योजना प्राधिकरणले अघि सारेको छ ।

एप सञ्चालनमा आएसँगै यात्रुले सार्वजनिक सवारी साधनको अवस्थाबारे अनुमानका भरमा लामो समयसम्म बस बिसौनीमा कुर्नुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा गरिएको छ । रुटअनुसार सञ्चालन भइरहेका सवारी साधनको अवस्थाबारे जानकारी प्राप्त हुने भएकाले यात्रुले आफ्नो यात्रा योजना बनाउनसमेत सहज हुने परिषद्को विश्वास छ । बैठकमा अध्यक्ष डंगोलले काठमाडौं उपत्यकाको सार्वजनिक यातायात प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुऱ्याउन स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताइन् । उनले रात्रिकालीन सार्वजनिक यातायात सेवा विस्तार गर्नुपर्ने तथा विद्यालय र कलेज जाने विद्यार्थीलाई लक्षित गरी बिहानैदेखि सार्वजनिक यातायात सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

सार्वजनिक यातायात कुनै एउटा स्थानीय तहको सीमाभित्र मात्र सीमित विषय नभएको उल्लेख गर्दै उनले स्थानीय तहबीच वित्तीय साझेदारीसहितको साझा प्रणाली विकास गर्नुपर्नेमा जोड दिइन् । 'सार्वजनिक यातायात कुनै एक पालिकाको सीमाभित्र मात्र राख्न मिल्ने क्षेत्र होइन । पालिका-पालिका जोडिने भएकाले यो पालिकाहरूको साझा सवाल हो । यसमा समन्वय गरेर कार्यक्रम र सेवालाई एकरूपता दिनुपर्छ,' उनले भनिन् । परिषद्का उपाध्यक्ष एवं ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले सार्वजनिक बस प्रयोग गर्ने यात्रुले सहज र सुरक्षित रूपमा यात्रा गर्न सकेको अनुभूति हुने प्रणाली निर्माण गर्नुपर्ने बताए । सार्वजनिक यातायात सुधारका लागि परिषद्सँग आवश्यक क्षमता रहेकाले त्यसको प्रभावकारी उपयोग गर्नुपर्ने उनको भनाइ थियो । बैठकमा संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुबेर नेपालीले विगतमा प्राधिकरणको कार्यक्षेत्रका विषयमा अन्तरसरकारी तहमा समान बुझाइ नहुँदा काम अघि बढाउन कठिनाइ भएको जानकारी दिए । अघिल्लो वर्ष सरकारले प्राधिकरणलाई खारेजीको सूचीमा राखेका कारण अघि बढाउन खोजिएका कतिपय काम रोकिएको उनले बताए ।

सरकारले चालु वर्ष प्राधिकरणलाई पुनःसंरचना गर्ने निर्णय गरेपछि चालु आर्थिक वर्षका लागि विभिन्न कार्यक्रम प्रस्ताव गरिएको उनले जानकारी दिए । बैठकले सार्वजनिक यातायात सुधार र यात्रुमैत्री सेवा विस्तारका लागि विभिन्न कार्यक्रम स्वीकृतसमेत गरेको छ । स्वीकृत कार्यक्रमअनुसार बस स्टपर तथा पिक-ड्रप प्वाइन्ट निर्धारण गर्ने, रात्रिकालीन बस सञ्चालनका लागि आवश्यक सर्त तय गर्ने र त्यसका लागि सम्झौताको नमुना तयार गरी नगरपालिकासँग सहकार्य अघि बढाउने निर्णय भएको छ । त्यस्तै स्थानीय तहसँगको साझेदारीमा मुख्य बस स्टप तथा बस पार्कमा जिपिएस ट्र्याकिङमा आधारित सार्वजनिक यातायात सूचना प्रणाली जडान गर्ने कार्यक्रम पनि अघि बढाइने भएको छ । नगदरहित भाडा प्रणाली अर्थात् क्यासलेस भाडादर लागू गर्न आवश्यक कानुनी पूर्वाधार तयार गर्ने निर्णयसमेत बैठकले गरेको छ । सार्वजनिक यातायातमा टिकट लिने संस्कारलाई प्रोत्साहन गर्न अभियान सञ्चालन गर्ने तथा यातायात प्रणाली सुधारका लागि विभिन्न अध्ययन र अनुसन्धान गर्ने कार्यक्रम पनि स्वीकृत भएका छन् ।

बैठकमा स्थानीय तहबीच आपसी सम्बन्ध र सहकार्यलाई थप प्रभावकारी बनाउने, सम्पदा क्षेत्र तथा पर्यटकीय क्षेत्रलाई लक्षित गरी सार्वजनिक यातायात सञ्चालन गर्ने लगायतका विषयमा समेत छलफल भएको थियो । संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद्को पहिलो बैठक २०८० भदौ २८ गते बसेको थियो । उक्त बैठकले संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको कार्यक्षेत्रभित्र पर्ने यातायात व्यवस्थापनसम्बन्धी कुनै निर्णय गर्नुपूर्व प्राधिकरणसँग समन्वय गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको थियो । परिषद्को दोस्रो बैठक २०८१ सालमा बसेको थियो । उक्त बैठकले परिषद्को निर्णय प्रक्रियालाई समन्वयात्मक र व्यवस्थापनलाई चुस्त बनाउन ९ सदस्यीय स्टेरिङ कमिटी गठन गर्ने निर्णय गरेको थियो । परिषद्मा ३५ सदस्य रहेकाले ठुलो संख्याका कारण निर्णय र कार्यान्वयन प्रक्रियामा कठिनाइ नहोस् भन्ने उद्देश्यले स्टेरिङ कमिटी गठन गरिएको हो ।

स्टेरिङ कमिटीमा परिषद्का अध्यक्ष एवं काठमाडौं महानगरकी प्रमुख, ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी र बुढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारी सदस्य छन् । सार्वजनिक यातायात प्रणाली तथा पूर्वाधारसँग सम्बन्धित यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सडक विभागका प्रतिनिधिलाई समेत कमिटीमा सदस्य राखिएको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुबेर नेपाली सदस्य सचिव छन् । सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ ले सार्वजनिक यातायात व्यवस्थापनका लागि प्रदेश सरकारले एक वा एकभन्दा बढी नगरपालिकाको क्षेत्रमा सञ्चालन हुने गरी बढीमा ७ सदस्यीय सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । ऐनको दफा १२ मा संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणसम्बन्धी विशेष व्यवस्था गरिएको छ । सो व्यवस्थाअनुसार संघीय राजधानी क्षेत्रमा सार्वजनिक यातायात सेवा नियमन तथा व्यवस्थापन गर्न छुट्टै प्राधिकरण स्थापना गरिएको हो ।

ऐनअनुसार प्रत्येक प्रदेशमा १-१ तथा संघीय राजधानी क्षेत्रमा १ गरी देशभर ८ वटा सार्वजनिक यातायात प्राधिकरण रहने व्यवस्था छ । संघीय राजधानी प्राधिकरणको काम, कारबाही, सञ्चालन, रेखदेख तथा व्यवस्थापनका लागि काठमाडौं महानगरको प्रमुखको अध्यक्षतामा संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद् रहने व्यवस्था गरिएको छ । ललितपुर महानगरपालिकाका प्रमुख परिषद्का उपाध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सदस्य रहने व्यवस्था छ । परिषद्मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव, सडक विभाग तथा यातायात व्यवस्था विभागका महानिर्देशक वा तोकिएका प्रथम श्रेणीका कर्मचारी, उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा तोकिएका प्रहरी उपरीक्षक तथा बागमती प्रदेशको यातायात हेर्ने मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था छ ।

त्यस्तै सार्वजनिक यातायात सञ्चालन गर्ने ठुला कम्पनीका तर्फबाट १ महिलासहित ३ जना, उपभोक्ता हित संरक्षण क्षेत्रमा काम गर्ने संस्थाबाट १ महिलासहित २ जना, यातायात क्षेत्रका विज्ञमध्येबाट बागमती प्रदेश सरकारले मनोनयन गर्ने १ महिलासहित ३ जना सदस्य रहने व्यवस्था छ । परिषद्मा प्रतिनिधित्व नभएका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका नगरपालिकाबाट प्रमुख वा उपप्रमुखमध्ये सम्बन्धित स्थानीय तहले मनोनयन गरेका १-१ जना प्रतिनिधि तथा श्रमिक, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरी परिषद्बाट मनोनीत ३ जना सदस्य रहने व्यवस्था छ । परिषद्को सदस्य सचिवका रूपमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतले काम गर्ने व्यवस्था छ । प्राधिकरणलाई सार्वजनिक यातायातसम्बन्धी नीति, अल्पकालीन तथा दीर्घकालीन योजना र रणनीति तयार गर्ने जिम्मेवारी दिइएको छ । वातावरणमैत्री तथा यात्रुमैत्री सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापन गर्नुका साथै सूचना प्रविधिमा आधारित नगदरहित एकीकृत यातायात प्रणाली विकास गर्नु पनि प्राधिकरणको प्रमुख जिम्मेवारी हो ।

त्यस्तै वास्तविक समयको सूचना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने, बस बिसौनी निर्माण तथा व्यवस्थापन गर्ने, सार्वजनिक शौचालयको व्यवस्था गर्ने तथा पैदलयात्री, अपांगता भएका व्यक्ति र साइकलयात्रीमैत्री सडक व्यवस्थापन गर्ने अधिकारसमेत प्राधिकरणलाई दिइएको छ । सार्वजनिक यातायातसँग सम्बन्धित विवरण संकलन, अभिलेखन, अद्यावधिक तथा गुणात्मक उपयोग गर्ने, आवास क्षेत्र, व्यापारिक केन्द्र तथा सपिङ मलमा यातायात सेवा उपलब्ध गराएबापत सेवा शुल्क निर्धारण गर्ने र सार्वजनिक सवारीका रुट निर्धारण गर्ने काम पनि प्राधिकरणको जिम्मेवारीमा पर्छ । आवश्यकताअनुसार तोकिएका रुटमा एकतर्फी वा दोहोरो यातायात सञ्चालन गर्ने तथा निश्चित सवारी साधनलाई पूर्ण वा आंशिक रूपमा सञ्चालनमा रोक लगाउने अधिकारसमेत प्राधिकरणसँग रहेको छ । यसरी प्रविधिमा आधारित 'केटिएम पब्लिक ट्रान्सपोर्ट' एपको सुरुआतसँगै काठमाडौं उपत्यकाको सार्वजनिक यातायातलाई क्रमशः व्यवस्थित, सूचनामैत्री र यात्रुमुखी बनाउने प्रयास अघि बढेको छ । एपमा थप सवारी साधन आबद्ध गर्दै रात्रिकालीन सेवा, क्यासलेस भाडा प्रणाली र एकीकृत यातायात सूचना प्रणाली विस्तार गर्न सकेमा उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापनमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ ।

# नारेश्वर तालमा पानी सञ्चय सुरु, पर्यटन र सिँचाइसँग जोड्ने योजना



■ सौर्य समाचार

तनहुँ । नारेश्वर तालमा पानी जम्मा हुन थालेको छ । पुरिएको ताल उत्खनन गरी पानी जम्मा गर्न थालिएको हो । उक्त तालमा करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सकिन्छ । तनहुँको व्यास नगरपालिका-१० मा पर्ने उक्त ताल करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको छ । तालको बाँध तथा अन्य संरचना निर्माण पूरा भएसँगै पानी जम्मा गर्न सुरु गरिएको हो । ताल व्यास नगरपालिकाको गौरवको आयोजना हो । निर्माण उपभोक्ता समितिका अध्यक्ष विजय दरैले ताल आकर्षक देखिन थालेकाले यहाँ आन्तरिक पर्यटक घुम्न आउन थालेका छन् । यहाँ आउने पर्यटकले फेसबुक, टिकटकमा भिडिओ र फोटो पोस्ट गर्दा तालको महत्त्व बढ्दै गएको छ ।

उनले नारेश्वरताललाई कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोडिएको बहुउद्देश्यीय आयोजनाका रूपमा विकास गर्ने लक्ष्य राखिएको जानकारी दिए । 'तालमा पानी जम्मा हुन थालेसँगै आयोजनाको महत्त्वपूर्ण चरण पूरा भएको छ । अब यसको उपयोगलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने भन्ने विषयमा ध्यान दिनुपर्ने अवस्था छ,' उनले भने, 'सिँचाइसँगै पर्यटन प्रवर्द्धन र स्थानीय आर्थिक गतिविधि बढाउने गरी तालको विकास गर्ने योजना छ ।' नारेश्वर ताल निर्माणको उद्देश्य स्थानीय कृषि क्षेत्रलाई आवश्यक पानी उपलब्ध गराउनु पनि हो । तालसँगै सिँचाइ ट्यांकी निर्माण गरिएको छ । तालमा जम्मा भएको पानी तानेर नजिकैका कृषि क्षेत्रमा वितरण गर्ने व्यवस्था मिलाइने व्यास नगरपालिका-१० का वडाध्यक्ष खेमराज पोखेलले बताए ।

यसबाट दुम्सीचौर आसपासका किसानलाई सिँचाइ सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ । वर्षाको पानीमा निर्भर भएर खेती गर्नुपर्ने अवस्थालाई कम गर्दै नियमित सिँचाइ सुविधा उपलब्ध गराउनसके कृषि उत्पादन बढाउन सहयोग पुग्ने उनको विश्वास छ । नारेश्वर ताललाई आगामी दिनमा व्यास नगरपालिकाको आन्तरिक पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने योजना रहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए । पानी भरिएपछि यसको प्राकृतिक सौन्दर्य बढ्ने भएकाले यहाँ जलविहार, वनभोजस्थल तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण गर्ने योजना छ । ताल आसपास आवश्यक संरचना निर्माण गर्दै स्थानीय तथा बाह्य पर्यटक आकर्षित गर्ने न्यौपानेको भनाइ छ । ताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नसके आसपासका क्षेत्रमा होटल, रेस्टुरेन्ट, स्थानीय उत्पादनको बिक्री तथा अन्य सेवामूलक व्यवसाय विस्तार हुने अपेक्षा गरिएको छ ।

'नारेश्वर ताललाई घुम्न आउने ठाउँ मात्र होइन, स्थानीयको आयआर्जनसँग जोडिने गन्तव्यका रूपमा विकास गर्नुपर्छ । ताल वरपर आवश्यक पूर्वाधार विकाससँगै स्थानीय उत्पादन र व्यवसायलाई पनि जोड्ने योजना बनाउनुपर्छ,' उनले भने । नारेश्वर ताल व्यास नगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त साझेदारीमा निर्माण भएको हो । आयोजनाको अनुमानित लागत करिब ४ करोड रुपैयाँ रहेको छ । नारेश्वर ताललाई नगरपालिकाले केबल एउटा कृत्रिम जलाशयका रूपमा नभई कृषि, पर्यटन, वातावरणीय संरक्षण र रोजगारी सिर्जनालाई जोड्ने आधारका रूपमा लिएको नगरप्रमुख न्यौपानेले बताए । तालको नियमित संरक्षण, पानीको व्यवस्थापन, सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालन तथा पर्यटकीय पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाउनुपर्ने देखिएको छ ।

# मोबाइलबाटै ओपिडी टिकट, लाइन बस्नुपर्ने बाध्यताको अन्त्य

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा उपचारका लागि आउने बिरामीले अब मोबाइलबाटै 'ओपिडी' टिकट लिन सक्ने भएका छन् । सूचना प्रविधिको प्रयोग गर्दै प्रतिष( ठानले अनलाइन ओपिडी टिकट सेवा सुरु गरेको हो । प्रतिष( ठानका सूचना अधिकारी निशान भट्टराईका अनुसार बिरामीले 'राप्ती एकेडेमी हेल्थ' वा 'मेरो डाक्टर' एप डाउनलोड गरी मोबाइल नम्बर र पासवर्डमार्फत 'लगइन' गर्न सक्नेछन् । एपमा प्राप्त हुने ओटीपी कोड राखेर सेवा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ । यो सेवा बिहीबारदेखि सञ्चालनमा ल्याइएको हो । प्रतिष्ठानका उपकुलपति प्राडा अजयकुमार मिश्रले सरकारको सुशासन अभियानलाई साथ दिँदै सूचना प्रविधिको युगलाई व्यवहारमै लागू गरी बिरामीमैत्री सेवा प्रवाह गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको बताए ।

उनले बिरामीको सहजता, समय बचत तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन अनलाइनमार्फत ओपिडी टिकट लिन सकिने व्यवस्था सुरु गरिएको जानकारी दिए । अनलाइन प्रणालीमार्फत बिरामीले नियमित ओपिडी छनोट गरी आफूले उपचार गराउने सेवा, चिकित्सक तथा उपलब्ध समय छनोट गर्न सक्नेछन् । नयाँ बिरामीले आवश्यक विवरण भर्नुपर्नेछ भने पुराना बिरामीले आफ्नो कार्ड तथा विवरणअनुसार सेवा लिन सक्ने व्यवस्था गरिएको छ । मोबाइल नम्बर र एप प्रयोग गरी बिरामीले आफ्नो विवरण सुरक्षित रूपमा प्रविष्ट गरेर आवश्यक सेवा तथा समय छनोट गरी ओपिडी टिकट लिन सक्नेछन् ।

अस्पतालमा टिकट काट्न लामो समयसम्म लाइनमा बस्नुपर्ने बाध्यता कम हुने प्रतिष्ठानका अस्पताल निर्देशक सहप्राध्यापक डा.सुरेश रसाइलीले बताए । प्रतिष्ठानले डिजिटल प्रविधिको प्रयोगमार्फत स्वास्थ्य सेवा थप सहज, छिटो, सुरक्षित र विश्वसनीय बनाउने उद्देश्यले अनलाइन ओपिडी टिकटको व्यवस्था गरेको उनले जानकारी दिए । घरमै बसेर ओपिडी टिकट लिन सकिने भएपछि बिरामीको समय बचत हुनुका साथै अस्पतालमा हुने भिड व्यवस्थापनमा समेत सहयोग पुग्ने प्रतिष्ठानले जनाएको छ । *(सौस)*

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | HLI १०३४००००४० | डिमा शेर्पा | सोलुदुधकुण्ड नगरपालिका-५, सोलुखुम्बु |
| २ | ULI ३५५००००१०२ | योमिसा राई | माप्य दुधकोशी गा.पा.-६, सोलुखुम्बु |

## सम्पादकीय

# सांसद स्वकीय सचिवमा शैक्षिक योग्यताको उल्झन

सांसदले स्वकीय सचिव राख्ने व्यवस्थालाई खारेज गर्ने अघिल्लो सरकारको निर्णय गलत रहेको वर्तमान सरकारको ठहर नाजायज होइन । यो व्यवस्था जायज हुँदाहुँदै पनि सदुपयोगको तुलनामा दुरुपयोग बढी भएको समाचार आउने गर्थे । हुन पनि राज्यको तलब-सुविधा पचाउनकै लागि बिनायोग्यता तथा कामका आफ्ना नातेदार तथा परिवारका सदस्यलाई स्वकीय सचिव राख्ने विकृति मौलाएको थियो । अधिकांश सांसदले दुरुपयोग गरेकै कारण स्वकीय सचिव राख्ने प्रावधानलाई पूर्ववर्ती सरकारले खारेज गरेको हो । यद्यपि पूर्ववर्ती सरकारको त्यो निर्णयलाई वर्तमान सरकारले उल्ट्याएको मात्रै छैन, दुरुपयोग रोक्न थप व्यवस्थासमेत गरेको छ । तर दुरुपयोग रोक्ने थप व्यवस्थाको कार्यान्वयन सहज छैन भन्ने कुरा एक महिनायताका गतिविधिले पुष्टि गरेका छन् । किनकि ज्यादै नगन्य सांसदले मात्रै स्वकीय सचिव नियुक्त गरेका छन् । खास गरी कार्यविधिले तोकेको शैक्षिक योग्यतासम्बन्धी प्रावधान नै मुख्य बाधक बनेको अनुभव सांसदहरूको छ । शैक्षिक योग्यता भएको व्यक्ति विश्वासिलो र खोजेजस्तो क्षमतावान् नहुन पनि सक्ने, तर विश्वासिलो व्यक्तिसँग शैक्षिक योग्यता नहुन सक्ने समस्यासँग जुध्नुपरेका कारण नियुक्ति गर्न नसकिएको सांसदहरूको भनाइलाई अन्यथा लिन मिल्दैन । सांसदको स्वकीय सचिव पद ब्युरोक्रेटिकभन्दा पनि राजनीतिक भएकोले शैक्षिक योग्यता र विश्वासको सन्तुलन मिलाउनुपर्ने चुनौती देखिएको हो ।

सांसदको सामार्थ्य र प्रभावकारितामै संसदीय व्यवस्थाको भविष्य गाँसिएको हुन्छ । त्यसमा पनि हाम्रो जस्तो कलिलो लोकतन्त्र भएको देशका सांसदहरूको भूमिका विधि निर्माण तथा सरकार निर्माणमा मात्रै सीमित छैन । आफ्नो निर्वाचन क्षेत्रभित्रका जनताको सेवा-सुविधामा पनि त्यत्तिकै ध्यान दिनुपर्ने बाध्यता एकातिर छ भने अर्कातिर वडाध्यक्षले निर्वाह गर्नुपर्ने भूमिकामा समेत हात हाल्ने रहर हाम्रा सांसदहरूले त्याग्न सकेका छैनन् । विधि निर्माण तथा सरकार निर्माणमा भूमिका केन्द्रित भएका बेलायत, भारतलगायतका देशमा समेत सांसदका लागि स्वकीय सचिवको व्यवस्था गरिएको हुन्छ भने अन्य थप औपचारिक तथा अनौपचारिक भूमिका निर्वाह गर्नुपर्ने हाम्रा सांसदलाई स्वकीय सचिव आवश्यक छैन भन्नु अर्घेल्याइँ हुनेछ । तर, जुन प्रयोजनका लागि स्वकीय सचिव नियुक्ति गरिएको हो, त्यो प्रयोजनलाई नै दुरुपयोग गरिएका कारण प्रश्न उठेको हो । राज्यको ढुकुटी लगानी गरिएपछि त्यसको प्रतिफलको पनि हिसाब-किताब गर्नुपर्ने हुन्छ । जनताले आफूले तिरेको कर दुरुपयोग नहोस् भन्नका लागि आफ्नो प्रतिनिधिलाई विधि निर्माण र सरकार निर्माणका लागि चुन्ने व्यवस्था नै संसदीय व्यवस्था हो । सांसदहरू स्वयं नै जानेर वा नजानेर जनताको कर दुरुपयोगमा संलग्न रहेको सन्देश कुनै पनि हालतमा जानु हुँदैन । स्वकीय सचिवका नाममा पति वा पत्नी, छोरा-छोरी, बुहारी, ज्वाइँ नियुक्ति गर्ने विकृतिले यसको औचित्यमाथि मात्रै प्रश्न उठाएको छैन, बरु संसदीय व्यवस्थालाई नै बदनाम गराएको छ । अब पुराना विकृति कुनै पनि हालतमा दोहोरिन दिनु हुँदैन ।

'शैक्षिक योग्यता हुनेलाई विश्वास गर्न सकिएन, विश्वास गरिएकासँग शैक्षिक योग्यता भएन' भन्ने तर्क पुराना दलका सांसदका लागि उपयुक्त होला, त्यसमा पनि सांगठानिक संरचनामा बढी बाँधिने कम्युनिस्ट पार्टीका सांसदहरूका लागि झन् बढी सुहाउला । तर, मतदान गर्ने योग्यता पुगेका सबै नागरिकका लागि पार्टी सदस्यता खुला गर्ने नीति लिएर जन्मेको राष्ट्रिय स्वतन्त्र पार्टी र पछिल्लो विशेष महाधिवेशनद्वारा रास्वपाकैसँग मिल्ने नीति अंगीकार गरेको नेपाली कांग्रेसका सांसदका लागि यो सुहाउँदो विषय होइन । पार्टी सदस्यका लागि विश्वास गर्न सकिने व्यक्तिलाई स्वकीय सचिव बनाउनका लागि ' विश्वास गर्न नसकिने' तर्क अघि सार्नु भनेको प्रकारान्तरले आफ्नै परिवारका सदस्य तथा नातापातालाई नियुक्ति गर्ने भित्री स्वार्थ पनि हुन सक्छ । कुनै पनि सांसदको आधारभूत योग्यता भनेकै पारदर्शिता हो । सांसदले आफ्नो जिम्मेवारीमा रहेका कामलाई जति पारदर्शी बनाउँछ, लोकतन्त्र त्यति नै तृणमूल तहमा पुग्न सक्छ । त्यसैले, व्यक्तिगत विश्वासलाई भन्दा संस्थागत विश्वासलाई प्राथमिकता दिनुपर्छ । त्यसो त, विश्वविद्यालय स्तरको शिक्षा प्रणाली सुरु भएको १२ सय वर्ष नाघेको बेलायत तथा २०० वर्ष नाघेको भारतमा समेत सांसदका स्वकीय सचिवका लागि उच्च स्तरको शैक्षिक योग्यता नतोकिएको परिप्रेक्ष्यमा, विश्वविद्यालय शिक्षाको ७० वर्षसमेत ननाघेको हाम्रो जस्तो देशका लागि यो कति सान्दर्भिक छ ? भन्ने प्रश्नलाई पनि नजरअन्दाज गर्न मिल्दैन । कुनै एउटा विषयको शैक्षिक प्रमाणपत्र धारण गरेको व्यक्ति भन्दा सांसदको राजनीतिक संवेदनशीलता र जनताका भावना बुझेको व्यक्ति नै स्वकीय सचिवका रूपमा प्रभावकारी हुन सक्छन् । संसद् सचिवालय वा सम्बन्धित प्रशिक्षण संस्थाहरूले कार्यालय व्यवस्थापन, सामान्य कानुन निर्माण प्रक्रिया, पत्राचार र डिजिटल प्रविधिको प्रयोगसम्बन्धी छोटो अवधिको तालिम दिने व्यवस्था गरेर पनि छोटो समयमै उत्कृष्ट स्वकीय सचिव तयार पार्न सकिन्छ । न्यूनतम शैक्षिक मापदण्ड र संस्थागत तालिमको मोडल अपनाउँदा यो समस्या दिगो रूपमा हल हन सक्छ ।

# राष्ट्रिय शक्ति निर्माण : दलभन्दा माथि राष्ट्र र राष्ट्रियता



बद्रिनरसिंह केसी

> नेपालको लामो ऐतिहासिक पृष्ठभूमिमा राजसंस्थाको भूमिकालाई पनि पूर्वाग्रहबाट माथि उठेको वस्तुनिष्ठ दृष्टिले हेर्नु आजको आवश्यकता हो । राज्यको एकीकरण, भौगोलिक अखण्डता र विभिन्न ऐतिहासिक राजनीतिक कालखण्डमा राजसंस्था नेपालको राज्य संरचनाको एक अभिन्न अंग र संस्थाको रूपमा सक्रिय रह्यो ।

नेपाल आज इतिहासको एउटा अत्यन्तै महत्त्वपूर्ण र निर्णायक राजनीतिक मोडमा उभिएको छ । हाम्रो समसामयिक राजनीतिक बहसको गहिराइलाई केलाउँदा हामी अझै पनि कुन दल ठुलो, कुन नेता शक्तिशाली र कसले सत्ताको बागडोर समात्ने भन्ने संकुचित प्रश्नमै बढी अल्झिरहेका छौँ । सत्ताको अंकगणित र दलगत स्वार्थको भुँमरीमा परेर हामीले 'राष्ट्र' को बृहत्तर हितलाई छायामा पारिरहेका छौँ । तर समयले हामीलाई बारम्बार एउटा गम्भीर प्रश्न सोधिरहेको छ, हामीले अन्ततः दललाई बलियो बनाउने कि राष्ट्रलाई ? राष्ट्रको दीर्घकालीन स्थायित्व र समुन्नति हाम्रो प्राथमिकता हो वा केवल दलगत विजय ?

राष्ट्रिय दल र राष्ट्रिय शक्ति यी दुई विषयहरू एकै होइनन् र यिनीहरूलाई एकै नजरले हेर्नु हाम्रो बौद्धिक कमजोरी हुन सक्छ । राष्ट्रिय दल एउटा वैचारिक राजनीतिक संगठन मात्र हो, जसको आफ्नै निश्चित सिद्धान्त, नेतृत्व, संगठनात्मक संरचना र राजनीतिक कार्यक्रम हुन्छन् । तर राष्ट्रिय शक्ति त्योभन्दा धेरै व्यापक र ज्यादै विशाल आयाम हो । देशको राजनीतिक स्थिरता, आर्थिक सामर्थ्य, सामाजिक एकता, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय सुरक्षा, कूटनीतिक कुशलता, सुशासन, गुणस्तरीय शिक्षा, उत्पादन र प्रविधि अनि सबैभन्दा महत्त्वपूर्ण नागरिकको उच्च मनोबल, यी सबैको समन्वयात्मक रूप नै राष्ट्रिय शक्ति हो ।

तसर्थ, कुनै एउटा दल राष्ट्रिय शक्ति निर्माणको एउटा महत्त्ववपूर्ण अंग हुन सक्छ, तर सम्पूर्ण राष्ट्रिय शक्तिको एकाधिकार कुनै एउटा दलको स्वामित्वमा रहन सक्दैन । नेपाल हामी सबै नेपालीको साझा राष्ट्र हो । यो हिमाल, पहाड वा तराई-मधेसमा बस्नेहरूको मात्र नभई, समग्र नेपालीको साझा गौरवको प्रतीक हो । यो साझा भूगोल, अनेकौँ जातजाति, भाषाभाषी, धर्म, संस्कृति र समुदायका नागरिकहरूको साझा घर हो । कर्णालीको पीडा समग्र नेपाल र नेपालीको पीडा हो, मधेसको अथाह सम्भावना नै नेपालको उज्ज्वल भविष्य हो, हिमालको गौरव र पहाडको योगदान उत्तिकै राष्ट्रिय सम्पत्ति हुन् ।

नेपालको राष्ट्रियता विविधतालाई दबाएर वा एकाधिकार लादेर होइन, अपितु विविधतालाई आत्मसात् गर्दै र सम्मान गर्दै साझा नेपाली पहिचान निर्माण गर्दा मात्रै बलियो र चिरस्थायी हुन्छ । नेपालको राष्ट्रनिर्माणको इतिहास पनि कुनै एउटा विशेष राजनीतिक धारको मात्र इतिहास होइन । राज्य एकीकरणदेखि आधुनिक लोकतान्त्रिक आन्दोलन, पञ्चायतविरोधी संघर्ष, जनयुद्ध, शान्ति प्रक्रिया र वर्तमान संविधान निर्माणसम्मको यात्रामा सम्पूर्ण राजनीतिक शक्ति, नेतृत्व र सचेत नागरिकले आफ्नो-आफ्नो कालखण्डमा भूमिका निर्वाह गरेका छन् ।

इतिहासको निष्पक्ष मूल्यांकन गर्दा कसैलाई देवत्वकरण गर्ने वा कसैलाई पूर्णतः निषेध गर्ने प्रवृत्तिले हामीलाई सही वस्तुगत निष्कर्षमा पुऱ्याउँदैन । राष्ट्रनिर्माणको लामो प्रक्रियामा भएका योगदान र कमजोरी दुवैलाई खुला हृदयले स्वीकार गरी राष्ट्रिय एकताको साझा संकल्पका साथ अगाडि बढ्नु नै आजको सबैभन्दा परिपक्व राजनीतिक संस्कार हो । यसै दृष्टिकोणले नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतका प्रमुख राजनीतिक दलहरूको ऐतिहासिक भूमिकालाई पनि पुनरवलोकन गर्नुपर्ने हुन्छ ।

नेपाली कांग्रेसले लोकतन्त्र, नागरिक अधिकार र बहुदलीय प्रतिस्पर्धाका लागि आफ्नो लामो संघर्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसर्थ, लोकतान्त्रिक संस्थाहरूलाई संस्थागत गर्ने, विधिको शासनलाई अटल राख्ने र नागरिक स्वतन्त्रताको रक्षा गर्ने प्रमुख दायित्व पनि उसैमाथि रहन्छ । दलहरूले आफ्ना विचारधाराभन्दा माथि उठेर राष्ट्रिय स्वार्थलाई केन्द्रविन्दुमा राख्न सके मात्र लोकतन्त्रले वास्तविक जग पाउनेछ ।

लोकतन्त्रलाई केवल आवधिक निर्वाचन र सरकार परिवर्तनको परम्परागत प्रक्रियामा मात्र सीमित गर्नु हुँदैन । यसलाई सुशासन, नागरिकका लागि आर्थिक अवसर र सम्मानजनक जीवनयापनसँग जोड्न सक्नुपर्छ । आजको लोकतान्त्रिक अभ्यासको विडम्बना के बन्दै गएको छ भने, यसलाई विधि, पद्धति र जनउत्तरदायित्वको सहिष्णु बाटोबाट हिँडाउनुको सट्टा राजनीतिक भागबन्डा र निरंकुश प्रवृत्तितर्फ घिसारिँदै लगिएको छ । लोकतन्त्रको यो विरूपणले जनतामा एक प्रकारको नैराश्यता पैदा गरिरहेको छ, जसलाई समयमै सम्बोधन गर्न आवश्यक छ ।

नेकपा (एमाले) नेपालको राष्ट्रिय राजनीतिक मञ्चमा एक महत्त्वपूर्ण र बलियो राजनीतिक शक्ति हो । संगठनात्मक सुदृढता, राज्य सञ्चालनको अनुभव र विकासका एजेन्डामा यसको प्रभाव स्पष्ट रूपमा देखिन्छ । तर अब विकासको अर्थ केवल भौतिक संरचना वा भ्यूटावर निर्माणमा मात्र सीमित हुनु हुँदैन, उत्पादनलाई व्यापक रूपमा बढाउने, दिगो रोजगारी सिर्जना गर्ने, विदेशिन बाध्य युवाहरूलाई स्वदेशमै अर्थपूर्ण अवसर दिने र राज्यका प्रशासनिक संस्थाहरूलाई पूर्ण रूपमा परिणाममुखी बनाउने दिशामा ठोस तथा दीर्घकालीन नीति अवलम्बन गर्नुपर्ने खाँचो छ ।

त्यसैगरी, नेकपा (माओवादी केन्द्र) र त्यसको नेतृत्वले नेपालको परिवर्तनकारी राजनीतिक आन्दोलनमा खेलेको भूमिकालाई पनि कसैले अस्वीकार गर्न सक्दैन । अबको मुख्य चुनौती भनेको राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई जनताको दैनिक जीवनमा प्रत्यक्ष अनुभूत हुने आर्थिक तथा सामाजिक रूपान्तरणमा बदल्नु हो । परिवर्तनको वास्तविक र निष्पक्ष परीक्षण ठुला र आकर्षक नाराहरूमा होइन, आमनागरिकको जीवनस्तरमा आएको ठोस सुधारमा आधारित हुन्छ ।

तर नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) वा अन्य जुनसुकै दल किन नहुन्, तिनको भूमिका अन्ततः बृहत् राष्ट्रिय शक्तिको एउटा सीमित हिस्सा मात्र हो । राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा हुनु लोकतन्त्रको सुन्दर पक्ष हो र यो अपरिहार्य पनि छ, तर राष्ट्रिय हित र अस्तित्वसँग जोडिएका आधारभूत विषयमा भने दलहरूबीच न्यूनतम सहमति र सहकार्य हुनै पर्छ । राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, आर्थिक विकास, सुशासन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगारी, ऊर्जा, कृषि, पर्यटन, प्रविधि र सन्तुलित परराष्ट्र नीति कुनै एक दलको मात्र चुनावी एजेन्डा होइनन् - यी त सिंगो देशका साझा र पवित्र राष्ट्रिय एजेन्डा हुन् ।

नेपालको लामो ऐतिहासिक पृष्ठभूमिमा राजसंस्थाको भूमिकालाई पनि पूर्वाग्रहबाट माथि उठेको वस्तुनिष्ठ दृष्टिले हेर्नु आजको आवश्यकता हो । राज्यको एकीकरण, भौगोलिक अखण्डता र विभिन्न ऐतिहासिक राजनीतिक कालखण्डमा राजसंस्था नेपालको राज्य संरचनाको एक अभिन्न अंग र संस्थाको रूपमा सक्रिय रह्यो । यस संस्थाले देशका लागि पुऱ्याएका योगदानहरू र त्यसक्रममा भएका कमजोरीहरू दुवै इतिहासका गम्भीर समीक्षाका विषय हुन् ।

इतिहासलाई वर्तमान समयको दलीय वा वैचारिक आग्रहको चश्माले मात्र व्याख्या गर्नु न्यायसंगत हुँदैन । विशेषगरी राजा ज्ञानेन्द्रको प्रसंगलाई हेर्दा पनि हामीले भावनामा बहकिएभन्दा तथ्यांक र यथार्थ इतिहासको कसीमा कुरा गर्नुपर्छ । २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनपछि नाटकीय ढंगले राष्ट्रिय राजनीतिक परिस्थिति बदलियो, राजसंस्थाको अधिकार र शक्ति क्रमशः समाप्त हुँदै गयो र अन्ततः यो संस्था औपचारिक रूपमा विसर्जन भयो । त्यस ऐतिहासिक मोडमा राजा ज्ञानेन्द्रले देश छाडेर विदेशमा निर्वासन रोजेनन्, राजतन्त्रको सर्वोच्चताबाट अलग भएर पनि उनी नेपालमै एक साधारण नागरिकको जीवन बिताउँदै आएका छन् ।

यो घटनालाई धेरैले राजसंस्थाप्रतिको शालीन सम्मानको रूपमा बुझेका छन् भने इतिहासको एक निष्पक्ष तथ्यको रूपमा यसलाई राजा ज्ञानेन्द्रको सुझबुझपूर्ण निर्णयको रूपमा पनि स्मरण गर्नुपर्छ । तसर्थ, नेपालमा बहुदलीय लोकतन्त्र र जनताबाट निर्वाचित दलहरूले शासन गर्ने परिपाटी सदा जीवन्त रहोस्, साथसाथै राष्ट्रको साझा, अभिभावकीय तथा संवैधानिक संस्थाको रूपमा राजसंस्थाको गरिमामय उपस्थिति पुनः स्थापित होस् भन्ने चाहना पनि नेपाली समाजको एउटा तप्कामा गहिरिएर रहेको देखिन्छ ।

यससँगै राष्ट्रियता, सामाजिक सद्भाव, राष्ट्रिय एकता र सनातन संस्कारलाई पनि संरक्षण गर्नुपर्छ भन्ने भावना जनमानसमा मुखरित भइरहेको छ । आज राजसंस्था चाहिन्छ कि गणतन्त्र नै नेपालको अन्तिम राजनीतिक गन्तव्य हो भन्ने विषयमा नेपाली समाजमा फरक मत हुनु स्वाभाविक हो । लोकतन्त्रको सुन्दरता नै यही हो, फरक विचार राख्ने अधिकार सबैलाई हुन्छ । राजसंस्थाको पक्षमा विचार राख्ने नागरिकलाई अपमान गरेर लोकतन्त्र बलियो हुँदैन, त्यसैगरी गणतन्त्रका पक्षधर नागरिकलाई अस्वीकार गरेर पनि राष्ट्रिय एकता कायम हुँदैन ।

विवादलाई हिंसा वा घृणामा होइन, संवाद र संवैधानिक प्रक्रियामा लैजान सक्नु नै परिपक्व लोकतन्त्रको पहिचान हो । हामीले अब राजनीतिको केन्द्रमा सत्ता मात्र होइन, राष्ट्र राख्नुपर्छ । आज लाखौँ युवा रोजगारी र भविष्यको खोजीमा विदेशिन बाध्य छन् । गाउँमा उत्पादन घटिरहेको छ, अर्थतन्त्रमा परनिर्भरता बढिरहेको छ र नागरिकमा राजनीतिक नेतृत्वप्रतिको विश्वास कमजोर हुँदै गएको छ । यस्तो अवस्थामा राष्ट्रिय शक्ति निर्माणको पहिलो सर्त राजनीतिक इमानदारी र दीर्घकालीन राष्ट्रिय दृष्टिकोण हो ।

राष्ट्रिय शक्ति संसद्मा रहेका सांसदको संख्या मात्र होइन । किसानको खेतमा उत्पादन हुने अन्न, श्रमिकको पसिनाले बनेको संरचना, युवाको सीप, उद्यमीको लगानी, शिक्षकको ज्ञान, वैज्ञानिकको अनुसन्धान, सुरक्षाकर्मीको कर्तव्य, विदेशमा रहेका नेपालीले पठाएको योगदान र आमनागरिकको राज्यप्रतिको विश्वास, यी सबै राष्ट्रिय शक्तिका आधार हुन् । त्यसैले अब हाम्रो राजनीतिक सोचमा एउटा परिवर्तन आवश्यक छ । कांग्रेस बलियो होस्, एमाले बलियो होस्, माओवादी केन्द्र बलियो होस्, अन्य दलहरू पनि आफ्ना विचारसहित बलिया होऊन्, तर यी सबैभन्दा माथि नेपाल बलियो हुनुपर्छ ।

दलहरूबीच प्रतिस्पर्धा होस्, तर राष्ट्रको भविष्यमा सहमति होस् । विचार फरक होस्, तर राष्ट्रिय हितमा साझा प्रतिबद्धता होस् । नेपाल कुनै दलको निजी सम्पत्ति होइन । यो कुनै नेता, समुदाय वा भूगोलको मात्र देश पनि होइन । यो हिमाल, पहाड र तराईका सबै नेपालीको साझा राष्ट्र हो । हाम्रा भाषा फरक हुन सक्छन्, संस्कार फरक हुन सक्छन्, राजनीतिक विचार फरक हुन सक्छन्; तर हाम्रो साझा भविष्य नेपालसँग जोडिएको छ ।

अन्ततः राष्ट्रिय दलहरू लोकतान्त्रिक प्रतिस्पर्धाका माध्यम हुन् भने राष्ट्रिय शक्ति सम्पूर्ण नेपालीको साझा सामर्थ्य हो । दल र नेता समयसँगै परिवर्तन हुन्छन्, तर राष्ट्र रहिरहन्छ । त्यसैले आजको सबैभन्दा ठुलो राजनीतिक आवश्यकता दललाई मात्र जिताउने होइन, नेपाललाई जिताउने राजनीति हो । तसर्थ राजा ज्ञानेन्द्र र राजसंस्थाको अनुभव र भूमिका पनि यसमा जोडिनुपर्छ भन्ने आमभावना पनि छँदै छ । अतः दलभन्दामाथि राष्ट्र, स्वार्थभन्दामाथि राष्ट्रिय हित र विभाजनभन्दामाथि नेपाली एकता यही सोचबाट मात्र बलियो राष्ट्रिय शक्ति निर्माण हुनसक्छ भन्ने हेक्का राख्नुपर्छ ।

# जेनजी आन्दोलनकारीले सिक्नुपर्ने विषय



श्रीमन नारायण

छिमेकी भारतको झारखण्ड राज्यमा विद्यार्थीले गरेको शान्तिपूर्ण आन्दोलन अन्ततः सफलतामा टुंगिएको छ । हिंस्रक, आक्रामक, गालीयुक्त र तथ्य एवं तर्कहीन विषयलाई चर्चामा ल्याएर सरकारलाई नतमस्तक तुल्याउने, राजीनामा गर्न बाध्य पार्ने र देशमा अराजकता फैलाउने मान्यता विपरीत आमरण अनशन र सत्याग्रह बढी प्रभावकारी हुन्छन् भन्ने कुरा झारखण्ड आन्दोलनले सावित गरेको छ ।

झारखण्डको आन्दोलन झन्डै १ महिना (२४ दिन) सम्म चलेको थियो । आन्दोलनकारीहरूले न त कसैलाई गाली दिए, न त असामाजिक तत्त्वहरूलाई मञ्चमा आसन ग्रहण गर्न दिए वा बोल्ने अवसर प्रदान गरे, न त देशविरोधी नारा लगाए, न त जेलमा रहेका कुनै नेता वा आन्दोलनकारीको रिहाइको माग गरे, न त प्रहरी र आरएएफलाई कुटपिट नै गरे, न त सार्वजनिक वा निजी सम्पत्तिलाई नै क्षति पुऱ्याए । छात्र नेता प्रेम नायकको भोकहडताल १४औँ दिनसम्म पुगिसकेको थियो, उनको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको थियो । छात्र नेता देवेन्द्रनाथ महतोले पनि १४ दिनपछि सरकारद्वारा मागको सम्बोधन गरिएपछि आफ्नो भोकहडताल समाप्त गरे ।

झारखण्डको राजधानी राँचीमा सरकारी जागिरका लागि भएको परीक्षा अघि नै प्रश्नपत्र लिक भएको भन्दै छात्रहरूले सम्पन्न परीक्षालाई रद्द गर्न तथा त्यस परीक्षामा सफल भई जागिर खाइरहेकाहरूलाई समेत खारेज गर्न माग राखी हडताल सुरु गरेका थिए । आन्दोलनका प्रमुख कारणहरूमा झारखण्ड लोकसेवा आयोग (जेपीएससी-जेएसएससी) भर्ना परीक्षाहरूमा भएको अनियमितताको छानबिनको माग, परीक्षाको परिणाम रद्द गरिनु तथा यस घटनामा सामेलहरूमाथि समुचित कारबाही हुनुपर्ने विषयलाई प्रमुखताका साथ उठाइएको थियो ।

प्रतियोगितात्मक परीक्षाहरूमा भएको धाँधली, पेपर लिक र भ्रष्टाचारको विरोधमा हजारौँको संख्यामा सडकमा उत्रेका छात्रहरूले परीक्षालाई रद्द गर्न, टिडिपिएलद्वारा लिइएका परीक्षाहरूको जाँच तथा दोषीमाथि कारबाहीका लागि सुरुमा राज्य सरकारलाई ज्ञापनपत्र पनि बुझाएका थिए, तर सुनुवाइ नभएपछि अहिंस्रक एवं शान्तिपूर्ण आन्दोलनको सहारा लिए । यसका प्रमुख २ नेता त आफैँ भोकहडतालमा बसेका थिए ।

आखिर आन्दोलनकारीहरूको मागलाई सम्बोधन गर्न प्रदेश सरकार बाध्य भयो । छात्रहरूको प्रमुख मागलाई मान्दै सरकारले परीक्षा र त्यससित सम्बन्धित सबै प्रक्रियामाथि पाइला चाल्यो । त्यसपछि आन्दोलनकारीहरू पनि खुसी भए र आफ्नो भोकहडताल समाप्त गरे । भोकहडतालमा सहभागी प्रेम नायक र देवेन्द्रनाथ महतो आफ्नो ज्यान जान सक्ने अवस्था आइसकेको भए पनि माग पूरा नहुन्जेलसम्म आफ्नो अडानबाट पछाडि नहट्नेमा दृढ थिए । अन्ततः उनीहरू सफल पनि भए ।

महात्मा गान्धीको देश भारतमा अहिले पनि सत्य र अहिंसामाथि विश्वास गर्नेहरू धेरै संख्यामा छन् । २१औँ शताब्दीमा यस्तो प्रयोग गर्ने छात्रहरू पनि साधुवादका पात्र हुन् । आगामी दिनमा यस क्षेत्र र विश्वकै युवा एवं छात्रहरू पनि महात्मा गान्धीको अहिंस्रक आन्दोलनको अस्त्रको उपयोग गर्न सक्दछन् । महात्मा गान्धी भन्ने गर्थे - 'आत्मअनुशासन र बलिदानबिना राहत अथवा मुक्तिको आशा गर्न सकिँदैन, तर अनुशासनहीन बलिदानले पनि काम चल्दैन ।' स्पष्टतः उनले आन्दोलनकारीहरूलाई नै पहिले आत्मअनुशासनमा बस्न भनेका छन् । एउटा अनुशासित, विनम्र र समर्पित सत्याग्रहीले नै आन्दोलनको नेतृत्व गर्न सक्दछ । आफूलाई आफ्नो अनुशासनभित्र राख्नु कठोर तपस्या र त्याग हो, जो सहज छैन ।

सैनिकको निम्ति त यो नियम लागू हुँदैन, तर एउटा आन्दोलनकारीको हकमा भने अवश्य पनि लागू हुन्छ । सशस्त्र संघर्षमा उत्रेकाले हत्या-हिंसा गर्न खोज्दा अथवा अरूको ज्यान लिन खोज्दा आफ्नो ज्यान गुमाउनुपर्ने अवस्था पनि उत्पन्न हुन्छ, यसलाई बलिदान कसरी मान्ने ? शान्तिपूर्ण आन्दोलनमा सहभागी भई सरकार अथवा शासकको कार्यप्रणाली र मनमानीको विरोध गर्दा यदि ज्यान जान्छ भने त्यो पो शहादत हो, बलिदान हो ।

लोकतन्त्रमा सरकारको कामकाजबाट असन्तुष्ट भएकाहरूले शान्तिपूर्ण तरिकाले सरकारसामु आफ्नो माग राख्नु, माग सम्बोधन गर्न एउटा निश्चित समयसीमा दिनु र सरकारले त्यसपछि पनि ध्यान दिएन भने सरकारको विरोध गर्नु जनताको संविधानप्रदत्त अधिकार हो । नेपालमा पनि अहिंसात्मक आन्दोलनका धेरै प्रयोग भएका छन् । नेपाली कांग्रेसको सत्याग्रह आन्दोलन यसको ठुलो उदाहरण र प्रमाण हो । नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंह आफू बाँचुन्जेलसम्म आफ्नो पार्टीको सिद्धान्तलाई महात्मा गान्धी, मार्टिन लुथर किङ, नेल्सन मण्डेला र शेख मुजिबुर रहमानबाट प्रभावित बताउँथे ।

दक्षिण एसियाका देशहरूमा भारतबाट विभाजित भई अस्तित्वमा आएको पाकिस्तान र पाकिस्तानबाट विभाजित भई अस्तित्वमा आएको बंगलादेशमा हत्या-हिंसाले बढी महत्त्व पाउँदै आएको हो । बंगबन्धु शेख मुजिबुर रहमान अहिंसामा विश्वास राख्थे, तर उनको जीवनकालमै बंगलादेशमा हत्या-हिंसाले स्थान पाउन थाल्यो, त्यहाँ लोकतन्त्रको घाँटी निमोठ्ने काम भयो ।

सिंहली राष्ट्रवाद र बुद्ध धर्मको देशका रूपमा चर्चा पाएको श्रीलंकामा त्यहाँका शासकहरूले आफ्ना जनतालाई राष्ट्रवादको नशामा लठ्याएर आफूखुसी गर्न थाले । महिन्दा राजापाक्षेका भाइ, भतिजा, नाति र अन्य नातेदारहरू पनि देशको शासनसत्तामा निर्णायक तथा बढी पैसा कमाउने ठाउँमा कब्जा गरिसकेका थिए । जब विद्यार्थीहरूको परीक्षाको प्रश्नपत्र र परीक्षा कपी किन्ने क्षमता पनि सरकारसित रहेन, देशमा महँगी बढ्दै गयो, खाद्यान्नको अभाव बढ्दै गयो, अनि जनता सडकमा आउन बाध्य भए । आक्रोशित जनताले आफ्नो धैर्यलाई संयमित राख्न सकेनन् तथा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदहरूलाई समेत आक्रोशको निशाना बनाए ।

श्रीलंकाको आन्दोलन त एककिसिमले जायज पनि थियो, तर बंगलादेशमा आन्दोलनको कुनै औचित्य नै थिएन । देशको अर्थतन्त्र पनि सही दिशामा अगाडि बढिरहेको थियो । लोकतान्त्रिक शासन पनि थियो । देशमा राजनीतिक स्थायित्व पनि थियो, तर इस्लामिक कट्टरपन्थी समूहको बढ्दो सक्रियताले त्यहाँ शेख हसिनाको सरकारलाई अपदस्त गऱ्यो । अर्थशास्त्री मोहम्मद युनुस अन्तरिम सरकारका प्रमुख भए, शिक्षित नेता योग्य शासक पनि हुन सक्छ भन्ने मान्यतालाई विश्वको राजनीतिक घटनाक्रमले स्थापित गर्न सकेन । उनको शासनकालमा पनि धार्मिक कट्टरता झन् बढ्यो ।

शेख हसिना तथा उनको पार्टीलाई चुनावमा भाग लिनबाट वञ्चित गराएर भएको चुनावमा पूर्वराष्ट्रपति जियाउर रहमान र पूर्वप्रधानमन्त्री खालिदा जियाका सुपुत्र तारिक रहमान चुनाव जितेर प्रधानमन्त्री बनेका छन् । गत वर्ष नेपालमा भएको जेनजी आन्दोलनले देशका स्थापित राजनीतिक दलहरूलाई विस्थापित गरी रास्वपालाई सत्तामा ल्यायो, तर त्यो आन्दोलन पनि हिंसात्मक नै थियो । सार्वजनिक र निजी सम्पत्तिमा क्षति पुऱ्याइएको थियो । झारखण्डको आन्दोलनको नयाँ बाटोले भोलिका दिनमा जेनजी युवाहरूलाई पनि आन्दोलनको नयाँ बाटो अपनाउन प्रेरित गर्नेछ । तोडफोड र हिंसा नै आन्दोलनको एक मात्र माध्यम हुन सक्दैन ।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | मित्रजन सित भेट । | मिथुन | आफन्तजनबाट साथ । | सिंह | परिवारबाट सहयोग । | तुला | भौतिक सुख प्राप्त । | धनु | आनन्द प्राप्त । | कुम्भ | धैर्य गर्नु पर्ने । |
| वृष | आर्थिक लाभ । | कर्कट | ब्यापारमा लाभ । | कन्या | पराक्रम बढने । | वृश्चिक | बिरोधी परास्त । | मकर | मान प्रतिष्ठा बढने । | मीन | अध्ययनमा सफलता । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# धान-गहुँको चक्र तोडौँ : दलहन लगाऔँ, माटो जोगाऔँ

■ हृदयराज गौतम



नेपालको कृषि प्रणालीमा धान र गहुँको आफ्नै महत्त्वपूर्ण स्थान छ। धान हाम्रो प्रमुख खाद्यान्न बाली हो भने गहुँले तराईदेखि पहाडसम्मको खाद्य प्रणालीमा ठुलो योगदान पुऱ्याएको छ। त्यसैले धान र गहुँलाई नै कृषि समस्याको कारणका रूपमा हेर्नु उचित हुँदैन। प्रश्न यति मात्र हो, एउटै खेतमा वर्षौंसम्म धानपछि गहुँ र फेरि धानपछि गहुँकै चक्र दोहोऱ्याइरहँदा माटो, उत्पादन लागत र किसानको आम्दानीमा दीर्घकालीन प्रभाव कस्तो पर्छ ? यही प्रश्नको एउटा व्यावहारिक उत्तर हुन सक्छ, बाली चक्रमा दलहनको प्रवेश। चना, मसुरो, रहर, मुग, मास, भटमासलगायतका दलहनलाई हामी प्रायः प्रोटिनको स्रोतका रूपमा मात्र बुझ्छौँ। तर दलहनको महत्त्व हाम्रो भान्सासम्म मात्र सीमित छैन। यसको सम्बन्ध माटोको स्वास्थ्य, पोषण चक्र, बाली विविधीकरण र किसानको आम्दानीसँग पनि जोडिएको छ।

### माटोलाई पनि पालो चाहिन्छ



मसुरो खेती

किसानले खेतबाट हरेक वर्ष उत्पादन लिन्छन्, तर माटोबाट बालीले सोसेर लगेका पोषक तत्त्वको सन्तुलन कसरी कायम गर्ने भन्ने प्रश्न कमै उठ्छ। लगातार एउटै प्रकृतिका बाली लगाउँदा माटोमा पोषक तत्त्वको मागको स्वरूप पनि दोहोरिन्छ। त्यसैले बाली चक्रमा विविधता ल्याउनु माटो व्यवस्थापनको महत्त्वपूर्ण उपाय हो। सन् २०१६ को एउटा कृषि अनुसन्धान प्रकाशनमा नेपालका विभिन्न कृषि प्रणालीबारे चर्चा गर्दै अन्नबालीपछि फेरि अन्नबाली मात्र दोहोऱ्याउने चक्रको सट्टा दलहनलाई बाली प्रणालीमा समावेश गर्नुपर्ने सुझाव दिइएको छ। त्यसमा धानपछि मसुरो, धानपछि चना तथा मकैसँग रहर वा अन्य दलहन जोडिएका विभिन्न प्रणाली उल्लेख छन्। अध्ययनले बाली प्रणाली छनोट गर्दा स्थानको माटो, वातावरण, मौसम र उपलब्ध स्रोतलाई ध्यान दिनुपर्ने पनि देखाउँछ।

यसको अर्थ धान-गहुँ छोडेर सबै खेतमा दलहन मात्र लगाउनुपर्छ भन्ने होइन; जहाँ उपयुक्त हुन्छ, त्यहाँ धान-गहुँको एकोहोरो चक्रमा दलहन समावेश गरौँ भन्ने हो। दलहनले माटोलाई कसरी सहयोग गर्छ ? दलहनको जरा र त्यससँग सहजीवी सम्बन्धमा रहने सूक्ष्मजीवका कारण वायुमण्डलको नाइट्रोजनलाई जैविक प्रक्रियाबाट उपयोग गर्ने क्षमता हुन्छ। यही कारणले दलहनलाई बाली चक्रमा समावेश गर्दा माटोको नाइट्रोजन चक्रमा योगदान पुग्न सक्छ। नेपालको कृषि प्रणालीबारे गरिएको एक अध्ययनमा पनि दलहनको माटोको उर्वरता सुधारमा भूमिका र बाली तीव्रता बढाउने सम्भावनालाई महत्त्वपूर्ण मानिएको छ।

> ❝
>
> एउटै खेतमा वर्षौंसम्म धानपछि गहुँ र फेरि धानपछि गहुँकै चक्र दोहोऱ्याइरहँदा माटो, उत्पादन लागत र किसानको आम्दानीमा दीर्घकालीन प्रभाव कस्तो पर्छ ? यही प्रश्नको एउटा व्यावहारिक उत्तर हुन सक्छ, बाली चक्रमा दलहनको प्रवेश । दलहनको महत्त्व हाम्रो भान्सासम्म मात्र सीमित छैन । यसको सम्बन्ध माटोको स्वास्थ्य, पोषण चक्र, बाली विविधीकरण र किसानको आम्दानीसँग पनि जोडिएको छ ।
>
> अब एउटा सरल आह्वान गरौँ, धान-गहुँको चक्र तोडौँ । दलहन लगाऔँ । माटो जोगाऔँ । आम्दानी बढाऔँ । आजको खेतबाट गरिएको सही बाली छनोटले नै भोलिको माटो र किसानको भविष्य निर्धारण गर्नेछ ।

सन् २०२४ मा प्रकाशित उक्त अध्ययनका अनुसार, नेपालमा खेतीयोग्य क्षेत्रको करिब ११ प्रतिशत हिस्सा विभिन्न खाद्य दलहनले ओगटेको र दलहन खाद्य तथा पोषण सुरक्षासँगै माटोको उर्वरता सुधारका दृष्टिले पनि महत्त्वपूर्ण रहेको उल्लेख छ। तर यहाँ एउटा भ्रमबाट बच्नुपर्छ। दलहन लगाएपछि रासायनिक नाइट्रोजन मलको आवश्यकता पूर्ण रूपमा समाप्त हुन्छ भन्ने होइन। दलहनबाट हुने नाइट्रोजन स्थिरीकरण बालीको जात, माटो, सूक्ष्मजीव, व्यवस्थापन र बाली अवशेष खेतमा फर्काइएको वा नफर्काइएको अवस्थाअनुसार फरक पर्छ। त्यसैले दलहनलाई रासायनिक मलको पूर्ण विकल्प होइन, माटोको पोषण चक्र सुधार्ने एउटा महत्त्वपूर्ण प्राकृतिक उपायका रूपमा बुझ्नु वैज्ञानिक हुन्छ।

### चना : धानपछिको एउटा सम्भावित विकल्प

तराईका किसानका लागि धानपछि गहुँ लगाउनु सामान्य अभ्यास हो। तर जहाँ पानी, समय, माटो र बजारको अवस्था अनुकूल छ, त्यहाँ धानपछि चना वा मसुरो जस्ता दलहनलाई विकल्पका रूपमा सोच्न सकिन्छ। नेपालका कृषि प्रणालीसम्बन्धी अनुसन्धानमा धान-चना र धान-मसुरो जस्ता प्रणालीलाई धान-गहुँको विकल्पका रूपमा उल्लेख गरिएको छ। विशेषगरी वर्षायाममा धान खेतीपछि उपलब्ध हुने हिउँदेबाली (रबी फसल)को समयलाई उपयोग गर्न सके एउटै खेतबाट अर्को उत्पादन लिन सकिने सम्भावना रहन्छ। चना केवल दालका रूपमा महत्त्वपूर्ण होइन। यसले बाली चक्रमा विविधता ल्याउँछ र त्यसपछि आउने बालीका लागि माटोको पोषण व्यवस्थापनमा योगदान पुऱ्याउन सक्छ। पुराना नेपाली अनुसन्धानका विवरणमा चनालाई बाली चक्रमा समावेश गर्दा त्यसपछि लगाइएको धानको उत्पादनमा वृद्धि तथा मल खर्चमा बचत देखिएको उल्लेखसमेत पाइन्छ। तर यस्ता परिणाम स्थान, वर्ष, जात र व्यवस्थापनअनुसार फरक हुन सक्ने भएकाले प्रत्येक किसानको खेतमा उस्तै परिणाम आउँछ भनेर दाबी गर्नु हुँदैन।

### मसुरो : माटो मात्र होइन, किसानको हिसाब पनि

अब प्रश्न आउँछ - दलहनले माटो सुधार गर्छ भने किसानको आम्दानी कति हुन्छ ? यसको एउटा नेपाली उदाहरण मसुरोबाट लिन सकिन्छ। सन् २०२२ (वि.सं. २०७९) मा प्रकाशित दामोदर गौतम, शिवचन्द्र ढकाल, ऋषिराम कट्टेल र नारायणप्रसाद खनालको अध्ययनमा कैलाली, दाङ र सिराहा जिल्लाका मसुरो उत्पादक किसानलाई समेटेर मसुरो उत्पादनको लाभ, लागत र स्रोत उपयोगको विश्लेषण गरिएको थियो। अध्ययनका लागि ३०० जना खाद्यान्नका लागि मसुरो उत्पादन गर्ने किसान तथा १०० जना बिउ उत्पादन गर्ने किसानबाट तथ्यांक संकलन गरिएको थियो।

अध्ययनमा खाद्यान्नका रूपमा मसुरो उत्पादन गर्दा लाभ-लागत अनुपात १.४१ र बिउ उत्पादन गर्दा १.५९ देखिएको थियो। यहाँ उल्लेख गरिएको कुल लाभ र कुल लागतबीचको अनुपात हो। सामान्य भाषामा बुझ्दा, अध्ययनमा प्रयोग गरिएको गणनाअनुसार १०० रुपैयाँ लागतमा १४१ रुपैयाँ बराबरको कुल लाभ प्राप्त भएको अवस्था १.४१ हो। अर्थात् लागत कटाएपछि ४१ रुपैयाँ बराबरको अतिरिक्त प्रतिफल बाँकी रहन्छ। त्यस्तै १.५९ भनेको १०० रुपैयाँ लागतको तुलनामा १५९ रुपैयाँ बराबरको कुल लाभ र लागत कटाएपछि ५९ रुपैयाँ बराबरको अतिरिक्त प्रतिफल देखिनु हो। तर उक्त अध्ययनको एउटा अझ महत्त्वपूर्ण निष्कर्ष छ - किसानको लाभ बढ्नुमा उत्पादन मात्र होइन, उत्पादनको मूल्य बढ्नुको पनि ठूलो भूमिका थियो। अर्थात् दलहन खेतीको आर्थिक भविष्य उत्पादनसँगै बजार र मूल्यसँग जोडिएको छ। चितवनको रामपुरमा सन् २०१८-१९ मा गरिएको धानमा आधारित बाली प्रणालीको आर्थिक परीक्षणमा धान-गहुँ प्रणालीको अनुपात १.३६ देखिएको थियो भने धान-मकै प्रणालीमा यही अनुपात १.८१ पुगेको थियो। अर्कोतर्फ, कैलाली, दाङ र सिराहाका ३०० किसानलाई समेटिएको सन् २०२२ को अध्ययनमा मसुरोको खाद्यान्न उत्पादनमा अनुपात १.४१ र बिउ उत्पादनमा १.५९ देखिएको थियो।

यी तथ्यहरू एउटै अध्ययनका नभए पनि विभिन्न अध्ययनमा देखिएका आर्थिक प्रतिफललाई सँगसँगै राख्दा एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ, कुन बाली लगाउने भन्ने मात्र होइन, कुन बाली प्रणालीले किसानलाई बढी आर्थिक प्रतिफल दिन्छ भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ। यसबाट हामीले एउटा ठुलो पाठ सिक्न सक्छौँ, दलहन लगाएर मात्र आम्दानी बढ्दैन, राम्रो बिउ, उचित प्रविधि, उत्पादन, बजार र उचित मूल्यको समग्र व्यवस्था आवश्यक हुन्छ।

### रहर : अर्को सम्भावना

रहरलाई पनि हामीले बाली विविधीकरणको दृष्टिले हेर्न आवश्यक छ। रहर लामो अवधिको दलहन भएकाले यसको प्रयोग मसुरो वा चनाजस्तो धानपछि तुरुन्त लगाउने प्रणालीमा मात्र सीमित हुँदैन। मकै वा अन्य बालीसँग अन्तरबाली तथा मिश्रित प्रणालीमा समेत यसको सम्भावना छ। पश्चिम तराईको नेपालगन्ज क्षेत्रमा सन् १९९१-१९९२ र १९९२-१९९३ मा गरिएको रहरमा आधारित अन्तरबाली परीक्षणमा रहरलाई मकैसँग निश्चित अनुपातमा लगाउँदा एकल बाली प्रणालीको तुलनामा भूमि उपयोग र मौद्रिक प्रतिफलमा फाइदा देखिएको थियो।

त्यस परीक्षणमा रहर-मकैको १:१ प्रणालीले १.५३ अनुपात दिएको थियो। यसको अर्थ एउटै जमिनमा २ बालीलाई उचित तरिकाले मिलाएर खेती गर्दा जमिनको उत्पादनशील उपयोग बढाउन सकिने सम्भावना हुन्छ।

### माटो सुधार र आम्दानीलाई छुट्टाछुट्टै नहेरौँ

हाम्रो कृषि नीतिमा एउटा कमजोरी के देखिन्छ भने माटो स्वास्थ्य र किसानको आम्दानीलाई अलग-अलग विषयका रूपमा हेर्ने प्रवृत्ति छ। किसानलाई माटो बचाऊ भनिन्छ, तर माटो बचाउँदा उसको आम्दानी कति हुन्छ भन्ने प्रश्नको उत्तर सधैँ दिइँदैन। अर्कोतर्फ किसानलाई उत्पादन बढाऊ भनिन्छ, तर त्यस क्रममा माटोको दीर्घकालीन स्वास्थ्य कस्तो हुन्छ भन्ने विषय पर्याप्त प्राथमिकतामा पर्दैन। अब यी २ लाई एउटै सूत्रमा राख्नुपर्छ। किसानले कमाउने पनि, माटोले गुमाउने पनि होइन। किसानले कमाउने र माटोले पनि सुधार हुने प्रणाली चाहिन्छ। त्यसैले बाली परिवर्तनलाई केवल कृषि प्राविधिक सल्लाह होइन, आर्थिक रणनीतिका रूपमा पनि हेर्नुपर्छ।

### सरकारको भूमिका कहाँबाट सुरु हुन्छ ?

किसानले आफ्नो खेतमा धानपछि चना वा मसुरो लगाउने निर्णय गर्न चाह्यो भने उसलाई सबैभन्दा पहिले राम्रो बिउ चाहिन्छ। त्यसपछि प्राविधिक ज्ञान, रोग-कीरा व्यवस्थापन, बजार र मूल्य चाहिन्छ। सरकारले दलहनलाई केवल दाल उत्पादन गर्ने बालीका रूपमा होइन, माटो स्वास्थ्य, पोषण सुरक्षा, आयात प्रतिस्थापन र किसानको आम्दानीसँग जोडिएको रणनीतिक बालीका रूपमा हेर्नुपर्छ। यसका लागि, स्थानीय तहमा माटो परीक्षण र बाली सिफारिसलाई नियमित बनाउनुपर्छ। धानपछि दलहन समावेश गर्ने प्रदर्शन खेत स्थापना गर्नुपर्छ। चना, मसुरो र रहरका गुणस्तरीय बिउ किसानसम्म पुऱ्याउनुपर्छ। दलहन उत्पादनका लागि बजार र भण्डारणको व्यवस्था बलियो बनाउनुपर्छ। उत्पादन मात्र होइन, माटो सुधार गर्ने बाली चक्र अपनाउने किसानलाई समेत प्रोत्साहन गर्ने नीति बनाउनुपर्छ। दलहनको उत्पादन, लागत, बजार मूल्य र माटो स्वास्थ्यलाई एउटै अध्ययनमा जोडेर अनुसन्धान गर्नुपर्छ। जोखिम व्यवस्थापनका लागि बाली बिमालाई पनि दलहन उत्पादनसँग प्रभावकारी रूपमा जोड्नुपर्छ।

### समाज र उपभोक्ताको भूमिका

किसानले उत्पादन गरेपछि बजारमा उचित मूल्य पाएन भने बाली परिवर्तनको उत्साह टिक्दैन। त्यसैले उपभोक्ताले पनि आफ्नो भूमिका बुझ्नुपर्छ। हामीले स्वदेशी चना, मसुरो, रहर र अन्य दलहनको उपभोग बढायौँ भने त्यसको प्रत्यक्ष लाभ किसानसम्म पुग्न सक्छ। किसान समूहले सामूहिक उत्पादन, भण्डारण र बिक्री गर्न सके बजारमा उनीहरूको सौदाबाजी क्षमता पनि बढ्न सक्छ। स्थानीय बिउको संरक्षण, किसानको ज्ञानको सम्मान र स्वदेशी दलहनको उपभोग बढाउने संस्कारले दलहनको बजारलाई बलियो बनाउन सक्छ।

### अब खेतबाटै परिवर्तन सुरु गरौँ

धान-गहुँको चक्र आफैँमा गलत होइन। जहाँ त्यो प्रणाली माटो, पानी, मौसम र किसानको आर्थिक हिसाबले उपयुक्त छ, त्यहाँ त्यसलाई निरन्तरता दिन सकिन्छ। तर जहाँ बाली विविधीकरणको आवश्यकता छ, त्यहाँ दलहनलाई चक्रमा ल्याउने विकल्पलाई गम्भीरतापूर्वक प्रयोग गर्नुपर्छ। कृषि विकासलाई अब केवल 'कति उत्पादन भयो ?' भनेर मात्र मापन गर्ने समय सकिएको छ। अब प्रश्न ३ वटा हुनुपर्छ, कति उत्पादन भयो ? किसानले कति कमाए ? र माटोको स्वास्थ्यमा के परिवर्तन आयो ? यी ३ वटै प्रश्नको सकारात्मक उत्तर आउने कृषि प्रणाली मात्र वास्तवमा दिगो कृषि प्रणाली हो। हामीले माटो जोगाउने कुरा भाषणमा धेरै गरिसकेका छौँ। अब त्यसलाई बाली छनोटमा उतार्ने समय आएको छ। धानपछि गहुँ मात्र होइन, ठाउँ र परिस्थितिअनुसार चना, मसुरो वा अन्य उपयुक्त दलहन पनि हुन सक्छ। मकैसँग रहर हुन सक्छ। अन्य बालीसँग पनि उपयुक्त दलहन जोडिन सक्छ। किनकि बाली परिवर्तन भनेको एउटा बाली हटाएर अर्को बाली लगाउनु मात्र होइन। यो माटोको पोषण चक्र सुधार्ने, खेतीको जोखिम विविधीकरण गर्ने र किसानको आम्दानीका नयाँ सम्भावना खोल्ने रणनीति हो। त्यसैले अब एउटा सरल आह्वान गरौँ, धान-गहुँको चक्र तोडौँ। दलहन लगाऔँ। माटो जोगाऔँ। आम्दानी बढाऔँ। आजको खेतबाट गरिएको सही बाली छनोटले नै भोलिको माटो र किसानको भविष्य निर्धारण गर्नेछ।


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौँको
## गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८३।०५।०५ गतेको सौर्य राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पून: धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः जे. वी. मल्टी प्रोडक्ट इन्डष्ट्रिज प्रा.लि.** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २०४६००/०७५/०७६, दर्ता मितिः २०७५/०९/०२, स्थायी लेखा नं.: ६०६५२१३३८, ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २, अत्तरिया ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः**

**क. कृष्ण मोहन जोशीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९७८ (२०५१/०७/०२/बैतडी), बाजेको नामः नन्द राम जोशी, बाबुको नामः हरि दत्त जोशी, ठेगानाः बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ ।

**ख. कौशल्या देबी जोशीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३४८१ (२०५४/०३/२२/बैतडी), बाबुको नामः मोतिराम पन्त, ससुराको नामः हरि दत्त जोशी, पतिको नामः कृष्ण मोहन जोशी, ठेगानाः बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ ।

**ग. रन्जित बहादुर बिष्टः** ना.प्र.प.नं (जारी मिति/स्थान): २९२३८ (२०६१/०१/०२/बैतडी), बाजेको नामः सकराम सिंह बिष्ट, बाबुको नामः खडक सिंह बिष्ट, ठेगानाः बैतडी जिल्ला, दोगडाकेदार गा.पा. वडा नं ४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ ।

**घ. लक्ष्मण कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९६१७ (२०६६/०८/२५/कैलाली), बाजेको नामः प्रतिवन कार्की, बाबुको नामः अम्बर सिं कार्की, ठेगानाः कैलाली जिल्ला, मालाखेती गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**ङ. डम्बरी मल्लः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१५/४३१ (२०६६/०९/२७/कैलाली), बाबुको नामः भिम बहादुर मल्ल, ससुराको नामः राम बहादुर रावल, पतिको नामः भक्त बहादुर रावल, ठेगानाः कैलाली जिल्ला, मालाखेती गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**च. भाष्कर दत्त जोशीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३८४६ (२०५४/०५/२६/बैतडी), बाजेको नामः नारायण दत्त जोशी, बाबुको नामः यज्ञराज जोशी, ठेगानाः बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**छ. तिलक जोशीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७३-०१-७३-०१६८१ (२०७३/०५/१६/बैतडी), बाजेको नामः हरि दत्त जोशी, बाबुको नामः कृष्ण मोहन जोशी, ठेगानाः बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**ज. धन सिंह कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७११३ (२०५६/०४/०२/बैतडी), बाजेको नामः धर्मे कार्की, बाबुको नामः भगत सिंह कार्की, ठेगानाः बैतडी जिल्ला, देउलेक गा.वि.स वडा नं ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. सुसिला कुमारी डाडीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७४३०१०/७१ (२०६३/११/२१/डडेलधुरा), बाबुको नामः बिर बहादुर डाडी, ससुराको नामः अम्बर सिंह कार्की, पतिको नामः लक्ष्मण कार्की, ठेगानाः डडेलधुरा जिल्ला, गांखेत गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**ख. भक्त बहादुर रावलः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५/१६८०१/७७५ (२०५८/११/१५/डोटी), बाजेको नामः भान देव रावल, बाबुको नामः राम बहादुर रावल, ठेगानाः डोटी जिल्ला, भाटामाण्डौ गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं २ ।

**ग. बसन्ती कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३९०६ (२०६२/०९/१२/बैतडी), बाबुको नामः खडक सिंह बिष्ट, ससुराको नामः भगत सिंह कार्की, पतिको नामः धन सिंह कार्की, ठेगानाः बैतडी जिल्ला, देउलेक गा.वि.स वडा नं ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ ।

**लिलाम हुने धितोको विवरणः**
मोतिराम पन्तको छोरी, हरि दत्त जोशीको बुहारी, कृष्ण मोहन जोशीको पत्नी, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २ बस्ने **कौशल्या देबी जोशी**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, बेलडाँडी गा.वि.स वडा नं. ३, नक्सा सिट नं. ०२६०५८५, स्थित कि.न. ५६१ र ५६३ को क्षेत्रफल क्रमशः ६००.०० र १७१०.०० व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः जेनिशा अर्डर सप्लायर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र सवारी साधन कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: २७७९०/०७६/७७, दर्ता मितिः २०७६/०७/०७, स्थायी लेखा नं.: ६१२३०९६०१, ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ८ ।

**प्रोप्राईटरः**
**मनिषा देवी भाटः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७२००३/८०९१ (२०६५/९/२२/कैलाली, टिकापुर), बाबुको नामः गंगा राम जैशी, ससुराको नामः कुसी राम भाट, पतिको नामः धनि राम भाट, ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताः**
**धनि राम भाटः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७२००३/३४२९ (२०६४/१०/०२/कैलाली), बाजेको नामः लछे भाट, बाबुको नामः कुसी राम भाट, ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ ।

**लिलाम हुने धितोको विवरणः**
धनी एनएमबि बैंक लि. / ऋणी **जेनिशा अर्डर सप्लायर्स**को नाममा सुदुर पश्चिम प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
**सवारीसाधनको विवरणः** कम्पनीः ACE, मोडलः DI-450 TRACTOR, सवारी दर्ता नंः सु. प. प्र.०१-००२ त ५६२३, बनेको सालः २०२१, च्यासिस नंः NBA450040586, इन्जिन नंः TMBA0012147

**३. ऋणीको नामः माया शाही** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१०२७/११९९ (२०७०/१२/१७/तनहुँ), बाबुको नामः धन बहादुर घले, ससुराको नामः प्रेम बहादुर कसाई, पतिको नामः साजन शाही, ठेगानाः तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स. वडा नं. १ परिवर्तित तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**
**साजन शाहीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८२२६९ (२०६३/०४/०३/तनहुँ), बाजेको नामः राजमान कसाई, बाबुको नामः प्रेम बहादुर कसाई, ठेगानाः तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स. वडा नं. १ परिवर्तित तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १ ।

**लिलाम हुने धितोको विवरणः**
राजमान कसाईको नाति, प्रेम बहादुर कसाईको छोरा, तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स. वडा नं. १ परिवर्तित तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १ बस्ने **साजन शाही**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, मैवल गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ख, स्थित कि.न. ११६१ र ११६३ को क्षेत्रफल क्रमशः ०-६-०-१ र ०-७-१-२ रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः संतोष कुमार यादव** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १६१०५२/२५१ (२०६७/०४/२८/सप्तरी), बाजेको नामः टिका लाल यादव, बाबुको नामः श्याम नारायण यादव, ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. दुर्गी कुमारी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१४ (२०४१/०२/१०/सप्तरी), ससुराको नामः टिका लाल यादव, पतिको नामः श्याम नारायण यादव, ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।

**ख. रविना कुमारी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १६-०१-७२-००९५३ (२०७२/०२/०७/सप्तरी), बाबुको नामः राम नन्दन यादव, ससुराको नामः श्याम नारायण यादव, पतिको नामः संतोष कुमार यादव, ठेगानाः सप्तरी जिल्ला, बरही विरपुर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।

**ग. श्याम नारायण यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५९२४२८५३ (२०४२/१२/२७/सप्तरी), बाजेको नामः रिताई यादव, बाबुको नामः टिका लाल यादव, ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।

**लिलाम हुने धितोको विवरणः**
टिका लाल यादवको बुहारी, श्याम नारायण यादवको पत्नी, सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ बस्ने **दुर्गी कुमारी यादव**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जमुनीमधेपुरा न.पा./गा.वि.स., वडा नं. ५, नक्सा सिट नं. ५क, स्थित कि.न. ४१० को क्षेत्रफल ०-२-७१/४ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


# बेलायत फर्कने तयारीमा राजकुमार ह्यारी

लन्डन । राजपरिवारको आधिकारिक जिम्मेवारी त्यागेको ६ वर्षपछि बेलायती र ाजकुमार ह्यारी र उनकी पत्नी मेघन मार्कल आफ्ना २ सन्तानसहित बेलायत फर्किने तयारीमा छन् । बेलायती सञ्चारमाध्यमका अनुसार दम्पतीले केही साताभित्र क्यालिफो र्निया छाडेर लन्डनबाहिरको निजी तथा गैरशाही निवासमा बसोबास गर्ने योजना बनाएका छन् । द टेलिग्राफका अनुसार उनीहरूले नयाँ घरसमेत छनोट गरिसकेका छन् । बिबिसीसहितका सञ्चारमाध्यमले ह्यारी-मेघनका ७ वर्षीय राजकुमार आर्ची र ५ वर्षीया राजकुमारी लिलिबेटलाई सेप्टेम्बरमा सुरु हुने शैक्षिक सत्रका लागि बेलायती विद्यालयमा भर्ना गरिसकिएको जनाएका छन् ।

ह्यारी र मेघनले सन् २०२० मा राजपरिवारको आधिकारिक जिम्मेवारी त्यागेर अमेरिका बस्न थालेका थिए । पारिवारिक विवादका बीच बेलायत छाडेका उनीहरूको शाही परिवारसँगको दुरी ह्यारीको संस्मरण 'स्पेयर' तथा अमेरिकी टेलिभिजन प्रस्तो ता ओप्रा विन्फ्रेसँगको अन्तर्वार्तापछि थप बढेको थियो । प्रेस एसोसिएसनका अनुसार राजा चार्ल्स तृतीयलाई उनीहरूले बेलायत फर्किएर बस्ने योजना बनाएको जानकारी दिइसकिएको छ । राजाले परिवारका सदस्यसँग भेटघाट गर्ने अवसरलाई स्वागत गर्ने भए पनि ह्यारी र मेघनको शाही हैसियतमा भने कुनै परिवर्तन नहुने र उनीहरुले राजपरि वारको आधिकारिक जिम्मेवारी सम्हाल्ने छैनन् ।

# बंगलादेशको २३औँ राष्ट्रपति बने मिर्जा फखरूल

■ एजेन्सी



ढाका । बंगलादेशको संसद्ले बिहीबार नयाँ राष्ट्रपति चयन गरेको छ । सत्तारूढ बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव तथा स्थानीय सरकारमन्त्री मिर्जा फखरूल इस्लाम आलमगीर ५ वर्षे कार्यकालका लागि देशको २३औँ राष्ट्रपति चयन भएका हुन् । ७८ वर्षीय आलमगीरले १७ करोड जनसंख्या भएको बंगलादेशको राष्ट्रपति दौडमा मिर्जाले सहज जित हात पारेका हुन् । राष्ट्रपतिमा निर्वाचित भएपछि उनले जनताको साथमा रहेर सेवा गर्ने प्रतिबद्धता जनाएका छन् । राष्ट्रपतिका लागि सत्तारूढ बिएनपीका उम्मेदवार मिर्जा र बंगलादेश जमात-ए-इस्लामीको नेतृत्वमा रहे को ११ दलीय गठबन्धनका उम्मेदवार अवकाशप्राप्त कर्नेल ओली अहमदबीच प्रतिस्पर्धा भएको थियो । र ाष्ट्रपतिका लागि बिहीबार भएको निर्वाचनमा मिर्जाले २५५ मत पाए भने ११ दलीय गठबन्धनका उम्मेदवार ओली अहमदले ८८ मतमा सीमित भए ।

२६ जनवरी १९४८ मा जन्मिएका आलमगीरले ढाका विश्वविद्यालयमा अर्थशास्त्र अध्ययन गर्ने क्रममा विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु गरेका थिए । सन् १९६९ मा पाकिस्तानको सैन्य शासनविरुद्ध भएको आन्दोलनमा उनी प्रमुख विद्यार्थी नेतामध्ये एक थिए । उक्त आन्दोलन सन् १९७१ मा बंगलादेश स्वतन्त्र हुने दिशाको महत्त्वपूर्ण आधार बनेको थियो । अर्थशास्त्र अध्यापनपछि सरकारी सेवामा प्रवेश गरेका उनी त्यसपछि कृषि, उड्डयन तथा पर्यटनमन्त्रीलगायत विभिन्न जिम्मेवारी सम्हाल्दै सक्रिय राजनीतिमा रहे ।

हसिनाको लामो शासनकालमा उनी प्रमुख विपक्षी नेताका रूपमा पनि रहे । त्यतिबेला बिएनपी अध्यक्ष खालिदा जिया जेलमा थिइन् भने उनका छोरा तारिक रहमान निर्वासनमा थिए । मिर्जालाई हसिना सरकार का पालामा पटकपटक पक्राउसमेत गरिएको थियो । बिएसएसका अनुसार कठिन राजनीतिक परिस्थितिमा बिएनपीलाई संगठित राख्न र पार्टीको राजनीतिक उपस्थिति कायम राख्न आलमगीरले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

सन् २०२४ को जनआन्दोलनबाट तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएपछि भएको पहिलो आमनिर्वाचनमा प्रधानमन्त्री तारिक र हमान नेतृत्वको बिएनपीले गत फेब्रुअरीमा ठुलो विजय हासिल गरेको थियो । त्यसपछि हसिनाका निकट सहयोगीका रूपमा चिनिएका पूर्वराष्ट्रपति मो हम्मद साहाबुद्दिनले पदबाट राजीनामा दिएपछि नयाँ र ाष्ट्रपति चयन गरिएको हो । ७६ वर्षीय साहाबुद्दिनले खराब स्वास्थ्यलाई कारण देखाउँदै जुलाईमा राजीनामा दिएका थिए । उनी सन् २०२३ मा राष्ट्रपतिमा निर्वाचित भएका उनको सन् २०२८ को अन्त्यसम्म कार्यकाल बाँकी नै थियो ।

हसिना अहिले भारतमा छिन् भने उनले ढाकामा आफूविरुद्ध चलेको मुद्दामा उपस्थित हुन अस्वीकार गर्दै आएकी छन् । गत नोभेम्बरमा अदालतले उनलाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको छ । अधिकारवादी संस्थाहरूले हसिना नेतृत्वको सरकारमाथि विपक्षीको हत्या, र ाजनीतिक दमन, न्यायिक प्रक्रियामा हस्तक्षेप र एकतर्फी निर्वाचनलगायतका आरोप लगाउँदै आएका थिए ।

## मनसुनी विपद्को...

त्यस्तै, २०५ वटा बाढीका घटनामा १२ पुरुष र ५ महिलासहित १७ जनाको मृत्यु भएको छ भने ७ जना बेपत्ता र १० जना घाइते भएका छन् । बाढीका कारण १७ घरमा आंशिक, ६ घरमा पूर्ण र ६ वटा पुलमा क्षति पुगेको छ भने ४५८ परिवार प्रभावित भएका छन् । बाढीबाट अनुमानित १ करोड २४ लाख ५९ हजार ६०० रुपैयाँको क्षति भएको छ ।

यसैगरी, ८३ वटा चट्याङका घटनामा १४ जनाको मृत्यु भएको छ भने ५३ जना घाइते भएका छन् । चट्याङका कारण ३ घर र १ गोठमा क्षति पुगेको छ भने ११२ परिवार प्रभावित भएका छन् । १४५ पशुचौपायाको मृत्यु भएको छ । चट्याङबाट करिब ५६ लाख ४० हजार २०० रुपैयाँ बराबरको क्षति भएको छ । भारी वर्षाका २६७ वटा घटनामा १ पुरुषको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । ४६ घरमा आंशिक, ३० घरमा पूर्ण र १ पुलमा क्षति पुगेको छ । यस्ता घटनाबाट २८९ परिवार प्रभावित भएका छन् भने २५ गोठ र ५१ पशुचौपायाको क्षति भएको छ । भारी वर्षाबाट करिब १ करोड ४७ लाख ६३ हजार ५०० रुपैयाँ बराबरको नोक्सानी भएको छ ।

## राप्रपालाई दुईचिरा...

तर, पार्टीको उक्त कदमविरुद्ध कमल थापासहित राप्रपाकै नेताहरू रुष्ट बनेका छन् । यही प्रकरणले राप्रपाभित्र फेरि अर्को कित्ताकाट देखिएको छ । प्रदेशमै पनि केन्द्रको निर्णयमा २ ध्रुव देखिएको छ ।

मुख्यमन्त्रीको विषयमा एमालेभित्रै नेताहरूबीच तीव्र प्रतिस्पर्धा र विवाद भइरहेका बेला मंगलबार मात्रै एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रत्यक्ष हस्तक्षेप र दबाबपछि एमाले प्रदेश संसदीय दलको बैठकले दाबेदार जेएन थपलियालाई पन्छाएर थापामगरलाई मुख्यमन्त्रीमा अघि सारेको थियो । प्रदेश संसदीय दलका नेता जेएन थपलियालाई नै कायम गर्दै भागबन्डा मिलाएर एमाले राजनीतिलाई ओलीले तत्काल सामसुम पारे पनि यो विषयले एमालेभित्रै असन्तुष्टि बढाएको थियो भने अहिले पनि ओलीको उक्त कदमविरुद्ध एमालेको एक तह रुष्ट नै छ । अहिले एमालेभित्रको असन्तुष्टिको घानमा राप्रपा पनि पिसिएको हो ।

राप्रपामा आन्तरिक विवाद निम्त्याउनमा एमालेको चलखेल पनि उत्तिकै महत्वपूर्ण छ । एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच नयाँ सत्ता समीकरण बनेसँगै प्रदेश सरकारको भागबन्डामा बाग्मतीको नेतृत्व एमालेको भागमा परेको थियो । र, मुख्यमन्त्रीका लागि वातावरण बनाउने जिम्मा पनि एमालेलाई नै दिइएको थियो । मुख्यमन्त्रीका लागि भागबन्डा मिलाउन ओली र प्रचण्डले लिखित सहमति नै गरे, तर आवश्यक समर्थनका लागि राप्रपा केन्द्रसँग कुनै पनि छलफल नै गरेनन् । यसलाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले एमालेले राप्रपाभित्र स्पष्ट चलखेल गरेको बताएका छन् । बिहीबारको बैठकपछि अध्यक्ष लिङ्देनले एमाले र नेकपा नेतृत्वले राप्रपा नेतृत्वसँग कुनै सहयोग नमागी प्रदेशमै चलखेल गरेको बताए । उनले भने, 'एमालेले बाग्मती प्रदेश सरकार बनाउन औपचारिक रूपमा राप्रपासँग आग्रह वा पत्राचार नै गरेन । सीधै प्रदेशमा हाम्रा सांसदहरूलाई हातमा लिने चलखेल गर्‍यो ।'

### बिहीबार नै ७ सदस्यीय क्याबिनेट विस्तार

नवनियुक्त मुख्यमन्त्री थापामगरले बिहीबार नै प्रदेशका ८ मन्त्रालयमध्ये राप्रपाबाट ३, एमालेबाट २ र नेकपाबाट १ जनालाई मन्त्री नियुक्त गरिसकेका छन् । एमालेबाट भरतबहादुर केसी र ज्ञानबहादुर तामाङ मन्त्री बनेका छन् भने नेकपाबाट सरल सहयात्री तथा राप्रपाबाट गिरबहादुर तामाङ, राजु विष्ट र राजेन्द्र प्रजापति मन्त्री बनेका हुन् । जसमा एमालेका केसीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ भने ज्ञानबहादुर बिनाविभागीय छन् । नेकपाका सहयात्रीलाई आर्थिक मामिला तथा योजना तथा राप्रपाका तामाङलाई स्वास्थ्य तथा सामाजिक, विष्टलाई खानेपानी ऊर्जा तथा सिँचाइ र प्रजापतिलाई उद्योग पर्यटन श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएको छ । बाँकी २ मन्त्रालय भने मुख्यमन्त्री थापाले आफैसँग राखेका छन् ।

## पासपोर्टको मुद्दा...

उनले 'नीतिगत निर्णय'को परिभाषा स्पष्ट हुनुपर्ने पनि बताए । अख्तियारको डरले सरकार र कर्मचारीले निर्णय गर्ने नसक्ने अवस्था आउन नहुने भन्दै कुन विषय नीतिगत निर्णयमा पर्ने र कुनमा अख्तियारले अनुसन्धान गर्न सक्ने भन्ने कुरा कानुनमै स्पष्ट पार्नुपर्ने उनको भनाइ थियो । वित्तीय अपराधका लागि राष्ट्र बैंकलगायत सम्बन्धित निकायलाई काम गर्न दिनुपर्ने र निजी क्षेत्रलाई अनावश्यक त्रासमा पार्न नहुने उनले बताए ।

बैठकमा कानुनमन्त्री सोविता गौतमले अख्तियारको स्वतन्त्र, निष्पक्ष र संवैधानिक भूमिकाको सम्मान गर्दै सरकार भ्रष्टाचार नियन्त्रण र सुशासनप्रति प्रतिबद्ध रहेको बताइन् । भ्रष्टाचार नियन्त्रणलाई कारबाहीमा मात्रै सीमित नगरी प्रणालीगत कमजोरी हटाउनुपर्ने उनको भनाइ थियो । मन्त्री गौतमले राजनीतिक प्रतिशोध, व्यक्तिगत रिसइबी वा कर्मचारी तर्साउने माध्यमका रूपमा अख्तियारको दुरुपयोग हुन नहुने बताउँदै अनुसन्धान र अभियोजनका स्पष्ट मापदण्ड आवश्यक रहेको बताइन् । कसलाई प्रारम्भिक परीक्षणमा पठाउने, कसलाई विस्तृत अनुसन्धान गर्ने र कुन अवस्थामा अभियोजन गर्ने भन्ने विषय स्पष्ट हुनुपर्ने उनको भनाइ थियो ।

अनुसन्धान नै आफैँमा सजाय बन्न नहुने भन्दै उनले भ्रष्टाचारसम्बन्धी अनुसन्धान समयबद्ध हुनुपर्ने बताइन् । वर्षौंसम्म अनुसन्धानको घेरामा राख्दा त्यसले अप्रत्यक्ष सजायको रूप लिन सक्ने भन्दै उनले अनुसन्धानको गोपनीयता कायम राख्न र पर्याप्त प्रमाणका आधारमा मात्रै अभियोजन गर्न आयोगलाई सुझाव दिइन् । बैठकमा आयोगका कामकारबाही, अनुसन्धानको मापदण्ड, अभियोजनको औचित्य तथा संवैधानिक निकायमाथि राजनीतिक प्रभावको सम्भावनाबारे सांसदहरूले प्रश्न उठाएका थिए ।

## १२ वर्षदेखि...

पहिलो निर्देशिका प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेपछि सरकारले १० वर्षपछि 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१' ल्यायो । नयाँ निर्देशिकाअनुसार विदेशबाट आयात गरिएका वस्तुभन्दा स्वदेशी वस्तुको मूल्य १५ प्रतिशतसम्म बढी भए पनि स्वदेशी उत्पादनलाई प्राथमिकता दिएर खरिद गर्नुपर्ने व्यवस्था छ । विदेशी कच्चा पदार्थमा आधारित भए पनि नेपालमा उत्पादन भएको र कम्तीमा ३० प्रतिशत मूल्य अभिवृद्धि भएको वस्तुलाई स्वदेशी उत्पादन मानिने व्यवस्था गरिएको छ । निर्देशिकाले सार्वजनिक निकायले प्रयोग गर्नुपर्ने स्वदेशी उत्पादनको सूचीमा स्टेसनरी, कार्यालय सामान तथा छपाइसम्बन्धी वस्तु, तयारी पोसाक, कोसेली तथा उपहार सामग्री, फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जाका सामग्री, मेसिनरी, औजार तथा उपकरण, निर्माण सामग्री, कृषि तथा पशुजन्य उत्पादन एवं खाद्य तथा पेय पदार्थ तथा जडीबुटीजन्य वस्तुलाई राखेको छ

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ प्रयोग गरी तयार गरिएको निर्देशिका २०८१ पुस २९ देखि कार्यान्वयनमा आएको हो । यसले नेपाली उत्पादनलाई बजारको अभाव नहुने दाबी गरिए पनि उद्योग मन्त्रालयले स्वदेशी वस्तुको खरिद सहज बनाउन सञ्चालनमा ल्याउने भनिएको 'नेपाली उत्पादन' विद्युतीय पोर्टल अझै कार्यान्वयनमा आउन सकेको छैन । निर्देशिकामा स्वदेशी वस्तुको अधिकतम प्रयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कार र प्रमाणपत्र दिने व्यवस्था पनि छ । वार्षिक खरिद अनुपात र परिमाणका आधारमा उत्कृष्ट संघीय, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायलाई निर्देशक समितिको सिफारिसमा मन्त्रालयले हरेक वर्ष पुरस्कार तथा प्रमाणपत्र दिने व्यवस्था भए पनि हालसम्म कसैले पाएको देखिँदैन ।

निर्देशिका कार्यान्वयनका लागि सरकारले २०८२ जेठमा संघ, प्रदेश र स्थानीय तहलाई पत्राचार गरेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारी निकायले उपलब्धताअनुसार स्वदेशी वस्तुको प्रयोग थालिसकेको जानकारीसमेत दिएको थियो । त्यसपछि २०८२ भदौमा भएको जेनजी आन्दोलन र त्यसपछिको परिस्थितिले यो विषय ओझेलमा परेको थियो ।

### निर्देशन होइन, खरिद नै...

उनका अनुसार स्वदेशी उत्पादनको अनिवार्य प्रयोग, खरिद र उपभोगका लागि पटक-पटक निर्देशन आए पनि ती कागजात र भाषणमै सीमित भएका छन् । विगतमा प्रधानमन्त्री र मन्त्रीहरूलाई विदेशी टेबल-कुर्सी तथा अन्य सामानको सट्टा नेपाली उत्पादन प्रयोग गर्न आग्रह गर्दा सहमति जनाए पनि कार्यान्वयन नभएको उनले बताए । खरिद प्रक्रियामा हुने सेटिङका कारण स्वदेशी उत्पादनले प्राथमिकता पाउन नसकेको उनको आरोप छ ।

फर्निचर, जुत्ता-चप्पल, कपडा तथा ढाकाका उपहार सामग्रीलगायत वस्तु पर्याप्त उत्पादन गर्ने क्षमता र पूर्वाधार नेपालमा भए पनि उद्योगले पूर्ण क्षमतामा व्यावसायिक उत्पादन गर्न नसकेको उनले बताए । 'देशभित्रै काठ कुहिएर वा डढेलोले नष्ट भइरहँदा पनि मलेसियालगायत देशबाट काठ र विदेशी सामान आयात गर्ने परिपाटी कायमै छ,' उनले भने, 'सरकारी निकायमा मुस्किलले १० देखि १५ प्रतिशत मात्र स्वदेशी वस्तुको प्रयोग भइरहेको छ । अब भाषण र निर्देशनमा सीमित नभई सरकारले उद्योगीसँग छलफल गरेर खरिद गर्नुपर्ने वस्तुको सूचीसहित व्यावहारिक कदम चाल्नुपर्छ ।'

नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले संघीय सरकारले स्वदेशी वस्तु प्रयोग गर्न पत्राचार गरेर मात्र नहुने बताए । 'सर्वप्रथम देशभित्र कुन-कुन वस्तु कति परिमाणमा उत्पादन भइरहेका छन् र तिनले राष्ट्रिय आवश्यकता धान्न सक्छन् कि सक्दैनन् भन्ने स्पष्ट सूची तयार पार्नुपर्छ,' उनले भने । ७५३ स्थानीय तह स्वायत्त भएकाले परिपत्रका आधारमा मात्रै नियम पालना नहुने भन्दै उनले बजारमा सस्तो, गुणस्तरीय र टिकाउ स्वदेशी वस्तुको उपलब्धता सुनिश्चित गर्नुपर्ने बताए । भाषण र नीतिगत घोषणाभन्दा बजेट नै छुट्याएर सातै प्रदेशमा उद्योग स्थापना र रोजगारी सिर्जना गर्ने ठोस कदम आवश्यक रहेको उनको भनाइ छ ।


**हक दाबीसम्बन्धि ३५ दिने सूचना**

यस निजगढ नगरपालिका वडा नं. ९ को कार्यालयमा जिल्ला बारा निजगढ न. पा. वडा नं. ९ बस्ने श्री सरस्वती काफ्लेको मिति २०६४।०१।२५ गते निधन भएको र निजको नाममा दर्ता कायम रहेको निम्न बमोजिमको जग्गा हकवाला, लालनपालन, औषधोपचार र काजक्रियाको आधारमा हकवाला भनी लोकनाथ भण्डारी र गणेश भण्डारीको संयुक्त निवेदन पर्न आएको हुँदा सो सम्बन्धमा अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र प्रमाणसहित यस कार्यालयमा उपस्थित हुन यो सूचना गरिएको छ । सो समयमा कुनै दाबी पर्न नआएमा नियमानुसार हुने जानकारी गराइन्छ ।

**तपसिल :**


१. **ठेगाना** : जिल्ला बारा, निजगढ न.पा. वडा नं. ९

२. **कित्ता नं.** : ३५२ '८ग' क्षेत्रफल ०-४-१७-१३-० र कि.नं. ३२३ '९क' क्षेत्रफल : ०-१-१५-८-०

३. **बाबुको नाम** : वेदनाथ भण्डारी, **पतिको नाम** : खिलप्रसाद काफ्ले ।

**जन्ममिति फरक परेको सूचना**

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.नं. ६९२, मिति २०८३।०५।०३ को प्रमाणित सम्बन्धमा शीर्षकको सिफारिस पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. १५७३१८३एच **हवल्दार नन्द लाल कडेलले** मेरो नागरिकता प्रमाणपत्रमा **जन्ममिति २०२१/०७/१२ (सन् २८-१०-१९६४)** भएको र पेन्सन अभिलेखमा मेरो **जन्ममिति सन् २०-०७-१९६६** उल्लेख भई फरक परे तापनि फरक जन्ममिति भएको म एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका वडा नं. ४ को च.नं. ५०३ मिति २०८३/०५/०२ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।



जन्ममिति फरक परेको व्यक्ति

**सार्वजनिक सूचना**

यस सगरमाथा ओभरसिज प्रा.लि. मा कार्यरत श्री **अमृत जंग शाही**, श्री **रमेश पहारी**, श्री **राजल श्रेष्ठ** र श्री **अस्मिता घिमिरे** ले मिति २०८३/०४/०१ गतेदेखि यस कार्यालयमा कार्य गर्न छोडिसक्नुभएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

निज व्यक्तिहरूले सगरमाथा ओभरसिज प्रा.लि.सँग आबद्ध रही यसअघि गरेका कुनै पनि काम, कारोबार, आर्थिक लेनदेन, वैदेशिक रोजगारसम्बन्धी प्रक्रिया वा अन्य कुनै व्यावसायिक कार्य बाँकी रहेको भए, यस सूचनाको मितिले ७ (सात) दिनभित्र सगरमाथा ओभरसिज प्रा.लि.को कार्यालयमा उपस्थित भई आवश्यक जानकारी तथा प्रमाणसहित सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

साथै, मिति २०८३/०४/०१ गतेदेखि उपरोक्त व्यक्तिहरूसँग सगरमाथा ओभरसिज प्रा.लि.को कुनै पनि प्रकारको कार्यालयीय, व्यावसायिक, आर्थिक वा प्रतिनिधित्वसम्बन्धी सम्बन्ध नरहेको व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

उक्त मितिपश्चात् निज व्यक्तिहरूले सगरमाथा ओभरसिज प्रा.लि.को नाम, लोगो, पद, अधिकार वा प्रतिनिधित्व प्रयोग गरी गरेका कुनै पनि कार्य, कारोबार, प्रतिबद्धता वा लेनदेनका सम्बन्धमा कम्पनी जिम्मेवार नरहने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अतः वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम, कारोबार वा सम्पर्क गर्दा सगरमाथा ओभरसिज प्रा.लि.को आधिकारिक कार्यालय तथा अधिकृत प्रतिनिधिसँग मात्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सगरमाथा ओभरसिज प्रा.लि.**
कम्पनी रजिष्ट्रार दर्ता नं.: २९४५९९/०७९/८०
वैदेशिक रोजगार इजाजतपत्र नं.: १६०१/०७९/८०
फोन नं : ०१-५९१३४४९, इमेल: info@sagarmathaoverseas.com.np/ sagarmathaoverseas2023@gmail.com

**श्री देबीदल गण तेघरी व्यारेक कैलालीको काठ लिलाम विक्री सम्वन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिती :२०८३।५।५**

देबीदल गण तेघरी व्यारेक, कैलालीको जिम्मेवारी क्षेत्रमा रहेको मालाखेती पोष्टको साल जातको गोलिया काठ १९९.९६ क्यु. फिट अस्ना जातको गोलिया काठ ३०५.८७ क्यु. फिट, मिश्रित दाउरा ०.६५ चट्टा लिलाम विक्री गर्नुपर्ने भएको हुदा उक्त काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएको ले मूल्य अभिवृद्धि करमा दर्ताभई सुचिकृत भएका सःमिल काष्ठ व्यवसायीहरुले यो सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस व्यारेकको कार्यालय वाट वोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२(वाईसौ) दिनमा दिनको ३:०० वजे भित्र यस व्यारेकको कार्यालयमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ।यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारी को सुचना यस कार्यालय तथा सम्वन्धित अन्य कार्यालयको सुचना वोर्ड मा टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**गुरुबक्स गुल्म तेघरी व्यारेक कैलालीको काठ लिलाम विक्री सम्वन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिती :२०८३।५।५**

गुरुबक्स गुल्म तेघरी व्यारेक,कैलालीको यस गुल्म कार्यालयको हाता भित्ररहेको हल्दु जातको गोलिया काठ ४०२.२५ क्यु. फिट, ओदाल(चाँदी) जातको गोलिया काठ १२४.८७ क्यु. फिट र मिश्रित दाउरा ०.५ चट्टा लिलाम विक्री गर्नु पर्ने भएको हुदा उक्त काठ जे जस्तो अवस्थामा छ सोहीअवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेगरि शिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु पर्ने भएकोले मूल्यअभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका सःमिल काष्ठ व्यवसायीहरुले योसुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशितभएको मितिले २१ (एक्काईस) दिन भित्र यस व्यारेकको कार्यालय वाट वोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२(वाईसौ) दिनमा दिनको ३ वजे भित्र यस व्यारेकको कार्यालय मा दाखिला गर्न योसूचनाआव्हान गरिन्छ।यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सुचना यस कार्यालय तथा सम्वन्धित अन्य कार्यालयको सुचना वोर्डमा टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०५**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०४/१९ मा स्वीकृति प्राप्त भई साविक कम्पनी रोयल युनिफर्म प्रा.लि. (Royal Uniform Pvt. Ltd.) (प्रा.लि. नं.३९२९८४) को नाममा रहेका सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको ड्रेस स्मार्ट प्रा.लि.(Dress Smart Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**जन्ममिति फरक परेको सूचना**

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.नं. ६९३, मिति २०८३।०५।०३ को प्रमाणित सम्बन्धमा शीर्षकको सिफारिस पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. १५७३१८३एच **हवल्दार नन्द लाल कडेलले** मेरो श्रीमती **हरि कला कडेलको** नागरिकता प्रमाणपत्रमा **जन्ममिति २०२०/०२/१० (सन् २४-०५-१९६३)** भएको र पेन्सन अभिलेखमा श्रीमतीको **जन्ममिति सन् २४-०५-१९७४** उल्लेख भई फरक परे तापनि फरक जन्ममिति भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका वडा नं. ४ को च.नं. ५०२ मिति २०८३/०५/०२ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।



जन्ममिति फरक परेको व्यक्ति

**बोलपत्रद्धारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिती :२०८३।५।५**

यस भिमान पन्नेसी सा.व.उ.स. क.न.पा. ०९, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल,फडिल,भिलाउने र असना जातको गोलिया थान १७३ को ९५२.९३ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री भिमान पन्नेसी सा.व.उ.स.**
**कमलामाई न.पा. ०९,सिन्धुलि**

**काठ बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०८३।०५।०५**

श्री बहाल सामुदायिक वन उपभोक्ता समुह चा.न.पा.८ भक्तपुरको वनबाट उत्पादन भइ घाटगढी स्थानमा राखिएको लट नं. १ को पाटे सल्ला जातका गोलीया थान २३७ को ११६९.९५ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र लट नं. १ को लागि शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**श्री बहाल सामुदायिक वन उपभोक्ता समुह**
**चा.न.पा. ८ भक्तपुर, फोन नं ९८४१९१२९८५**

**माइग्रेसन हराएको सूचना**

मिति २०८३/०५/०१ गते करिब दिउँसो ३:३० बजे बसुन्धरादेखि बौद्ध जाने क्रममा मेरो निम्न विवरण भएको माइग्रेशन प्रमाणपत्र हराएको हुँदा उक्त प्रमाणपत्र फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लिखित सम्पर्क नम्बरमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।
**नाम:** सुजाता तामाङ
**NEB Reg. No.:** 760615210
**Migration No.:** 20602983
**कलेज/विद्यालय:** Alpine International Model Secondary School
**जारी मिति:** ०२-०९८३५७
**सम्पर्क नं.:** ९८२३८०१८५२

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

तेस्रो पटक प्रकाशित मिति: २०८३/५/५

यस कम्पनीको मिति २०६५/१२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयबाट पारित प्रस्ताव बमोजिम **साविकको कम्पनी श्री केचारा हाउस होटल एण्ड रेष्टुरेन्ट प्रा. लि.** (प्रा.लि.नं.: ६१२५१/०६५/०६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **केचारा हाउस प्रा. लि.** कायम हुन आएको व्यहोरा मिति २०६६/२/३ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गाडी हराएको सूचना**

**उपरोक्त सम्बन्धमा, मिति २०८२/०७/०८ गते बेलुका अन्दाजी ५:४० बजेपछि काठमाडौं महानगरपालिका-१३, नयाँबजार, लेखनाथ लुटचोक नजिक पार्किङ गरी राखिएको श्री दिवाकर रायमाझीको नाममा दर्ता रहेको** BAB 2547 **नम्बरको ग्रे रङको गाडी, इन्जिन नं.** K12M7336169, **चेसिस नं.** MBHC2C635JJ62226 **भएको गाडी हराएको हुँदा फेला पार्नुहुने वा देख्नुहुने महानुभावले उक्त गाडी सम्बन्धी कुनै जानकारी प्राप्त भएमा काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी; काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथ; जिल्ला प्रहरी परिसर, वा नजिकको प्रहरी कार्यालय वा श्री दिवाकर रायमाझी, सम्पर्क नं. ९८५११७१०३३ मा तत्काल जानकारी गराई खोजतलास तथा फिर्ता प्राप्तिमा सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**कम्पनीको नाम परिवर्तनको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०५)

**यस कम्पनीको मिति २०८३/०४/३१ गते सम्पन्न कम्पनीको विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी बाई सामसुङ्ग प्रा.लि. (प्रा.लि. नं. ३६८६०३/०८१/०८२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/०३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सामसुङ्ग स्मार्टलाइफ प्रा.लि. कायम गरिएको व्यहोरा सरोकारवाला निकायहरु सम्पूर्णलाई जानकारी गराइन्छ ।**

# अन्तर्राष्ट्रिय इलेक्ट्रोनिक्स एक्स्पो १९ भदौमा




■ सौर्य समाचार

काठमाडौं । नेपाल इलेक्ट्रिक, पावर, लाइट तथा नेपाल कन्ज्युमर इलेक्ट्रोनिक्स एन्ड होम एप्लायन्सेस अन्तर्राष्ट्रिय प्रदर्शनी २०८३ आयोजना हुने भएको छ । मिडिया स्पेस सोलुसन्स प्रालि, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेज इन्डिया प्रालि तथा फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट प्रालिको संयुक्त आयोजनामा प्रदर्शनी आयोजना हुन लागेको हो ।

पाँचौं संस्करण 'नेपाल इलेक्ट्रिक, पावर एन्ड लाइट्स' र चौथो संस्करण 'नेपाल कन्ज्युमर इलेक्ट्रोनिक्स एन्ड होम एप्लायन्सेस एक्स्पो' को रूपमा आगामी १९ देखि २१ भदौसम्म काठमाडौंस्थित भृकुटीमण्डप प्रदर्शनी हलमा आयोजना हुनेछ । नेपालको विद्युत, ऊर्जा, उपभोक्ता इलेक्ट्रोनिक्स तथा होम एप्लायन्सेस क्षेत्रलाई अन्तर्राष्ट्रिय व्यावसायिक मञ्चसँग जोड्ने उद्देश्यले आयोजना हुन लागेको यस प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी १०० भन्दा बढी कम्पनीहरूको स्टल रहनेछन् ।

प्रदर्शनीले उद्योग, व्यापार तथा प्रविधिबीच सहकार्य अभिवृद्धि गर्दै यस क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । निःशुल्क प्रवेश रहने प्रदर्शनीमा देशभित्र तथा बाहिरबाट आमन्त्रित अतिथि, उद्योगी व्यवसायी, सरकारका उच्च अधिकारी, आर्किटेक्चर, इलेक्ट्रिकल इन्जिनियर, इन्टेरियर डेकोरेटर, प्राविधिककर्मी, नेपालभरका विद्युतीय व्यवसायीहरू, मिडियाकर्मी, विद्यार्थी एवं आमसर्वसाधारण गरी ३० हजारभन्दा बढी आगन्तुकहरूले अवलोकन गर्ने विश्वास आयोजकले लिएको छ ।

# वैदेशिक सहायतालाई कोषमार्फत परिचालन गर्न निर्देशन

■ सौर्य समाचार

काठमाडौं । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले वैदेशिक सहायता सम्भव भएसम्म राष्ट्रिय प्रणाली तथा सरकारी कोषमार्फत परिचालन गर्ने व्यवस्था गर्दै सहायता लेखा परीक्षणको दायरामा ल्याउन निर्देशन दिएको छ । समितिको बिहीबार बसेको 'नेपाललाई प्राप्त हुने वैदेशिक सहायताको लेखापरीक्षण सम्बन्धमा' विषयक बैठकले वैदेशिक सहायतासम्बन्धी ९ बुँदे निर्देशन दिएको हो ।

समितिका सभापति भरतबहादुर खड्काले बैठकले कार्यक्रमसँग प्रत्यक्ष सम्बन्धित वैदेशिक विकास सहायता मात्र स्वीकार गर्ने तथा परिचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको बताए । बैठकले राष्ट्रिय बजेट तथा सरकारी कोष प्रणालीभन्दा बाहिरबाट परिचालन हुने वैदेशिक सहायताको पूर्ण विवरण दातृ पक्षले सरकारलाई उपलब्ध गराउने व्यवस्था मिलाउने र त्यस्ता सहायता राष्ट्रिय प्रणालीमा आबद्ध गर्ने स्पष्ट नीति तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने निर्देश गरेको छ ।

वैदेशिक सहायता प्राप्त हुने सुनिश्चितता भएपछि मात्र वैदेशिक स्रोततर्फको रकम बजेटमा समावेश तथा विनियोजन गर्ने व्यवस्था मिलाउने निर्णयमा उल्लेख गरिएको छ । बैठकले वैदेशिक सहायताबाट खर्च भएको रकमको सोधभर्ना समयमै प्राप्त हुने व्यवस्था मिलाई सोधभर्ना नपाएका कारण नेपाल सरकारको स्रोतमा पर्ने अतिरिक्त भार न्यून गर्ने निर्देशन दिएको छ । बैठकले सबै वैदेशिक सहायता प्रतिबद्धता, वास्तविक प्राप्ति, खर्च, उपयोग र सोधभर्नाको एकीकृत अभिलेख राख्ने तथा सम्बन्धित सूचना प्रणालीमा अनिवार्य रूपमा अध्यावधिक गर्ने व्यवस्था मिलाउने र 'डेभलपमेन्ट फाइनान्स इन्फरमेसन म्यानेजमेन्ट सिस्टम' सूचना



प्रणालीमा सबै वैदेशिक सहायता अनिवार्य दर्ता गरी सोहीमार्फत मात्र आयोजना स्वीकृति गर्ने व्यवस्था लागू गर्न निर्देशन दिएको छ ।

त्यस्तै सरकारी प्रणालीप्रतिको विश्वास बढाउन खरिद प्रक्रिया, लेखा परीक्षण र राष्ट्रिय कोष व्यवस्था प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाई अन्तर्राष्ट्रियस्तरको बनाउने निर्णय भएको छ । साथै बिहीबारको बैठकले वैदेशिक सहायताबाट सञ्चालित आयोजना निर्धारित समय र लागतभित्र सम्पन्न हुने गरी आयोजना व्यवस्थापन, अनुगमन तथा कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने निर्णय गरेको छ । बैठकले वैदेशिक परामर्श सेवा लिँदा लाभ-लागत विश्लेषण गर्ने र नयाँ प्रविधि, सीप तथा ज्ञान हस्तान्तरण हुने र जटिल प्राविधिक कार्य आवश्यक पर्ने अवस्थामा मात्र त्यस्तो सेवा लिने नीति अवलम्बन गर्न निर्देशन दिएको छ ।

बैठकले ९ बुँदे निर्देशन कार्यान्वयन गर्न अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय तथा प्रदेश, स्थानीय तहसँग आवश्यक समन्वय गरी स्पष्ट कार्ययोजना तयार गर्न र समितिलाई निर्णय कार्यान्वयनको प्रगति तथा अफ-बजेट वैदेशिक सहायताको अध्यावधिक विवरण नियमित उपलब्ध गराउन पनि अनुरोध गरेको छ । समितिले आगामी दिनमा वैदेशिक सहायता राष्ट्रिय प्राथमिकता, बजेट प्रणाली, सार्वजनिक कोष, पारदर्शिता, लेखा परीक्षण र परिणाममुखी खर्चको सिद्धान्तअनुसार परिचालन हुने गरी आवश्यक नीतिगत तथा संस्थागत सुधार गर्न नेपाल सरकारलाई निर्देशन दिने निर्णय गरेको छ ।

## वैदेशिक सहायताको प्रभावकारी उपयोगमा जोड

अर्थमन्त्री स्वर्णिम वाग्लेले वैदेशिक सहायताको प्रभावकारी उपयोग तथा खर्च क्षमता बढाउनुपर्नेमा जोड दिएका छन् । सार्वजनिक लेखा समितिको बिहीबारको बैठक उनले वैदेशिक अनुदानको मात्रा घट्दो क्रममा रहेको र खर्च पनि कम भएको वास्तविकता सुनाएका हुन् । अर्थमन्त्री वाग्लेले चालु बजेटमा वैदेशिक ऋण २ खर्ब ४७ अर्ब र अनुदान ६२ अर्ब रुपैयाँ प्रक्षेपण गरिए पनि अनुदानको वास्तविक प्राप्ति १० देखि १५ अर्बमा सीमित रहेको बताए । विश्व बैंक र एसियाली विकास बैंकबाट मुलुकले सहुलियतमा ऋण प्राप्त गर्दै आएको तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेको नेपाललाई सहुलियतमा ऋण प्राप्त नहुने परिस्थिति सृजना भएको अर्थमन्त्रीले बताए । बितेका ५० वर्षमा नेपालले प्रशस्त सहुलियतपूर्ण ऋण प्राप्त गरेको तर खर्च क्षमता नहुँदा, खरिद प्रक्रिया र प्रशासनिक ढिलासुस्तीका कारण त्यसको प्रभावकारी उपयोग हुन नसकेको बताए । बैठकमा महालेखापरीक्षक तोयम रायले वैदेशिक सहायतामा सञ्चालन हुने परियोजनाको रकम समयमै खर्च हुने वातावरण बनाउनुपर्ने बताए । महालेखा नियन्त्रक कार्यालयका सहसचिव विष्णु ज्ञवालीले वैदेशिक सहायतामा सञ्चालन हुने १४ अर्ब ९२ करोड रुपैयाँ लागतका १५२ आयोजना अलपत्र भएका जानकारी दिए ।

# गभर्नरको कार्यकाल ३ वर्ष बनाउने सहमति



■ सौर्य समाचार

काठमाडौं । नेपाल राष्ट्र बैंकका गभर्नर र सञ्चालक समितिका सदस्यको कार्यकाल ३ वर्षमा सीमित गरिने भएको छ । अर्थ समितिको बिहीबारको बैठकमा गभर्नर र सञ्चालकहरूको ५ वर्षको कार्यकाललाई ३ वर्षमा सीमित गर्न सहमति भएको हो । समितिका सभापति कृष्णहरि बुढाथोकीका अनुसार नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि भएको छलफलमा गभर्नरको कार्यसम्पादन सन्तोषजनक भएमा २ वर्ष पदावधि थप्न सकिने प्रस्ताव गरिएको हो ।

विद्यमान ऐनअनुसार गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको कार्यकाल ५ वर्षको हुने व्यवस्था छ । गभर्नरलाई १ पटकका लागि र सञ्चालकलाई जतिसुकै पटकका लागि पुनः नियुक्ति गर्न सकिने व्यवस्था छ । गभर्नरसँगै डेपुटी गभर्नरको पदावधि ३ वर्षम नै कायम गर्ने सहमति भएको छ । राष्ट्र बैंक ऐन संशोधन विधेयकमाथिको छलफलमा बिहीबार अर्थ समितिले गभर्नर र डेपुटी गभर्नरको पदावधि ३ वर्षमा झार्ने सहमति दिएको हो ।

राष्ट्र बैंक सञ्चालक समितिको कार्यकालसमेत ३ वर्ष कायम गर्न सरकारले गरेको प्रस्तावमा अर्थ समितिले सहमति दिएको छ । तथापि, कार्यसम्पादन मूल्यांकनका आधारमा उचित लागे सरकारले गभर्नर, डेपुटी गभर्नर र सञ्चालकलाई थप २ वर्षका लागि पुनः नियुक्ति गर्न सक्ने सुविधासमेत प्रदान गरिएको छ ।

**डेपुटी गभर्नर रावलले सम्हाले कार्यभार**

नेपाल राष्ट्र बैंकका नवनियुक्त डेपुटी गभर्नर दीर्घबहादुर रावलले बिहीबार पद तथा गोपनीयताको शपथ लिएसँगै पदबहाली गरेका छन् । रावलले राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलसमक्ष शपथ लिएका हुन् । नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ ३ गतेको निर्णयअनुसार रावल डेपुटी गभर्नरमा नियुक्त भएका थिए ।

रावलले २०६२ माघ २ गते सहायक निर्देशकका रूपमा राष्ट्र बैंक सेवा प्रवेश गरेका थिए । त्यसपछि २०६९ मा उपनिर्देशक, २०७५ मा निर्देशक हुँदै २०८२ जेठ १९ गते कार्यकारी निर्देशकमा पदोन्नति भएका थिए । कार्यकारी निर्देशक भएपछि रावलले राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागको नेतृत्व गर्दै आएका थिए । राष्ट्र बैंकभित्रकै लामो अनुभवसहित उनी डेपुटी गभर्नरको जिम्मेवारीमा पुगेका हुन् । राष्ट्र बैंकमा २ जना डेपुटी गभर्नर रहने व्यवस्था छ । यसअघि रिक्त रहेको एक पदमा सरकारले किरण पण्डितलाई नियुक्त गरिसकेको थियो । रावलको नियुक्तिसँगै राष्ट्र बैंकको डेपुटी गभर्नर पदमा नेतृत्व संरचना थप पूर्ण भएको छ । डेपुटी गभर्नरले गभर्नरलाई मौद्रिक नीति, बैंक तथा वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण, विदेशी विनिमय व्यवस्थापन तथा वित्तीय स्थायित्वलगायतका विषयमा सहयोग गर्ने जिम्मेवारी सम्हाल्छन् ।

# भन्सारलाई थप प्रभावकारी बनाउन ४ देशबीच समझदारी

■ सौर्य समाचार

काठमाडौं । दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (एसएएसईसी) अन्तर्गत नेपालसहित ४ मुलुकका भन्सार प्रशासनबीच मालवस्तुको पूर्वआगमन सूचना आदानप्रदान गर्ने समझदारी भएको छ । भन्सार विभागका अनुसार नेपाल, भुटान, बंगलादेश र माल्दिभ्सका भन्सार प्रशासनबीच व्यापार सहजीकरण तथा भन्सार नियन्त्रणलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस्तो सम्झौता गरिएको हो ।

माल्दिभ्समा आयोजित एसएएसईसीको १४औं 'कस्टम सबग्रुप मिटिङ'मा ४ देशका भन्सार प्रशासनका प्रतिनिधिले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक यमलाल भुसालले समझदारीपत्रमा हस्ताक्षर गरे । व्यापारिक साझेदार मुलुकबीच निकासी गरिने वस्तुको अग्रिम तथ्यांक आदान-प्रदान गरी जोखिम व्यवस्थापनमार्फत व्यापार सहजीकरण गर्ने अभ्यास अन्तर्राष्ट्रियस्तरमा छ । नेपाल, भुटान, बंगलादेश र माल्दिभ्सबीच भएको पछिल्लो समझदारीले पनि यही अभ्यासलाई क्षेत्रीयस्तरमा विस्तार गर्नेछ ।

मालवस्तु भन्सार कार्यालयमा आइपुग्नुअघि नै त्ससम्बन्धी सूचना सदस्य राष्ट्रहरूलाई उपलब्ध हुने भएकाले जोखिम विश्लेषण तथा व्यवस्थापन गर्न सहज हुनेछ । विज्ञप्तिमा भनिएको छ, 'यसबाट मालवस्तु भन्सार कार्यालयमा आइपुग्नु अघि नै उपलब्ध सूचनाको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न, भन्सारको नियन्त्रणलाई थप प्रभावकारी बनाउन तथा छिटो र सहज रूपमा वस्तु जाँचपास गर्न सहयोग पुग्नेछ ।'

पूर्वआगमन सूचना आदान-प्रदानबाट व्यापारिक प्रक्रियामा लाग्ने समय तथा लागत घट्नुका साथै वैदेशिक व्यापारलाई थप सहज, पारदर्शी र पूर्वानुमानयोग्य बनाउन सहयोग पुग्ने विभागको अपेक्षा छ । नेपालले यसअघि भारतसँग पनि यस्तै प्रकृतिको समझदारी गरिसकेको छ । गत माघको पहिलो साता भारतको नयाँदिल्लीमा नेपालका भन्सार विभाग र भारतीय केन्द्रीय अप्रत्यक्ष कर तथा सीमा शुल्क बोर्डबीच पूर्वआगमन सूचना आदान-प्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

नेपाल र भारतबीच भएको समझदारीले दुवै देशका भन्सार प्रशासनबीचको सम्बन्ध थप बलियो बनाउने तथा निकासी हुने वस्तुको आगमनपूर्व तथ्यांक आदान-प्रदानमार्फत जोखिम विश्लेषण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको थियो । आगमनपूर्वको तथ्यांकका आधारमा जोखिम देखिएका वस्तुलाई निगरानी तथा नियमन गर्न सहज हुने र सही कारोबार गर्ने व्यवसायीलाई थप सहजीकरण गरी भन्सार जाँचपास छिटो, छरितो र सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०५ गतेको सौर्य राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय पोखरा, कास्कीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०५/११ गते/स्थान : शाखा कार्यालय पोखरा, कास्की | २०८३/०५/१५ गते, सोमबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : पोखरा, कास्की | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : वि एण्ड डि ट्रेड लिंक**<br>नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>दर्ता नं. १५०२७/०७५/०७६, दर्ता मिति : २०७५/०४/२५, पान नं. ६०८१९५२६१, दर्ता मिति : २०७५/०४/२७<br>ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९, सैनिकबस्ती<br>**प्रोप्राइटरहरु : संगिता अधिकारी न्यौपाने र शिव कुमारी अधिकारी तिवारी** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : संगिता अधिकारी न्यौपाने**<br>ना.प्र.नं. ४६१०२७/८५५, जि.प्र.का. कास्की<br>जारी मिति : २०६८/०१/२७<br>पतिको नाम : राधाकृष्ण अधिकारी<br>ससुराको नाम : बैकुण्ठराज अधिकारी<br>ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ६<br>हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९ | **२. नाम : शिव कुमारी अधिकारी तिवारी**<br>ना.प्र.नं. १११२४४, जि.प्र.का. कास्की<br>जारी मिति : २०५७/०९/१६<br>पतिको नाम : शिव प्रसाद तिवारी<br>ससुराको नाम : तिल प्रसाद तिवारी<br>ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३१ |
| | **३. नाम : बैकुण्ठराज अधिकारी**<br>ना.प्र.नं. १४५१८५, जि.प्र.का. कास्की<br>जारी मिति : २०६०/११/२४<br>बाबुको नाम : विश्वनाथ अधिकारी<br>बाजेको नाम : ईश्वरी अधिकारी<br>ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ७<br>हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ | **४. नाम : राजुराम अधिकारी**<br>ना.प्र.नं. १५९८ जि.प्र.का. कास्की<br>जारी मिति २०४९/१२/२२<br>बाबुको नाम : बैकुण्ठराज अधिकारी<br>बाजेको नाम : विश्वनाथ अधिकारी<br>ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ६<br>हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ |
| | **५. नाम : राधाकृष्ण अधिकारी**<br>ना.प्र.नं. ५७१५४, जि.प्र.का. कास्की<br>जारी मिति : २०५४/०७/११<br>बाबुको नाम : बैकुण्ठ राज अधिकारी<br>बाजेको नाम : विश्वनाथ अधिकारी<br>ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ६<br>हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ | **६. नाम : शिव प्रसाद तिवारी**<br>ना.प्र.नं. ७१९३८, जि.प्र.का. कास्की<br>जारी मिति : २०५५/०३/१०<br>बाबुको नाम : तिल प्रसाद तिवारी<br>बाजेको नाम : नन्द प्रसाद तिवारी<br>ठेगाना : कास्की जिल्ला, लेखनाथ गा.वि.स. वडा नं. ९<br>हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३१ |
| | **धितोको विवरण** | |
| | १. बैकुण्ठराज अधिकारीको नाममा मालपोत कार्यालय, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ३४४ र ६०० को क्षेत्रफल क्रमशः ३९९.४४ र ९२०.१० ब.मी. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. राजुराम अधिकारीको नाममा मालपोत कार्यालय, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १२०२ र १५१७ को क्षेत्रफल क्रमशः ७३७.२४ र ३९.७४ ब.मी. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पोखरा, कास्की, फोन नं. ०६१/५८७९६०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# नाडाको स्वर्ण जयन्तीमा १८औं अटो शो




■ सौर्य समाचार

काठमाडौं । नेपालको अटोमोबाइल व्यवसायको छाता संगठन नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले स्थापनाको ५० वर्ष पूरा गरेको अवसरमा 'एचपी ल्युब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो शो २०२६' आयोजना गर्ने भएको छ । स्वर्ण जयन्ती संस्करणका रूपमा आयोजना हुने अटो शो ९ देखि १४ भदौसम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन हुनेछ । २५ देखि ३० अगस्टसम्म सञ्चालन हुने प्रदर्शनीमा २०० भन्दा बढी स्टल रहने नाडाले जनाएको छ ।

सन् १९७५ मा सीमित सवारीसाधन आयातकर्ता तथा व्यवसायीको पहलमा स्थापना भएको नाडाले ५ दशक पूरा गरेको अवसरमा यस वर्षको अटो शोलाई विशेष बनाएको हो । प्रदर्शनीमा २३ वटा चारपांग्रे यात्रुवाहक ब्रान्ड, १७ वटा हलुका तथा साना-मझौला व्यावसायिक सवारीसाधनका ब्रान्ड र १३ वटा दुईपांग्रे ब्रान्ड सहभागी हुनेछन् । त्यस्तै, पार्ट्स, टायर, ब्याट्री, ल्युब्रिकेन्ट, चार्जिङ पूर्वाधार तथा ग्यारेज उपकरणसँग सम्बन्धित करिब ७० कम्पनीको सहभागिता रहनेछ । बैंक, वित्तीय संस्था तथा बिमा कम्पनी गरी थप १० संस्थाले पनि प्रदर्शनीमा सहभागिता जनाउने नाडाले जनाएको छ ।

नाडाका अनुसार ५ दशकमा नेपालको अटोमोबाइल क्षेत्रको आकार उल्लेख्य रूपमा विस्तार भएको छ । हालसम्म नेपालमा करिब ५५ लाख सवारीसाधन दर्ता भइसकेका छन् । पछिल्ला ५ आर्थिक वर्षमा मात्रै करिब ४ खर्ब ७० अर्ब रुपैयाँ बराबरका सवारीसाधन तथा सम्बन्धित सामग्री आयात भएका छन् । यसबाट सरकारले करिब ३ खर्ब ५१ अर्ब रुपैयाँ भन्सार राजस्व प्राप्त गरेको नाडाले जनाएको छ । हालसम्म नेपालमा करिब ६३ हजार विद्युतीय सवारीसाधन भित्रिइसकेको र तिनका लागि करिब २ हजार चार्जिङ स्टेसन निर्माण भइसकेको नाडाले जनाएको छ ।

# तयारी अभाव भएको भन्दै बिपिएल स्थगनको घोषणा

## जहाँ सन्दीप पनि खेल्ने तयारीमा थिए

**सौर्य समाचार**

काठमाडौं । बंगलादेश क्रिकेटको सबैभन्दा ठुलो फ्रेन्चाइज टी-२० प्रतियोगिता बंगलादेश प्रिमियर लिग (बिपिएल) को यस वर्षको संस्करण आयोजना नहुने भएको छ । पर्याप्त तयारीको अभाव, गुणस्तरीय फ्रेन्चाइज व्यवस्थापन र विदेशी खेलाडीको उपलब्धतासहितका विषयलाई ध्यानमा राख्दै प्रतियोगिता स्थगित गर्ने निर्णय गरिएको बंगलादेशी सञ्चारमाध्यमहरूले जनाएका छन् । बंगलादेश क्रिकेट बोर्ड (बिसिबी) का नवनियुक्त अध्यक्ष तमिम इकबालले उचित तयारी र व्यवस्थापनबिना हतारमा प्रतियोगिता सञ्चालन गर्नु उपयुक्त नहुने निष्कर्षसहित यस वर्ष बिपिएल आयोजना नगर्ने घोषणा गरेका हुन् । उनका अनुसार प्रतियोगितालाई केही समयका लागि थाती राखेर आगामी संस्करणलाई व्यवस्थित, प्रतिस्पर्धात्मक र व्यावसायिक बनाउनेतर्फ बोर्डले ध्यान केन्द्रित गर्नेछ ।

पछिल्लो समय सामाजिक सञ्जाल तथा विभिन्न सञ्चारमाध्यममा बिपिएल सधैँका लागि रद्द भएको वा प्रतियोगिता नै खारेज गरिएको भन्ने हल्ला फैलिएपछि बंगलादेश क्रिकेट बोर्डले भने त्यसको खण्डन गरेको छ । बोर्डका अनुसार बिपिएल स्थायी रूपमा बन्द गरिएको होइन । आवश्यक तयारी पूरा गरी आगामी दिनमा प्रतियोगिता पुनः सञ्चालन गर्ने योजना रहेको छ । क्रिकेटसम्बन्धी पोर्टल क्रिकफ्रेन्जीका अनुसार अध्यक्ष इकबालले प्रतियोगिता सञ्चालनका लागि पर्याप्त तयारी आवश्यक रहेको बताएका छन् । विशेषगरी गुणस्तरीय विदेशी खेलाडीको सहभागिता, बलियो फ्रेन्चाइज व्यवस्थापन, व्यावसायिक संरचना तथा प्रतियोगिता सञ्चालनसँग सम्बन्धित अन्य पक्षलाई व्यवस्थित गरेपछि मात्र बिपिएललाई निरन्तरता दिने बोर्डको योजना छ ।

बिपिएलको पछिल्लो इतिहास भने विवादरहित छैन । सन् २०२६ को जनवरीमा सम्पन्न १२औँ संस्करणमा खेलाडी र बोर्डका वरिष्ठ अधिकारीबीच विवाद उत्पन्न भएको थियो । तत्कालीन बोर्ड अधिकारीहरूले गरेको अभिव्यक्तिप्रति असन्तुष्ट खेलाडीहरूले केही खेल बहिष्कार गर्ने निर्णय लिएपछि प्रतियोगिताको तालिका प्रभावित भएको थियो । केही खेल स्थगित गरेर नयाँ तालिका बनाउनुपरेको थियो । पछि खेलाडी संघ र बोर्डबीच सहमति भएपछि प्रतियोगिता पुनः सञ्चालन गरिएको थियो । सो संस्करणको फाइनल खेल जनवरी २३, २०२६ मा सम्पन्न भएको थियो, जसमा राजशाही वारियर्सले उपाधि जितेको थियो । प्रतियोगिताको पछिल्लो विवाद र व्यवस्थापनसम्बन्धी समस्यालाई समेत ध्यानमा राख्दै बोर्डले यसपटक हतार नगरी आन्तरिक सुधारमा जोड दिएको बताइएको छ ।

विश्लेषकहरूका अनुसार बिपिएल स्थगनको निर्णय प्रतियोगितालाई कमजोर बनाउनेभन्दा पनि यसको संरचना सुधार गर्ने उद्देश्यमा केन्द्रित छ । बोर्डले आन्तरिक प्रशासन सुधार, भ्रष्टाचार नियन्त्रण, फ्रेन्चाइजहरूलाई थप व्यावसायिक बनाउने तथा प्रतियोगितासँग सम्बन्धित पूर्वाधार र रंगशालाको अनुभव सुधार गर्ने विषयलाई प्राथमिकतामा राखेको छ । यसैबीच, सन् २०२६ को बिपिएलमा नेपालका एकदिवसीय कप्तान तथा स्टार लेग-स्पिनर सन्दीप लामिछाने पनि आबद्ध भएका थिए । उनलाई राजशाही वारियर्सले ड्राफ्टभन्दा बाहिरबाटै सिधै अनुबन्ध गरेको थियो । यसैले सन्दीप सो प्रतियोगिता खेल्ने तयारीमा थिए ।

त्यसैले बिपिएल स्थगनको निर्णयले नेपाली क्रिकेट समर्थकमाझसमेत चासो बढाएको छ । सन्दीपले यसअघि २ पटक बिपिएल खेलिसकेका छन् बंगलादेश क्रिकेट बोर्डले आगामी संस्करणलाई थप व्यवस्थित र आकर्षक बनाउने तयारीसहित प्रतियोगिता पुनः सञ्चालन गर्ने संकेत गरेको छ । त्यसका लागि फ्रेन्चाइज छनोटदेखि खेलाडी व्यवस्थापन, विदेशी खेलाडीको सहभागिता, प्रतियोगिता सञ्चालन र भ्रष्टाचार नियन्त्रणसम्मका पक्षमा सुधार आवश्यक रहेको बोर्डको निष्कर्ष छ ।



# ताप्लेजुङ गोल्डकपको खेल तालिका पर्यटकीय क्षेत्रबाट सार्वजनिक




ताप्लेजुङ । यहाँ सञ्चालन हुने अन्तर्राष्ट्रिय आमन्त्रण चौथो ताप्लेजुङ गोल्डकपको खेल तालिका सार्वजनिक गरिएको छ । खेलसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले प्रतियोगिताको तालिका फक्ताङलुङ गाउँपालिकास्थित सिङ्जेमा ताल, साम्दो पोखरी, दिकीछ्योखोर्लिङ गुम्बा तथा मिक्वाखोलाको पापुङस्थित लोदेन क्षेत्रमा पुगेर सार्वजनिक गरिएको हो ।

आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष सागर मादेनका अनुसार सार्वजनिक खेल तालिकाअनुसार भदौ १२ गते ताप्लेजुङ-११ र भारतको जर्जियन युनाइटेड फुटबल क्लबबीच उद्घाटन खेल हुनेछ । त्यस्तै भदौ १३ गते चित्लाङ फुटबल क्लब (मकवानपुर) र फिदिम स्पोर्टिङ क्लब (पाँचथर) बीच खेल हुनेछ । भदौ १४ गते सातदोबाटो फुटबल क्लब (ललितपुर) र सलहेश युवा क्लब (सिरहा), भदौ १५ गते झापा-११ र नेपाल पुलिस क्लबबीच खेल हुनेछ । सलहेश युवा क्लब गत वर्षको विजेता टोली हो । प्रतियोगिताका सेमिफाइनल खेल भदौ १६ र १७ गते तथा फाइनल खेल भदौ १९ गते सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले ७ लाख ५२ हजार ८३ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ३ लाख ५२ हजार ८३ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

लाखेजात्रा पर्वको अवसरमा २०२९ सालदेखि कञ्चनजंघा, पाथीभरालगायत विभिन्न नाममा यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ । ताप्लेजुङ गोल्डकप पूर्वी पहाडी क्षेत्रको बहुप्रतिक्षित फुटबल प्रतियोगिताका रूपमा स्थापित छ । प्रतियोगिता हेर्न झापा, इलाम, पाँचथर, तेह्रथुमलगायत जिल्लाबाट दर्शक आउने समितिका अध्यक्ष मादेनले बताए । यस वर्ष प्रतियोगिता अवलोकन गर्ने दर्शकका लागि टिकट दरसमेत निर्धारण गरिएको अध्यक्ष मादेनले बताए । उनका अनुसार क्वार्टरफाइनलका लागि २००, सेमिफाइनलका लागि ३०० र फाइनलका लागि ५०० टिकट दर निर्धारण गरिएको छ ।

# मार्वलस र रेडियन्ट सेमिफाइनलमा

काठमाडौं । मार्वलस र रेडियन्ट पब्लिक १३औँ ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । बाफलस्थित आयोजक ग्रिनफिल्डको हलमा भएको क्वाटरफाइनलमा मार्वलसले संस्कृति इन्टरनेसनल स्कुललाई ६६-४० तथा रेडियन्टले इनोभेटिभलाई ४७-२४ ले पराजित गरे । मार्वलसका सिनेप शाहीले ३२ तथा रेडियन्टका सुगम मगरले २० अंक जोडे । सोही स्पर्धामा सनसाइनले केभिएसलाई ४९-४४ तथा पुष्पसदनले गण्डकीलाई ५५-४५ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । सनसाइनका उमंग श्रेष्ठले १९ तथा पुष्पसदनका सम्राट लामाले १६ स्कोर गरे । सेमिफाइनलमा रेडियन्टको भेट पुष्पसदनसँग हुनेछ भने मार्बलसले सनसाइनको सामना गर्नेछ ।

जुनियर ब्वाइजमा एन्जल्स हार्टले नेपालयलाई ३९-२४, ज्ञान निकेतनले नवीन ज्योतिलाई ३१-२२ र इडेन ब्रिज एकेडेमी (इबिए) ले महामञ्जुश्रीलाई ५१-४६ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । एन्जल्स हार्टका सौरव श्रेष्ठले ११, ज्ञान निकेतनका सुमन तामाङले १६ र इबिएका उज्ज्वल राउतले ३० अंक जोडे । आयोजक ग्रिनफिल्ड सेमिफाइनलमा पुगिसकेको छ । जुनियर ब्वाइजको सेमिफाइनल ग्रिनफिल्ड र एन्जल्स हार्ट तथा इबिएले ज्ञान निकेतन विरुद्ध प्रतिस्पर्धा गर्नेछन् । सिनियर गर्ल्समा भ्याली पब्लिकले केभीएसलाई २७-१४, इबीएले ज्ञानोदयलाई ३४-१० र स्वर्णिमले नवीन ज्योतिलाई २९-२४ ले पन्छ्याउँदै सेमिफाइनल यात्रा तय गरे । भ्याली पब्लिककी दृष्य गुरुङले १०, इबिएकी अनामिका पटेलले १२ र स्वर्णिमकी हिसी ल्हामु लामाले १२ स्कोर गरे । रेडियन्ट पब्लिकले यसअघि नै सेमिफाइनलमा स्थान पक्का गरिसकेको छ । सेमिफाइनल भ्याली पब्लिक र इबिए तथा स्वर्णिम र रेडियन्टबीच हुनेछ ।



# ला लिगामा एट्लेटिकोको विजयी सुरुआत

**सौर्य समाचार**

काठमाडौं । स्पेनिस ला-लिगाको नयाँ सिजन २०२६-२७ मा एट्लेटिको म्याड्रिडले विजयी सुरुआत गरेको छ । बुधबार राति घरेलु मैदानमा भएको खेलमा एट्लेटिकोले मालागालाई २-० गोलले पराजित गर्दै सिजनको पहिलो खेलमै ३ अंक जोडेको हो । एट्लेटिकोको जितमा वैकल्पिक खेलाडी ली काङ इन र एलेक्स बाइना नायक बने । दुवैले समान १ गोल गर्दै टोलीलाई सहज जित दिलाए । पहिलो हाफमा घरेलु टोलीले लगातार प्रयास गरे पनि गोल गर्न सकेन । गोलविहीन पहिलो हाफपछि एट्लेटिकोका प्रशिक्षक डिएगो सिमोनीले खेलाडी परिवर्तन गरेका थिए । त्यसक्रममा मैदान प्रवेश गरेका इनले ७०औँ मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए । उनले डेविड ह्यान्कोको पासलाई सदुपयोग गरेका थिए ।

त्यसको १५ मिनेटपछि बाइनाले एट्लेटिकोको अग्रता दोब्बर बनाए । उत्तर अमेरिकामा सम्पन्न विश्वकपमा स्पेनले उपाधि जित्दा टोलीका महत्वपूर्ण सदस्य रहेका बाइनाले ८५औँ मिनेटमा गोल गरेका हुन् । करिब ६५ हजार घरेलु समर्थकको उपस्थितिमा एट्लेटिकोले अन्तिमसम्म अग्रता जोगाउँदै ३ अंक सुरक्षित गऱ्यो । क्लब छाड्ने इच्छा व्यक्त गरिरहेका जुलियन अल्भारेज भने यस खेलमा टोलीमा पर्न सकेनन् । पहिलो खेलमा २ गोलसहित ३ अंक जोडेको एट्लेटिको लिग तालिकाको तेस्रो स्थानमा रहेको छ । मालागाले भने हारबाट नयाँ सिजनको सुरुआत गरेको छ । एट्लेटिकोले अब दोस्रो खेलमा अगस्ट २३ मा भिल्लारियालसँग प्रतिस्पर्धा गर्नेछ ।



# पेन्सन पट्टामा दर्शकले आफ्नै समाज र परिवेशको झझल्को पाउने




**सौर्य समाचार**

गण्डकी । यही २६ भदौदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'पेन्सन पट्टा' नेपाली समाजको जीवन्त कथामा आधारित रहेकाले दर्शकको मन जित्ने विश्वास निर्माण पक्ष र कलाकारले गरेका छन् । चलचित्रबारे जानकारी दिन बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाटमा अभिनेता दयाहाङ राईले चलचित्र हेर्दा दर्शकले आफ्नै समाज र परिवेशको झझल्को पाउने बताए । 'चलचित्रले प्रेम, भावना, सम्बन्ध र समाजको संरचनालाई सरल ढंगले प्रस्तुत गरेको छ,' उनले भने । ३०-४० वर्षअघिको नेपाली समाजमा पेन्सन पट्टाको भूमिका निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले भूतपूर्व गोर्खाली सैनिकले समाज र देशका लागि दिएको योगदान सम्झनलायक रहेको बताए । 'पेन्सन पट्टा'ले केवल एउटा परिवारको कथा मात्र नभनी समाजभित्रका व्यथा र मनोविज्ञानलाई प्रतिनिधित्व गर्ने अभिनेता राईको भनाइ छ । 'चलचित्रमा निभाएको चरित्रमार्फत आमनेपाली समाजलाई थोरै भए पनि बुझ्न पाएको छु । पेन्सन पट्टा निकै सरल रूपमा प्रस्तुत गरिएको कथा हो । हरेक वर्गका मानिसले बुझ्न सक्छन्,' उनले भने । चलचित्रका लेखक तथा निर्देशक माओत्से गुरुङले आमाले पेन्सन नपाउँदा नेपाली समाजका धेरै परिवारले भोगिरहेको समस्यालाई कथाको आधार बनाइएको बताए । गोर्खालीको मृत्युपछि उसको परिवारले पेन्सनबापत पाउने सुविधालाई सहज रूपमा ग्रहण गर्न नसक्दा उत्पन्न हुने समस्या, उतारचढाव र सामाजिक परिवेशलाई चलचित्रमा प्रस्तुत गरिएको उनको भनाइ छ ।

निर्देशक गुरुङले आफूहरूले आफ्नै परिवेशको कथा इमानदारीपूर्वक प्रस्तुत गरेको बताए । चलचित्रकी अभिनेत्री सोल गुरुङले कथा मन परेकै कारण आफू चलचित्रमा जोडिएको बताए । अभिनेत्री मनिका गुरुङले 'पेन्सन पट्टा'को विषयवस्तुले आफूलाई आकर्षित गरेको बताइन् । कास्कीको ताङतिङ र आसपासका क्षेत्रमा छायांकन गरिएको यस चलचित्रमा दयाहाङ राई, गौमाया गुरुङ, विल्सनविक्रम राई, बुद्धि तामाङ, दिवंगत सुनील थापा, माया गुरुङ, विश्वास गुरुङ, सोल गुरुङ, मनिका गुरुङ, डिभी गुरुङ, पञ्चसुब्बा गुरुङ (दिलु) लगायत कलाकारको अभिनय रहेको छ ।

# सांगीतिक प्रस्तुतिका लागि नेपाल आए विनय लश्करी



**सौर्य समाचार**

काठमाडौं । भारतीय कलाकार विनय लश्करी आफ्नो सम्पूर्ण टोलीसहित विशेष सांगीतिक प्रस्तुतिका लागि बिहीबार नेपाल आइपुगेका छन् । नेपाल आएका लश्करीलाई एल एन्ड एन एजेन्सीका निर्देशक नितेन कायस्थ तथा एभेन्टोज नेपालका निर्देशक डेभिलसिंह राजपुतसहित एलएन्डएन एजेन्सीको सम्पूर्ण टोलीले स्वागत गरेको हो । विनय लश्करीको विशेष सांगीतिक कार्यक्रम 'लश्करी लाइभ इन नेपाल' आज काठमाडौंको ओम्निया द क्लब, ठमेलमा आयोजना हुँदैछ । लश्करी आफ्नो विशेष संगीत तथा ऊर्जावान प्रस्तुतिका कारण युवापुस्तामाझ लोकप्रिय छन् ।

नेपालमा हुन लागेको उनको विशेष प्रस्तुतिलाई लिएर नेपाली संगीतप्रेमी तथा युवामाझ उत्साह बढेको छ । कार्यक्रममा लश्करीले आफ्ना चर्चित गीत तथा विशेष सांगीतिक प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गर्ने अपेक्षा गरिएको छ । कलाकार आफ्नो सम्पूर्ण टोलीसहित नेपाल आइपुगेपछि कार्यक्रमको तयारीसमेत अन्तिम चरणमा पुगेको आयोजक पक्षले जनाएको छ । ठमेलस्थित ओम्निया द क्लबमा आयोजना हुने उक्त कार्यक्रम नेपाली दर्शकका लागि विशेष सांगीतिक साँझ बन्ने अपेक्षा गरिएको छ ।

# काठमाडौंमा बंगलादेश र चीनका तस्बिर प्रदर्शनी



**सौर्य समाचार**

काठमाडौं । राष्ट्रिय फोटो पत्रकार समूह, नेपाल र बंगलादेश फोटो पत्रकार संघको संयुक्त आयोजनामा १८७औँ विश्व फोटो पत्रकारिता दिवसका अवसरमा विशेष फोटो प्रदर्शनी गरिएको छ । 'ब्युटिफुल बंगलादेश' शीर्षकमा तथा नेपाली फोटो पत्रकारहरूले चीन भ्रमणका क्रममा खिचेका चीनका तस्बिर बुधबार बसन्तपुर (हनुमानढोका) परिसरमा प्रदर्शन गरिएको हो । चाइना कल्चर सेन्टरसँगको सहकार्यमा आयोजना भएको प्रदर्शनीले नेपाल, बंगलादेश र चीनबीचको पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदान-प्रदान, फोटो पत्रकारिता तथा आपसी भाइचारा र सम्बन्धलाई थप सुदृढ बनाएको आयोजकको विश्वास छ ।

संसारभर हरेक वर्ष अगस्ट १९ मा विश्व फोटोग्राफी दिवस मनाइन्छ । यसको ऐतिहासिक आधार सन् १८३९ अगस्ट १९ मा फ्रान्स सरकारले डागेरोटाइप फोटोग्राफी प्रक्रियालाई सार्वजनिक गरेको घटनालाई मानिन्छ । नेपालमा भने हरेक वर्ष वैशाख १३ गते राष्ट्रिय फोटो पत्रकारिता दिवस मनाइन्छ । १९८४ वैशाख १३ गते तत्कालीन गोरखापत्रमा पहिलोपटक समाचारका रूपमा फोटो प्रकाशित भएको ऐतिहासिक घटनाको सम्झनामा यो दिवस मनाउने गरिएको हो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, प्रधान सम्पादक: बोधराज त्रिपाठी